'पर्यटकीय नगरी'

# सूर्योदय नगरपालिका

**फिक्कल, इलाम**

सूर्योदय नगरपालिकाको समृद्धता:
प्राङ्गारिक कृषि, पर्या-पर्यटन र आर्थिक समानता



# आवधिक योजना

## २०७६/७७
## देखि
## २०८१/८२

मुख्यमन्त्री

प्रदेश नं.१, विराटनगर

# शुभकामना

नेपाली जनताको महान त्याग, तपस्या, संघर्ष र वलिदानको प्रतिफलका रुपमा संविधानसभामार्फत जारी गरिएको संवैधानिक व्यवस्था अनुरुप संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट स्वाधिन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रको परिकल्पना गरिएको छ। संघ, प्रदेश र स्थानीय तह गरी एकल र साझा अधिकार सहितका तीन तहको सरकारको व्यवस्था गरी तीनै तहको सरकारको सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्त बमोजिम सञ्चालन हुने व्यवस्था संविधानले गरेको छ। दिगो विकास गरी सुदृढ राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न र त्यसको प्रतिफल जनतामा पुऱ्याउन हाम्रा तीनवटै सरकारवीच संयोजित समन्वय आवश्यक छ।

प्रदेश सरकारले पर्यटकिय नगरी घोषणा गरिसकेको सूर्योदय नगरपालिकामा पर्यटन प्रवर्द्धनका माध्यमबाट नगरपालिकाको आर्थिक समुन्नतिमा अहम भूमिका खेल्ने यस आवधिक योजनाले प्रदेश सरकारको **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** भन्ने सोचलाई मूर्त रुप दिन पनि महत्वपूर्ण योगदान गर्नेछ भन्ने मेरो विश्वास रहेको छ। संघिय सरकार, प्रदेश सरकार र नगरपालिकाको योजनालाई जोड्ने तथा नगरपालिकाले गर्ने कार्यहरुको लागि यो आवधिक योजना महत्वपूर्ण मार्गचित्र हुनेछ। **"सूर्योदय नगरपालिकाको समृद्धता: प्राङ्गारिक कृषि, पर्यापर्यटन र आर्थिक समानता"** भन्ने सोचलाई साकार पार्न यस आवधिक योजना कोशेढुङ्गा सावित रहोस् भनी शुभेच्छा व्यक्त गर्दछु।

पर्यटकीय नगरी सूर्योदय नगरपालिकाको आर्थिक वर्ष ०७६/७७ देखि ०८१/८२ सम्मको अवधिलाई समेटेर पहिलो पञ्चवर्षिय आवधिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको खवरले मलाई हर्षित तुल्याएको छ। सूर्योदय नगरपालिकाका नगरप्रमुख श्री रणबहादुर राईज्यू तथा समग्र जनप्रतिनिधि र नगरवासीहरुमा प्रदेश सरकारका तर्फबाट बधाई एवं शुभकामना व्यक्त गर्दै नगरपालिकाको विकासको लागि मार्गचित्र सहितको यस आवधिक योजनाको नतिजा उन्मुख कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु।

**१० साउन, २०७८**

**शेरधन राई**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको छ। संविधानले राज्यको संरचना र राज्यशक्तिको बाडँफाडँ तीनै तहको एकल तथा साझा अनुसूची अनुसार हुने व्यवस्था गरेको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारको अन्तरसम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो विकास, सुशासन, समृद्धिको आकांक्षा पुरा गर्नको लागि सङ्घ, प्रदेश र स्थानीय तहको नीति, योजना, बजेट तथा कार्यक्रममा सामञ्जस्यता हुनु आवश्यक छ। सङ्घीय सरकारले लिएको "समृद्ध नेपाल, सुखी नेपाली", प्रदेश सरकारले लिएको "स्वच्छ, सुखी र समुन्नत प्रदेश" र सूर्योदय नगरपालिकाले लिएको "सूर्योदयको समृद्धता : प्राङगारिक कृषि, पर्यापयर्टन र आर्थिक समानता" भन्ने सोचलाई साकार पार्न र प्रभावकारी रुपमा सार्वजनिक वित्त व्यवस्थापनमा अन्तरसम्बन्ध हुन जरुरी छ।

हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको पहिलो निर्वाचित स्थानीय सरकार पनि हो। पहिलो स्थानीय सरकार भएको हुनाले यो नयाँ अभ्यास पनि हो। सरकार संचालनको निम्ति कानूनहरू निर्माण गर्दै सफल कार्यान्वयनको निम्ति नगरपालिकाले आफ्नो जिम्मेवारी प्रभावकारी रुपमा निर्वाह गरिरहेको छ। नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र सम्पूर्ण क्षेत्रको विकासको लागि बार्षिक, मध्यमकालीन खर्च संरचना, आवधिक योजना र दीर्घकालीन सोच तर्जुमा गरी कार्यान्वय गर्नुपर्ने कानूनी व्यवस्था छ। साथै नगरपालकाले निर्माण गरेको कानूनहरू नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, सूर्योदय नगरपालिकाको सुशासन व्यवस्थापन तथा संचालन ऐनले समेत नगरपालिकाले आवधिक योजना तयार गरी तुरुन्तै कार्यान्यिवन गर्ने भन्ने व्यवस्था गरेको छ।

यिनै व्यवस्था अनुसार पर्यटकीय नगरी सूर्योदय नगरपालिकाको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको पहिलो जननिर्वाचित जनप्रतिनिधिको पहिलो आवधिक योजना(०७७/०७८-०८१/०८२) निर्माण भइ कार्यान्वयनमा रहेको छ। एक वर्षको सफल कार्यान्वयन पछि मध्यमकालीन खर्च संरचना र आवधिक योजना बीचको अन्तर सम्वन्धलाई तादात्म्यता राखी बार्षिक विकास कार्यक्रम आ.व.०७८/८९ समेत निर्माण भएको छ। तीन तहको सरकारवीचको बजेट र कार्यक्रमलाई व्यवस्थित गर्न यो आवधिक योजनाले मार्गनिर्देशन गर्नेछ। यो आवधिक योजनाले स्थानीय प्राथमिकता, सङ्घ, प्रदेशको योजनालाई समेत ध्यान दिदै हामीसित भएको श्रोत साधनको उपलब्धता, सङ्घ, प्रदेश, गैरसरकारी संस्थाहरू, नीजि, सहकारी र तिनको अधिकतम परिचालन गर्ने सम्वन्धि प्रष्ट कार्यदिशा स्थापित गर्न यो आवधिक योजनाले महत्वपूर्ण भूमिका खेल्नेछ।

अन्त्यमा, नगरपालिकाको सर्वाङ्गिण विकासको निम्ति आवधिक योजना निर्माणमा नेतृत्वदायी भूमिका खेल्ने कार्यपालिकाको सम्पूर्ण सदस्यहरू, जनप्रतिनिधि, कर्मचारी, विज्ञ तथा संलग्न सबै सङ्घ, संस्था तथा महानुभावहरूप्रति हार्दिक आभार र कृतज्ञता प्रकट गर्दछु।

रणबहादुर राई
नगरप्रमुख

**विषय सूची**

परिच्छेद-१ .......... 1
१.१ ऐतिहासिक चिनारी तथा नामाकरण .......... 1
१.२ प्राकृतिक सम्पदा .......... 1
१.३ सास्कृतिक सम्पदा .......... 2
१.४ जनसंख्या .......... 2
१.५ भू-उपयोग तथा जमिनको स्वामित्व .......... 3
१.६ प्रमुख आर्थिक क्रियाकलाप .......... 3
१.७ कृषी क्षेत्रको अवस्था .......... 4
१.८ पर्यटन क्षेत्र .......... 5
१.९ उद्योग तथा व्यापार .......... 6
१.१० बैंक तथा वित्तीय संस्था .......... 6
१.११ सहकारी सम्बन्धी विवरण .......... 6
१.१२ शैक्षिक अवस्था .......... 6
१.१३ स्वास्थ्य .......... 7
१.१४ खानेपानी तथा सरसफाई .......... 7
१.१५ वन विकास .......... 7
१.१६ सडक तथा यातायात .......... 7
१.१७ ऊर्जा .......... 8
१.१८ मानव संसाधन विकास .......... 8
१.१९ सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर, चुनौति .......... 9
१.२० आवधिक योजना तर्जुमा प्रकृया .......... 11
१.२१ आवधिक योजनाको सीमा .......... 11
परिच्छेद– २ .......... 12
२.१ पृष्ठभूमि .......... 12
२.२ दीर्घकालीन सोच .......... 12
२.३ समष्टिगत लक्ष्य .......... 12
२.४ उद्देश्य .......... 12
२.५ परिमाणात्मक लक्ष्य .......... 12
२.६ वित्तीय व्यवस्थापन .......... 13
२.७ सार्वजनिक क्षेत्रको कुल वित्तीय लगानी .......... 15
२.८ सार्वजनिक खर्चको वर्गीकरण एवं क्षेत्रगत वाँडफाँड .......... 16
२.९ सार्वजनिक खर्च व्यहोर्ने स्रोतहरू .......... 18
२.१० बहुपक्षीय स्रोतहरूको परिचालन .......... 19
२.११ आवधिक योजनाको प्राथमिकता .......... 20
परिच्छेद ३ .......... 22

३.१ आर्थिक विकास ........ 22
३.१.१ लक्ष्यः ........ 22
३.१.२ उद्देश्य, रणनीति र कार्यनीति ........ 22
३.२ सामाजिक विकास ........ 25
३.२.१ लक्ष्यः आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सामाजिक सुरक्षा जस्ता सेवाको पहुँच र गुणस्तरीयता वृद्धि गर्ने ........ 25
३.२.२ उद्देश्य, नीति र कार्यनीति ........ 25
३.३ पूर्वाधार विकास ........ 29
३.३.१ लक्ष्यः भौतिक पूर्वाधारको विकास, सेवाको पहुँच र गुणस्तरीयता वृद्धि गर्ने । ........ 29
३.३.२ उद्देश्य, रणनीति र कार्यनीति ........ 29
३.४.१ लक्ष्यः जलवायु अनुकूलन र वातावरणमैत्री विकास प्रणालीको अवलम्बन गरी सफा, स्वच्छ र हरित वातावरणको प्रवर्द्धन गर्ने 31
३.४.२ उद्देश्य, रणनीति र कार्यनीति ........ 31
३.५ संस्थागत विकास र सुशासन ........ 33
३.५.१ लक्ष्यः दक्ष, उत्तरदायी, पारदर्शी तथा नतिजामूलक प्रशासनको विकास गरी सुशासनको प्रवर्द्धन गर्ने ........ 33
३.५.२ उद्देश्य, रणनीति र कार्यनीति ........ 33
परिच्छेद– ४ ........ 36
४.१ आर्थिक विकास ........ 36
४.२ सामाजिक विकास ........ 39
४.३ वन, वातावरण तथा विपद् व्यवस्थापन ........ 41
४.४ भौतिक पूर्वाधार विकास ........ 43
४.५ संस्थागत विकास र सुशासन ........ 44
४.६ प्रमुख कार्यक्रम ........ 45
४.६.१ आर्थिक विकास ........ 45
४.६.२ सामाजिक विकास ........ 46
४.६.३ भौतिक पूर्वाधार विकास ........ 46
४.६.५ सुशासन तथा संस्थागत विकास ........ 47
परिच्छेद– ५ ........ 48
५.१ अनुगमन ........ 48
५.१.१ अनुगमन मूल्याङ्कनको ढाँचा तयारी(M&E Framework) ........ 48
५.१.२ समीक्षा तथा प्रतिवेदन ........ 48
५.२ आवधिक योजनाको मूल्याङ्कन ........ 48
५.२.१ मध्यावधी मूल्याङ्कन ........ 48
५.२.२ अन्तिम मूल्याङ्कन ........ 48
अनुसूची १: सूर्योदय नगरपालिकाको स्रोत नक्शा ........ 49
अनुसूची – २: आवधिक योजना तर्जुमा गर्दा अपनाइएको पद्धति ........ 54
अनुसूचि: ३ :वडास्तरबाट प्राथमिकता राखिएका प्रमुख कार्यक्रमः- ........ 56
वडा नं १ ........ 56
वडा २ ........ 56
वडा ३ ........ 61

वडा नं.४ ........ 63
वडा नं.५ ........ 67
वडा नं.६ ........ 71
वडा नं. ७ ........ 75
वडा नं.८ ........ 78
वडा नं.९ ........ 81
वडा नं.१० ........ 84
वडा -१२ ........ 91
वडा नं.१३ ........ 93
वडा नं.१४ ........ 96
सन्दर्भ सामग्री ........ 100

**प्रकाशन** | **सूर्योदय नगरपालिका,**
**फिक्कल, इलाम**
सम्पर्कः ०२७-५४०२१४, ५४०४७३
इमेल :suryodayamun@gmail.com, info@suryodayamun.gov.np
बेवसाइट : www.suryodayamun.gov.np

## परिच्छेद-१

### १.१ ऐतिहासिक चिनारी तथा नामाकरण

### ११.१. ऐतिहासिक चिनारी

नेपालको एकीकरणपछि र सुनौली सन्धिभन्दा अगाडि वि.स. १८७२ सम्म लगभक ४१ बर्ष नेपालको पूर्वी सिमाना टिष्टासम्म कायम रह्यो। सुदूरपूर्वको गडि(प्रशासनिक अड्डा)" नागरी"( हाल भारको) मा थियो। विजयवाहिनी श्रीनाथ पल्टन सहित जयन्त खत्री प्रमुख प्रशासक थिए। लेप्चा काजी, सुव्वा, अर्दली आदिको माध्यमबाट शासन प्रद्धति संचालनमा थियो। सुगौली सन्धि वि.स. १८७२ फागुन २०( मार्च ४ १८१६) पछि मेची नदी र सिहंलिला पर्वतको पानी ढलो भित्र नेपालको पूर्वी सिमाना खुम्चिन बाध्य भयो। नागरीमा भएको गडि करफोक पञ्चकन्या नजिकै सारिएको थियो। त्यसैकारण अहिले पनि बडादशैंको महानवमीमा माईस्थान इलाममा पूजा गर्नु भन्दा अगाडि पञ्चकन्यामा पूजा गर्ने प्रचलन छ कारण करफोकको उक्त गडि केहि समय नामसालिङ हुँदै वि.स. १८७५ मा इलाम माइ स्थानमा सार्ने काम भएको थियो। सन् १८९१ मा सिक्किमले सिद्धि नदीलाई मेची भनी अन्तु डाडालाई दाबी गर्यो। नेपालको भूमि बचाउन जङमी लाप्चा(सांक्षी) को भूमिका पनि महत्वपूर्ण छ। यसरी सूर्योदय नगरपालिकाले सिङ्गो नेपाल र इलामको ऐतिहासिक महत्व बोक्न सफल भएको देखिन्छ।

मेची नदीको उद्गम स्थल सूर्योदय नगरपालिकामै पर्दछ। लाप्चा भाषाकै मिन्च्यु-उङ शव्दबाट मेची शव्दको व्युत्पति भएको हो जुन नदीको नामबाट मेची अन्चल नामाकरण भएको छ। इलाम जिल्लाको नामाकरण लेप्चा जाति र लिम्वु जातिसंग गाँसिएको छ। माईपूर्वको भाग लेप्चाको मूल थलो मानिन्छ र लिम्वु जाति पनि पर्याप्त बसोबास गर्छन्। इलामको नामकरण रोङ भाषामा इ+लोम=इलाम पुत्का उड्ने वा वस्ने ठाँउ भन्ने अर्थ लगाइन्छ। त्यस्तै लिम्वु भाषामा इ+लाम=इलाम भनेको घुमाउरो बाटोको अर्थ लगाइन्छ। यसरी अन्चल र जिल्लाकै नामाकरणको ऐतिहासिकता संग समेत महत्व राखेको छ सूर्योदय नगरपालिकाले ऐतिहासिकताकै अर्को पाटोमा स्वामी सोमेश्वरानन्द, सन्तज्ञान दिलदास, महानन्द सापकोटा जस्ता ऐतिहासिक पुरुषहरूसगं सूर्योदय नगरपालिकाको नाता गाँसिएको छ। विक्रम सम्वत २००९ असोजको ऐतिहासिक शिक्षा सम्मेलन नेपाली साहित्य आकाशका त्रिरत्न नेखनाख, सम र देवकोटाको उपस्थितिमा कवि सम्मेलन लगायत एतिहासिक पहिचान सूर्योदय नगरपालिकाले पाएको छ।

विक्रम सम्वत २०७१ साल अगाडिको तत्कालिन फिक्कल गा.वि.स.लाई कन्याम र पञ्चकन्या गा.वि.स.सगं मिलाएर विक्रम सम्वत २०७१ सालमा सूर्योदय नगरपालिका घोषणा गरिएको थियो। नेपालको संविधान २०७२ लागू भई सङ्घीय शासन प्रणाली शुरु भएसँगै राज्य पुर्नसंरचना आयोगले स्थानीय तहको सीमाङ्कन गर्दा साविक सूर्योदय नगरपालिका( फिक्कल, कन्याम र पञ्चकन्या सहितको) मा गोर्खे, श्रीअन्तु, समालवुङ, पशुपतिनगरको सबै बडाहरू एवं लक्ष्मीपूर गा.वि. स. ८ बडाहरू र जोगमाइ गा. वि.स.को ८ र ९ बडाहरू मिलाएर सूर्योदय नगरपालिका संरचना गरिएको हो। इलाम जिल्लाको चार वटा नगरपालिकाहरू र छ बटा गाउँ पालिकाहरू मध्ये सबैभन्दा ठूलो नगरपालिका( क्षेत्रफल र जनसंख्या दुवै आधारमा) पनि हो।

### १२.१. नामाकरण

सूर्योदय नगरपालिका भित्र अनेकौ मनमोहक टाकुरा र थुम्काहरू छन् जस्को आन्तरिक र बाह्य पर्यटकहरूलाई लोभ्याएका र मन्त्रमुग्ध पारेका छन्। यस अन्तर्गत अन्तुडाडा, कन्याम, करफोक, पशुपतिनगर, फिक्कल, गोर्खे थुम्के, लामिधुरा, गुफापातल, चित्रेगुम्बा, मेची मुहान लगायतका थुप्रै टाकुराहरूबाट हिमाल देखि तराइसम्मका मनमोहम दृष्यहरूको अवलोकन गरी आनन्दित हुन सकिन्छ।यी टाकुराहर मध्ये कै अन्तु डाडा नेपालको सुदूरपूर्वमा सूर्योदयको अत्यन्तै मनमोहक दृष्य अवलोकन गर्न सकिने र घामको पहिलो झुल्को झुल्किने भएकै कारण सूर्योदय नगरपालिका नामाकरण गरिएको हो।

### १.२ प्राकृतिक सम्पदा

सूर्योदय नगरपालिकाको अत्यन्तै उर्वर भूमिका कारण यस नगरपालिकाभित्र लेकाली वनस्पती, पतझर वनस्पती, सदावहार वनस्पती लगायतका वनस्पती अन्तर्गत चाँप, लेकाली कटुस, फलाँठ, वज्राँठ,सल्ला, रुद्राक्ष, वुद्धचित, सखुवा, लाकुरी, मलागिरी, गुराँस, टुनी जस्ता अनेकौ उन्नत जातको रुखका साथै स्थानअनुसार अनेकौ जातका रुखहरू पाइन्छन्। औषधीजन्य विरुवाहरू अन्तर्गत लौठसल्ला, वनमूला, विखमा, चिराइतो, हरचुर, पाखनवेत, गुर्जो, टिम्वुर, पाँचऔले, जटामसी, घोरताप्रे, वेतलौरी, वुडोओखती,

सिमरायो, सिस्नो,मझिटो, दतिवन लागयतका अनेकौ बोट विरुवाको पर्याप्तता छ। प्राकृतिक सम्पदाकै रुपमा श्रीखोला, रुङसूङ, सिद्धी, मेची, विरिङ, माई लगायतका नदीहरूको वहाव छ। अनेकौ टाकुरा र थुम्केको दृश्यावलोकन, हरिया चियावारीहरूको उपस्थिति उत्तिकै मनमोहन छ। विभिन्न नीजि तथा सामुदायिक वनहरू प्रशस्तै छन्। सिद्धीखोलामा तामाखानी, मयौ र विरिङ आसपास अनेकौ धातुहरूको खानी भएको विज्ञहरूको ठहर छ। वन्य जन्तुमा रेड पाण्ड( हाब्रे) सालक, पानीओत, मृग, स्याल, दुम्सी, बनेल लगायतका अनेकौ जगली जनावरहरूका साथै अनेकौ प्रजातीका चराहरू, अनेकौ फूलहरू यहाँका प्राकृतिक सम्पदाहरू छन्।

### १.३ सास्कृतिक सम्पदा

लेप्चा संग्रहालय गुम्वा र गुरुकुल शिक्षा, विभिन्न मठमन्दिर, देवदेवीस्थल, साकेला, धाननाच, डम्फूनाच, च्यावुङ नाच, नौमती र पञ्चैवाजा, लेप्चा, थामी, यल्मू जस्ता जातजातिका भाषागत र सांस्कृतिक सम्पदा, कलात्मक गुम्वा लगायतका सांस्कृतिक सम्पदा हाम्रा पहिचान सुरक्षित छन्।

### १.४ जनसंख्या

सूर्योदय नगरपालिकाको कूल जनसंख्या ५६,६९१ र घरधुरी १३२११ रहेको छ(राष्ट्रिय जनगणना, २०६८) । घरधुरी सर्वेक्षण २०७५ अनुसार भने जनसंख्या ५८१३० र घरधुरी संख्या १३४०० रहेको देखिन्छ(तालिका १) । प्राप्त तथ्याङ्कलाई हेर्दा जनसंख्या वृद्धिदर ईलाम जिल्लाका अन्य क्षेत्र तथा मुलुकको तुलनामा कम रहेको छ ।

**तालिका नं.१: जनसाङ्ख्यिक विवरण**

| सि.नं. | विवरण | | इकाई | २०७५ को सर्भेक्षण | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनसंख्या | पुरुष | संख्या | २९८८२ | |
| | | महिला | संख्या | २८२४८ | |
| | | जम्मा | संख्या | ५८१३० | |
| २ | कुल घर धुरी संख्या | | संख्या | १३४०० | |
| ३ | परिवारको औषत आकार | | जना | ४.७ | |
| ४ | जनघनत्व प्रति वर्ग कि.मि | | जना | २५७.७५ | |
| ५ | जनसंख्या वृद्धिदर | | प्रतिसत | ०.२६ | |
| ६ | लैङ्गिक अनुपात | पुरुष | संख्या | ५१.४ | |
| | | महिला | संख्या | ४८.६ | |
| ७ | नगर क्षेत्रमा अनुपस्थित जनसंख्या | नेपाल भित्र | संख्या | ३९७६ | |
| | | विदेश | संख्या | ४२१० | (रोजगारी ३४८८, शिक्षा ६१८, व्यवासाय ३८, अन्य ६६) |
| ८ | अपाङ्गता भएका जनसंख्या | पुरुष | संख्या | ५०४ | |
| | | महिला | संख्या | ४१८ | |
| ९ | ५ वर्ष मुनिका बालबालिका | बालक | संख्या | १४८७ | |
| | | बालिका | संख्या | १३९७ | |
| १० | ७५ वर्ष माथिका ज्येष्ठ नागरिक | पुरुष | संख्या | १४३४ | |
| | | महिला | संख्या | १०८६ | |
| ११ | आर्थिक रुपले सक्रिय जनसंख्या | | प्रतिसत | ५५ | २० देखि ६० वर्ष उमेर समूह |
| १२ | लोपोन्मुख जातिको जनसंख्या | | संख्या | १६४१ | लेप्चा(रोङ) |

उमेरगत आधारमा ४ वर्ष मुनीका जनसंख्या ४.९६ प्रतिसत रहेको देखिन्छ भने ६५ देखि ६९ वर्ष उमेर समूहको जनसंख्या २.७८ प्रतिसत रहेको देखिन्छ । यस नगरपालिका भित्र रहेको कुल जनसंख्या मध्ये ५५.१६ प्रतिसत जनसंख्या आर्थिक रुपले सक्रिय रहेको देखिन्छ । उमेरको आधारमा उक्त समूह भित्र २० देखि ६० बर्ष भित्रको जनसंख्या समावेश गरिएको छ। नगरक्षेत्रको आश्रित जनसंख्याको हिस्सा कूल जनसंख्याको अनुपातमा ठूलो भएको हुनाले विकासमा सक्रिय जनसंख्या परिचालनमा कठिनाई हुने देखिन्छ ।

उपलब्ध तथ्याङ्क अनुसार कूल जनसंख्याको ८१.३९ प्रतिसत जनसंख्या प्रत्यक्ष रुपमा कृषी पशुपालन पेशामा संलग्न रहेको देखिन्छ भने व्यापारमा ७.०४ प्रतिसत, नोकरीमा २.६ प्रतिसत र बाँकि अन्य पेशामा संलग्न रहेको पाईन्छ। यसबाट कृषी, पशुपालन र व्यापार व्यवसाय प्रवर्द्धनमा नगरपालिकाले लगानी बृद्धि गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्न सक्ने सम्भावना पनि रहेको देखिन्छ।

### १.५ भू-उपयोग तथा जमिनको स्वामित्व

यस नगरपालिमा भएको जमिन विभिन्न प्रयोजनमा उपयोग गरिदै आएको छ । गोर्खे, जोगमाई, पशुपतिनगर, समालबुङ्ग क्षेत्रमा जंगलको मात्रा धैरै देखिन्छ भने पञ्चकन्या, फिक्कल, अन्तु, कन्याम र पशुपतिनगर क्षेत्रमा चियाखेति विस्तार भएको देखिएको छ। भू–उपयोगको विवरण तालिका २ मा दिईएको छ।

**तालिका नं.२ भूउपयोग विवरण:-**

| क्र.सं | विवरण | क्षेत्रफल(वर्ग कि.मि.) | प्रतिसत(%) |
|---|---|---|---|
| १ | कृषी क्षेत्र | ९५.९५ | ४२.५४ |
| २ | वन तथा चरन क्षेत्र | ११९.७७ | ५३.११ |
| ३ | आवास क्षेत्र | ०.०५ | ०.०२ |
| ४ | नदीनाला तथा उभार क्षेत्रले ओगटेको क्षेत्र | २.१६ | ०.९६ |
| ५ | ताल तलैया तथा समिसार क्षेत्र | ०.०१ | ०.०१ |
| ६ | झाडि तथा बगान क्षेत्र | ७.४० | ३.२८ |
| ७ | अन्य | ०.१८ | ०.०८ |
| **जम्मा** | | २२५.५३ | १००.०० |
| | | | *स्रोत नगर प्रोफाइल २०७५* |

सूर्योदय नगरपालिका भित्र पारिवारिक रुपमा प्रयोगमा भएको जमिनको स्वामित्वको अवस्थालाई हेर्दा आफ्नो परिवारको भोगचलनमा रहेको जमिन एक रोपनी भन्दा कम भएको घरधुरी ७.७३ प्रतिसत रहेको देखिन्छ। यो घरघडेरीको रुपमा प्रयोगमा आएको जमिन हो। एकदेखि पाँच रोपनी सम्म जमिन हुने घरपरिवार १८.८८ प्रतिसत रहेको छ भने ५ रोपनी भन्दा धैरै जमिन हुने ७३.३९प्रतिसत घरधुरी रहेको देखिन्छ।

### १.६ प्रमुख आर्थिक क्रियाकलाप

सूर्योदयमुलतः कृषी, पर्यटन, उद्योग र व्यापारमा आधारित अर्थतन्त्र भएको नगरपालिका हो । यहाका अधिकांश मानिसहरूको जीविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषी तथा पशुपालन, व्यापार, पर्यटन र उद्योग नै रहेको देखिन्छ। यस नगरपालिकाको गार्हस्थ उत्पादन(Gross Domestic Product-GDP)[1]मा मकै, गहुँ, धान जस्ता खाद्यान्न वाली र व्यवसायिक रुपमा खेती गरिएका अदुवा, अलैंची, अम्लिसो, आलु, सागसव्जीहरू त्यसमा पनि प्रमुखरुपमा इस्कुस, नगदेवालीमा चिया, पशुपालन,ओलन( दुध) उत्पादन, बाख्रा कुखुरा बंगुरपालन जस्ता माशु जन्य उत्पादन, सर्वकालीन र विविध प्रकारका पर्यटन, वन आदिले मुख्य योगदान पुर्‍याउँदै आएको देखिन्छ। यसका साथै आर्थिक अवस्थालाई यिनै क्षेत्रको उत्पादन, गैहकृषी जन्य उत्पादन, सेवा, व्यापार, पर्यटन तथा बैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्स जस्ता कुराले आर्थिक क्षेत्रलाई योगदान पुऱ्याएका छन्।

---

[1]कूल गार्हस्थ उत्पादन(Gross Domestic Product-GDP)र प्रति व्यक्ति कूल गाहर्यस्थ उत्पादन(Per Capita Gross Domestic Product)लाई आर्थिक विकासको महत्वपुर्ण सूचकका रुपमा लिइदै आएको छ। कूल ग्रार्हस्थ उत्पादन विश्लेषणका लागि उत्पादन विधि, आय विधि तथा खर्च विधिको प्रयोग गर्ने प्रचलन रहेको छ । उत्पादन विधिमा साधनको लागत मूल्य(Factor Cost) तथा उत्पादन मूल्य(Production price) को विधि अपनाउने गरिन्छ। आय विधिमा हरेक नागरिकको वार्षिक आम्दानीको गणना गरिन्छ भने खर्च विधिमा हरेक व्यक्तिले १ वर्ष अवधिमा गर्ने कूल खर्चलाई आधार मान्ने गरिन्छ। जसअनुसार इलाम/ सूर्योदयको प्रतिव्यक्ति कूल ग्रार्हस्थ उत्पादन रु. ७६,१२१(अक्षरेपी छयहत्तर हजार एक सय एक्काइस रुपैयाँ) अर्थात ७७६ अमेरिकी डलर रहेको अनुमान गरिएको छ।

### १.७ कृषी क्षेत्रको अवस्था

यस नगरपालिकाको प्रमुख खाद्यान्न बाली उत्पादनमा मकै, धान, कोदो तथा गहुँ रहेका छन् । बार्षिक रुपमा धान २३७ टन, मकै ७४८.५ टन, कोदो १२१ टन र गहुँ १२ टन उत्पादन हुने गरेको देखिन्छ। यहाँ उत्पादन भएको खाद्यान्न बालीले वर्षभरी खान नपुग्ने हुदा अधिकांश खाद्यान्न तराईबाट खरिद गर्ने गरिन्छ ।

तथ्याङ्कको दृष्टिकोणबाट हेर्दा खाद्यान्न बाली उत्पादनमा यो नगरपालिका संवेदनशील अवस्थामा रहेको छ । यहाँ ६३.२ प्रतिसत घरधुरीले खाद्यान्न उत्पादन गर्ने गरेको देखिएन। यहाँ आफ्नो उत्पादनले ३ महिना भन्दा कम पुग्ने २४.१२ घरधुरी देखिन्छ। त्यसै गरी ३–६ महिना सम्म खान पुग्ने घरपरिवार २४.१२ प्रतिसत छन्। यस्तै ६ देखि ९ महिना सम्म पुग्ने घरधुरी ८.३४ प्रतिसत, एक बर्ष पुग्ने ०.८० प्रतिसत र खाद्यान्न वचत हुने घरधुरी ०.८१ प्रतिसत रहेको छ। यद्यपी आफूले खाद्यन्नबाली उत्पादन नगरेपनि आय आर्जको अन्य धेरै विकल्प हुने र नगदेबाली धेरै उत्पादन गर्ने भएकोले सो वालीबाट हुने नगद आम्दानीको कारण खाद्य सुरक्षाको अवस्था बलियो देखिन्छ। खाद्यान्न उपलब्धताको विवरण तालिका ३ मा दिईएको छ।

**तालिका न. ३: खाद्यान्न उपलब्धताको आधारमा घरधुरी विवरण**

| सि.नं. | खाद्यान्न उपलब्धताको आधारमा परिवार संख्या विववरण | परिवार संख्या | प्रतिसत | कैफियत |
|---|---|---|---|---|
| १ | खाद्यान्न उत्पादन नगर्ने | ८२२९ | ६३.२ | अधिकांश परिवार नगदेवाली र पशुपालनमा संलग्न रहेका छन् र नगदेबाली उत्पादनबाट जीविकोपार्जन गर्ने गर्दछन्। |
| २ | आफ्नो खाद्यबाली उत्पादनले ३ महिना सम्म मात्र | ३१४१ | २४.१२ | |
| ३ | ३ देखि ६ महिना सम्ममात्र | १०८६ | ८.३४ | |
| ४ | ६ महिनादेखि ९ महिनासम्म | ३५६ | २.७३ | |
| ५ | १ बर्ष सम्म | १०४ | ०.८० | |
| ६ | १ बर्ष सम्म पुगेर पनि बेच्न पुग्ने | १०५ | ०.८१ | |
| **जम्मा** | | **१३०२१** | **१००** | |

*स्रोत: सूर्योदय नगरपालिकाको वस्तुगत विवरण २०७४/७५*

यस नगर भरिमा ६३ वटा चिया तथा ६३ वटा डेरी उद्योगहरू स्थापना भएका छन् र प्रशोधनको कार्य यहीबाट हुने भएता पनि चिया करीब २० % र दुध करिब ४२% कच्चा पदार्थ यहाँबाट वाहिर पठाईन्छ।

१.७ १.नगदेबाली उत्पादन

यस नगरपालिका क्षेत्रमा उत्पादन हुने प्रमुख नगदेबालीहरूमा अदुवा, चिया, अम्लिसो, अलैची, अकबरे, खोर्सानी, स्कूस, दूध, बेसार तथा कफी रहेको छ। उत्पादन भएका नगदेबालीहरू स्थानीयस्तरमा हुने खपतका साथै नजिकको बजारमा किसानहरूले संकलन गरी विक्री वितरण समेत गर्ने गरेको पाईन्छ। यहाँ उत्पादन हुने चिया अन्तराष्ट्रिय बजारसम्म निर्यात हुने गर्दछ। यस नगरपालिकामा आ.व. २०७४ /७५ मा नगदेबाली तर्फ चिया १४१२४ टन र अदुवा ९०८ टन उत्पादन भएको देखिन्छ। यस्तै यहाका कृषकहरू वेसार र कफि उत्पादनमा समेत लाग्ने गरेका छन्।

१ २.७.तरकारी बाली उत्पादन

सूर्योदय नगपालिका तरकारी उत्पादनको लागि धेरै अगाडि रहेको छ जहाँ वार्षिक करिव ७६८५ मे.टन. तरकारी उत्पादन गर्दछ। यहाँ उत्पादन भएको तरकारीले जिल्लाकै प्रमुख निर्यात सामाग्रीको रुपमा पहिचान पाएको छ। पहाडी भूभाग एवम् चिसो मौसमका कारण मौसमी तथा बेमौसमी तरकारी बालीहरू प्रशस्त मात्रामा उत्पादन हुने गरेको छ। ग्रामीण तथा कृषी सडकको कारण यहाँ उत्पादन भएको तरकारीले बजारसँग सजिलै पहुँच पाएको देखिन्छ भने साना बजार केन्द्र तथा राजमार्ग आसपासका क्षेत्रहरूमा तरकारी बेच्ने पसलहरू प्रशस्त देखिन्छन्। यो नगरपालिका भारतसँगका सिमा जोडिएकाले धेरै तरकारी सोझै भारतीय बजार सम्म पुग्छ। यहाँ उत्पादन हुने प्रमुख तरकारी बालीहरूमा इस्कुस, आलु, खुर्सानी, काक्रो, गोलभेडा, काउली, सिमी, फर्सी, रायोसाग, मटरकोसा आदि रहेका छन्।

१ ३.७.कृषी बजार तथा हाटबजार सम्बन्धी विवरण

यस नगरपालिका भित्र साना तथा मझौला बजार एवम् साप्ताहिक हाटबजार रहेका छन्। नगरपालिकको प्रमुख व्यापारिक केन्द्रको रुपमा फिक्कल बजार, पशुपतिनगरबजार, तीनघरेबजार, हर्कटेबजार, शान्तिबजार, गोर्खेबजार, मानेभञ्ज्याङ र कटुसे बजार रहेका छन्। यी व्यापारिक केन्द्रमा कृषी उपज लगायत दैनिक उपभोग्य बस्तुहरूको किनबेच गर्ने गरिएको छ।

### १ ४.७.सिँचाई सुविधा

नगरपालिका केही वडाहरूमा साना सिँचाई मार्फत र अन्य क्षेत्रमा वैकल्पिक प्रविधि मार्फत सिँचाई सुविधा पुगेको देखिन्छ। नगरपालिका भित्र ७०८हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको देखिएको छ । वडा नं ०६.. ६ बाहेक अन्य वडाहरूमा आशिंक रुपमा सिँचाई पुगेको देखिन्छ।

१पशुपालन ५.७.

आ.व. २०७४/७५ नगरपालिकामा १५३९९ गाई, ८४३ भैसी र १४४०६ खसी बाख्रा रहेको तथ्याङ्क छ । यस्तै सोही आ.व. मा सुंगर २५४६, कुखुरा ३१७०४ र गोरु २३९८ रहेको देखिन्छ।सूर्योदय नगरपालिका भित्र दैनिक ३७४३९ लिटर दुध उत्पादन हुने गर्दछ । यो उत्पादन नगरको व्यवसायिक उत्पादन हो र यसबाट नगर क्षेत्रमा नै धैरै उद्योगहरू सञ्चालनमा छन् । यस नगरक्षेत्रमा जम्मा ६३ वटा डेरी, चिज तथा दुग्ध संकलन केन्द्रहरू सञ्चालनमा छन् । त्यसैगरी यहाँ वार्षिक ४५५ मे.टन. मासु उत्पादन भैरहेको छ ।

### १.८ पर्यटन क्षेत्र

सूर्योदय नगरपालिका क्षेत्रमा विभिन्न पर्यटकीय स्थलहरू रहेका छन् । यसैकारण यहाँ प्रशस्तै आन्तरीक तथा बाह्य पर्यटकहरू आउने गर्दछन् । यहाँका प्रमुख पर्यटकीय स्थलहरूमा श्रीअन्तु, कन्याम, फिक्कल, पशुपतीनगर, पंचकन्या, थुम्के, गोर्खे बजार, गुफाताल, छब्बिसे रहेका छन् । यस क्षेत्रमा धार्मिक, शैक्षिक, सांस्कृतिक तथा दृश्यावलोकनको हिसाबले महन्वपूर्ण स्थलहरू रहेका छन् ।
अन्तुडाँडा सुर्योदय नगरपालिका वडा नं.५मा अवस्थित(साविकको श्रीअन्तु र समालबुङ्ग) क्षेत्रमा रहेको अन्तु पर्यटकीय क्षेत्र नेपालको चर्चित पर्यटकीय गन्तव्य मध्येको एक हो । यस भेगमा ग्रामीण पर्यटनको पूर्वाधारको रुपमा घरबास प्रणाली(होमस्टे) अन्तु बाट नै शुरु भएको मानिन्छ । सुर्योदयको दृश्यावलोकन, अन्तु पोखरी, लाप्चा संस्कृति र ग्रामीण जनजीवनको अवलोकन, सुनगाभा फूलखेती यहाँको आकर्षणको रुपमा रहेको पाइन्छ । कार्तिक देखि पौष सम्म सूर्योदयको दृश्यावलोकन गर्न उपयुक्त समय मानिन्छ । यहाँबाट कञ्चनजंघा हिमाल, भारतीय सीमावर्ती क्षेत्र, इलाम जिल्लाका अधिकांश क्षेत्र तथा झापा जिल्लाको मनोरम भू-भागहरू अवलोकन गर्न सकिन्छ । गुफापाताल श्रीअन्तु को भारतीय सीमावर्ती क्षेत्रमा अवस्थित अर्को रमणीय स्थल हो । यसको साथै नेपालको पूर्वी सिमानाको मेची नदीको उद्गमस्थल समेत यसै वडामा पर्दछ ।
नगरपालिकाको सदरमुकाम सँग जोडिएको कन्याम मेची राजमार्गमा पर्ने अर्को पर्यटकीय स्थल हो । चियाबारीको लागि प्रसिद्ध कन्यामले स्वदेशी विदेशी सबैलाई आर्कषित गरेको छ । दैनिकसयौँको संख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरू चिया बगानको दृश्यावलोकन, वनभोज तथा घुम्नको लागि आउने गर्दछन् । यस स्थानमा सामान्य चियाखाजा र खानपिनको व्यवस्था भए पनि वासको व्यवस्था नजिकै रहेको शान्तिचोक, कन्याम, फिक्कल र हर्कटे बजारमा उपलब्ध छ । यहाँको चियाबारीको मनोरम दृष्य र चिसो हावापानीले आन्तरीक तथा वाह्य पर्यटकहरूलाई आकर्षित गरिरहेको छ ।
मेची राजमार्ग खण्डको बिच भागमा पर्ने फिक्कल बजार नगरपालिकाको केन्द्रको साथै इलाम जिल्लाको पूर्वी व्यापारिक केन्द्र समेत हो। यहाबाट सीमावर्ती पशुपतिनगर जाने बाटो छुट्दछ । यसले इलामको उत्तर पूर्वी भागमा रहेको माइजोगमाई गाउँपालिका लगायतका क्षेत्रसंग सोझो व्यापारिक कारोबार गर्दछ । व्यापारिक दृष्टिबाट मात्र नभएर पर्यटकीय दृष्टिबाट समेत यो स्थान महत्वपूर्ण रहँदै आएको छ। मेची राजमार्गको पाँचथर र ताप्लेजुङ्गसम्म चल्ने सवारी साधनको मुख्य बिसौनी थलो पनि फिक्कल नै हो । लाप्चाहरूको बाक्लो बसोबास रहेको यस क्षेत्रले साँस्कृतिक दृष्टिबाट समेत महत्त्व राख्दछ । यस क्षेत्रमा रहेको फेन्सोङ्ग गुम्बा र याङथोङ्ग गुम्बा ऐतिहासिक महत्वको थलो हो । बजारको सिरानमा रहेको मन्दिर र विद्यालयको स्थापना राणाकालमानै स्वामी सोमेश्वरानन्दले गरेका हुनाले तिनको पनि ऐतिहासिक महत्त्व रहेको छ ।यसैगरी शैक्षिक पर्यटनको रुपमा करफोक विद्या मन्दिर हाल नगरको एक मात्र बहुमुखी क्याम्पस रहेको छ । यसै स्थानमा हिन्दु धर्मको पुरानो पञ्चकन्या मन्दिर पनि रहेको छ भने विद्यालय वरपर विद्यालयको आफ्नै वन तथा प्राकृतिक छटाले यो स्थान मनमोहक देखिन्छ ।यसै ठाउँमा हाल स्वामी सोमेश्वरानन्दको स्मृतिमा जङ्गलभित्र स्वामी पार्क पनि स्थापना गरिएको छ । बुद्ध पार्क, पूर्वी दैलो पशुपतिनगर नाका, पशुपति मन्दिर, सुन्दरपानी पर्यटकीय स्थल, लेप्चा काजीकोटी, गोर्खे चित्रे गुम्बा, थुम्के पर्यटकीय स्थल, रेड पाण्डा संरक्षण स्थल, जिमीराजा जिमीरानी स्थल, लेप्चा जातीको पुराना गुम्बा, याङ्गथोङ्ग गुम्बा, फेन्सोङ्ग गुम्बा पार्क जस्ता दर्जनौ पर्यटकीय गन्तब्य स्थलहरू रहेका छन् ।

### १.९ उद्योग तथा व्यापार

यस नगरमा ठूला, मझौला तथा साना उद्योगहरू स्थापना भएका छन् । यीउद्योगहरूमा साना ठुला गरि ६३ चिया उद्योगहरू र डेरी उद्योगमा ठूला चिज फ्याक्ट्री देखि साना चक्लेट र छुर्पी फ्याक्ट्री समेत गरि १३८ वटा रहेका छन् । स्थानीय उद्योगमा खपत हुने बाहेकका कच्चा पदार्थ बाहिर निकासी हुने गरेको छ । व्याबसायिक रुपमा गाईपालन,बाख्रापालन,बंगुरपालन, कुखुरापालन, तरकारी खेति र माहुरी पालनलाई अगाडि बढाउन सुरुवात गरिएको छ ।

### १.१० बैंक तथा वित्तीय संस्था

नगरपालिका क्षेत्रमा विभिन्न वर्गका बैंक तथा वित्तीय संस्थाहरू स्थापना भई सेवा प्रदान गरिरहेका छन् । जसबाट मानिसहरूले नियमित र सहज रुपमा सेवा पाउदै आएको देखिन्छ । नगरपालिकामा राष्ट्रिय वाणिज्य बैंक, ग्लोवल आइ. एम्.इ. बैंक, नेपाल बंगलादेश बैंक, एभरेष्ट बैंक, कृषी-विकास बैंक, निर्धन उत्थान बैंक, एक्सल डिभलपमेण्ट बैंक, कनकाई विकास बैंक लगायतका बैंक, वित्तीय संस्था र मनि ट्रान्सफर सम्वन्धी संस्थाहरूको संख्या २४ रहेको छ ।

### १.११ सहकारी सम्बन्धी विवरण

यस सूर्योदय नगरक्षेत्रमा १४० वटा सहकारी संस्थाहरू सञ्चालनमा छन् । यसमध्ये ९ वटा बचत तथा ऋण सहकारी, १६ वटा बहुउद्देशीय सहकारी र बाँकि ११५ कृषी तथा दुग्ध उत्पादन सम्बन्धी सहकारी रहेका छन् । स्थानीय स्तरमा सञ्चालित सहकारीबाट संस्थाका सदस्यहरूले सहज रुपमा सेवा पाउने गरेको छन् । प्रति सहकारी सरदर रु.१० लाखको पूर्जीँगत लगानी रहने गरेको अवस्थामा सहकारी क्षेत्रको कूल पूर्जीँगत लगानी झण्डै १४ करोड अनुमान गरिएको छ । हाल सम्म कुल २१५६७ जना व्यक्तिहरू विभिन्न सहकारीहरूको सदस्यहरू रहनु भएको छ ।

### १.१२ शैक्षिक अवस्था

सूर्योदय नगरपालिकाको शैक्षिक इतिहास गौरवपूर्ण छ । यस नगरपालिकामा प्रारम्भिक बाल विकास केन्द्र देखि उच्च शिक्षा लागि क्याम्पस सम्म सञ्चालन गरिएको छ । नगरपालिकामा सामुदायिक तथा निजी शैक्षिक संस्थाहरू सञ्चालन भएका छन् । त्यसैगरी प्राविधिक शिक्षालयको स्थापना तथा सञ्चालन सुरुवात भएको छ । नगरपालिकामा विभिन्न स्तरका ६५ सामुदायिक र ३० संस्थागत विद्यालय रहेका छन् । यस्तै ९ वटा उच्च मा.वि. समेत रहेका छन् । यस्तै वडा नं. १२ मा एक बहुमुखी क्याम्पस रहेको छ । वि.सं. २०७५ को तथ्याङ्क अनुसार यहाँको कूल साक्षरता दर ९०.४ रहेको छ । जसमा पुरुष साक्षरता ९३.५५ र महिला साक्षरता ८७.२५ रहेको छ ।

### ११.२ १.तहगत आधारमा विद्यार्थी विवरण

यस नगरपालिकाको समग्र शैक्षिक अवस्था राम्रो देखिएको छ । नगरपालिका पूर्ण साक्षर घोषणा भएपनि ९ ६.प्रतिसत मानिसहरू निरक्षर छन्(तालिका ४ । (

**तालिका नं. ४: तहगत आधारमा विद्यार्थी विवरण**

| लिङ्ग | साक्षर(beginners) | प्रा.वि. तह | मा.वि. | स्नातक तह | स्नाकोत्तर | पीएचडी | निरक्षर |
|---|---|---|---|---|---|---|---|
| पुरुष | ८४३९ | ५६०५ | ६४०७ | १४१७ | ५०५ | २२ | १७४६ |
| महिला | ७६१८ | ४३१३ | ५७१५ | १४२३ | ४०२ | ९ | ३३३९ |
| जम्मा | १६०५७ | ९९१५ | १२१२२ | २८४० | ९०७ | ३१ | ५०८५ |
| प्रतिसत | ३४.१९ | २१.१२ | २५.८१ | ६.०५ | १.९३ | ०.०७ | ९.०६ |
| | | | | | | | *स्रोत: नगर प्रोफाइल, २०७५* |

### १२.१२. प्रारम्भिक बाल विकास केन्द्र

यस नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गरिएको छ । बालबालिकाहरूको लागि खेलकुद र शैक्षिक सामाग्री सहितको बालविकास केन्द्रले औपचारिक विद्यालय उमेर सुरु नभएको बालबालिकालाई विद्यालय जान आकर्षण गरेको छ । यसैगरी समुदायमा आधारित ५५ वटा बालविकास केन्द्र पनि सञ्चालन गरिएको छ, जहाँ सहयोगी कार्यकर्ताले अध्यापन सम्वन्धी कार्य गर्ने गरेका छन् ।

**१.१३ स्वास्थ्य**

**१ १.१३.स्वास्थ्य संस्था**

यस नगरपालिका भित्र साविकका गाउँ विकास समिति अनुसार स्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्रहरू सञ्चालित छन् । नगरपालिकाको वडा न. ११ आइतबारेमा आयुर्वेदिक अस्पताल केन्द्र सञ्चालनमा छ । यसै गरी निजी स्वास्थ्य सेवा प्रदायकको रुपमा केही क्लिनिक तथा मेडिकल पसल सञ्चालनमा रहेको देखिन्छ । स्वास्थ्य चौकी बस्तीभन्दा टाढा रहेको स्थानहरूमा नगरपालिका मार्फत सामुदायिक स्वास्थ्य एकाईहरू सञ्चालन तथा घुम्ति स्वास्थ्य क्लिनिक सञ्चालन भएको छ । यहाँ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद अस्पताल गरी जम्मा १० स्वास्थ्य संस्था रहेका छन् ।

**१ २.१३.सुरक्षित मातृत्व**

यस नगरपालिकामा सुरक्षित मातृत्वलाई लक्षित गरी बर्थिङ सेन्टर सहितको स्वास्थ्य चौकी सञ्चालन गरिएको छ । यसै गरी वडास्तरमा स्वास्थ्य स्वयंमसेविकाहरूले पनि सुरक्षित मातृत्व सम्बन्धी सेवा प्रदान गरिरहेको पाईन्छ । स्वास्थ्य चौकीहरूमा नियमित गर्भपरीक्षण, आइरन चक्की वितरण, पोषण स्वास्थ्य र खोप सेवा प्रभावकारी रुपमा सञ्चालन गरिएको छ । आकस्मिक सेवाको लागि एम्बुलेन्सहरू पनि सञ्चालन गरिएको छ ।

**१.१४ खानेपानी तथा सरसफाई**

नगरभित्र रहेको घरधुरी मध्ये ९४ प्रतिसत घरधुरीले पाईप प्रणाली तथा धाराबाट खानेपानी सुविधा उपभोग गर्ने गरेको पाईन्छ । तर वडाका सबै खानेपानी योजनाहरू व्यवस्थित नभएको कारण करिब ६० प्रतिसत घरधुरीले मात्र सहज रुपमा खानेपानी सुविधा पाएका छन्। औषतमा खानेपानी सङ्कलनको लागि १५ मिनेट सम्म समय खर्चनुपर्ने देखिएको छ । खानेपानी आपूर्ति भएपनि स्वच्छ तथा सुरक्षित खानेपानी वितरणमा थप प्रयास गर्नुपर्ने देखिएको छ । यहाँ पोखरी वा कुवा मार्फत २ प्रतिसत र ४ प्रतिसत घरधुरीले अन्य स्रोतको खानेपानी प्रयोग गर्ने गरेको देखिन्छ ।

**१.१५ वन विकास**

सूर्योदय नगरपालिकाको भूउपयोगको अवस्थालाई विश्लेषण गर्दा वन क्षेत्रले कूल ११९७७ हेक्टर अर्थात् ५३.११ प्रतिसत जमीन ओगटेको छ । कूल १९ वटा सामुदायिक जैविक विविधतायुक्त वनहरूमार्फत समुदायले दैनिक इन्धन आपूर्ति लगायत निर्माण सामाग्री र पशुवस्तुको लागि आहारा सङ्कलन गर्ने गरेका छन् । यस नगरपालिकामा सामुदायिक वनको तुलनामा निजी वनको क्षेत्रफल लगभग दोब्बरको हाराहारीमा रहेको छ । यसलाई पुरानो वन, नयाँ वन, रुग्ण वन, बुट्यान को रुपमा वर्गीकरण गरिन्छ भने स्वामित्वका आधारमा सामुदायिक वन, निजी वन, सरकारी वनको रुपमा वर्गीकरण गरिएको छ(तालिका ५) ।

**तालिका न. ५ वनको प्रकार सम्बन्धी विवरण:-**

| सि.नं. | वनको प्रकार | क्षेत्रफल(हेक्टर) |
|---|---|---|
| १ | सामुदायिक वन | ११४१ |
| २ | निजी वन | २३९७ |
| ३ | अन्य(सरकारी वन, कबुलियती वन, धार्मिक वन, कृषी वन आदि) | ८४३९ |
| | जम्मा | ११९७७ |
| | | *सूर्योदय नगरपालिकाको वस्तुगत विवरण २०७५* |

**१.१६ सडक तथा यातायात**

मेची राजमार्गको चारआली इलाम खण्ड(७८ किलोमिटर) मध्ये झापा जिल्लाको सिमानाबाट यस नगरसम्म ६२ किलोमिटर कालोपत्रे रहेको छ । मेची राजमार्ग इलामको सूर्योदय नगरपालिकाको बिच खण्डबाट चिरेर गएको छ । भारतीय सीमा जोड्ने फिक्कल पशुपतिनगर १५ कि.मि. बाटो सञ्चालनमा छ । यस नगरपालिकाका विभिन्न वडाहरू जोड्ने सहायक तथा ग्रामीण कच्ची सडकहरू रहेको छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सडक गुरुयोजना तयार गरी सडक निर्माणलाई उच्च प्राथमिकतामा राखेर कार्य गर्दै आईरहेको छ । मेची राजमार्गको सडक क्षेत्राधिकार कायम गर्ने कार्यलाई निरन्तरता दिदै सडक मापदण्डअनुसारको कार्य अगाडि बढिरहेको छ ।

यस नगरपालिका भित्रका विभिन्न वडाहरूबाट मेची राजमार्गसँग सडक सम्पर्क स्थापना गर्दै विभिन्न साना तथा मझौला सवारी साधनहरू चल्ने गर्दछन् । मेची राजमार्गमा चल्ने नियमति सवारी साधन बाहेक वडाहरूबाट विशेषगरी फिक्कल पशुपतीनगर(रत्न कुमार वान्तवा मार्ग) श्रीअन्तु, लक्ष्मीपुर, समालबुङ, गोर्खे, जोगमाई, नयाँबजार, नामसालिङ आदि क्षेत्रबाट बिहान यात्रु तथा अन्य सामाग्री लिएर नजिकैको बजार तथा झापाको काँकरभिट्टा, चारआली, बिर्तामोड सम्म चल्ने गरेका छन् ।

### १.१७ ऊर्जा

यस नगर भित्र निजी क्षेत्रको लगानीमा जोगमाई खोला र सिद्धिखोलामा जलविद्युत उत्पादन शुरु गरिएको छ । घरेलु स्तरमा विद्युत सेवा नपुगेको स्थान र राष्ट्रिय प्रसारण लाईन अवरुद्ध भएको बेला निजी प्रयोगको लागि केही घरहरूमा सोलार बत्ती जडान गरिएको छ तर यसको व्यवसायिक उत्पादन भने गरिएको छैन । यस नगरपालिकामा ९५.५१ प्रतिसत घरधुरीमा राष्ट्रिय प्रसारणको विद्युत सेवा पुगेको छ। विद्युत सेवा नपुगेका केही स्थानहरूमा मट्टितेल र सोलार बत्तीको प्रयोग गर्ने गरिएको छ ।

### १.१८ मानव संसाधन विकास

समग्र नेपालको मानव विकास सूचकाङ्क ०.४९० रहेकोमा इलामको ०.५७८(Arithmetic Mean)तथा(Geometric mean) देखिन्छ ।सूर्योदयनगरपालिकाको पनि समग्र जिल्लाकै मानव विकास सूचकाङ्कले प्रतिनिधित्व गर्दछ । सूर्योदय नगरपालिकाको मानव विकास सूचकाङ्क तालिका ६ मा दिईएको छ ।

**तालिका नं. ६: मानव विकास सूचकाङ्क विवरण:-**

| सि.नं. | सूचक | विवरण | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक रुपले सक्रिय जनसंख्या(२० देखि ६० वर्ष) | ५५.६० प्रतिसत | पार्श्वचित्र २०७५ |
| २ | विद्यालय जाने औषत उमेर | ४.७४ वर्ष | |
| ३ | प्रतिव्यक्ति आय(नेपालको) PPP डलर | ११६० डलर | |
| ४ | प्रतिव्यक्ति आय(जिल्ला/सूर्योदयको) PPP डलर | १२६० डलर | |
| ५ | Human Poverty index(HPI)(नेपाल) | ३१.१२ | |
| ६ | Human Poverty index(HPI)(पूर्वाञ्चल) | २९.२२ | |
| ७ | Human Poverty index(HPI)(ईलाम/सूर्योदय) | २६.९६ | |
| ८ | Per Capita Gross National income(नेपाल) | ७१८ डलर | |
| ९ | Per Capita Gross National income(इलाम सूर्योदय) | ७८० डलर | |
| १० | जनसंख्या बृद्धि दर | ०.२६ | |
| ११ | प्रजनन दर | २.६ | |
| १२ | औशत आयू | ७० वर्ष | |

सूचनाको स्रोतः माथि उल्लिखित सूचनाहरू स्रोत नगर प्रोफाईल भएको हुदा विस्तृत सूचना नगर प्रोफाईल र नगरपालिकाको स्रोत नक्साबाट प्राप्त गर्न सकिन्छ । केही महत्वपूर्ण स्रोत नक्साहरू अनुसूची १ मा दिईएको छ ।

### १.१९ सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर, चुनौति

| सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष |
|---|---|
| • चिया(अर्थोडक्स चिया) उत्पादनका लागि उपयुक्त हावापानी रहेको।<br>• हरियो तरकारी र फलफूलका लागि बजारको पहुँच रहेको<br>• अलैंची, अदुवा, ईस्कुस,जडिबुटी, टिम्बर, दुग्ध उत्पादनले स्थानीय अर्थतन्त्रमा यथेष्ठ योगदान गरिरहेको।<br>• आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न पर्यटकीय स्थलहरू प्रशस्त रहेको।<br>• कूल जनसंख्याको ५५ प्रतिसत जनसंख्या आर्थिक रुपले सक्रिय रहेको।<br>• आन्तरिक तथा बाह्य पर्यटकहरू आकर्षित गर्न सर्वकालिन पर्यटकीय स्थलहरू प्रसस्त रहेको। | • व्यक्ति वा संस्थाको आम्दानीलाई नगर क्षेत्रको आर्थिक विकास सम्बन्धी गतिविधिमा लगानी बढाउनु पर्ने।<br>• वर्षैभरि चल्ने थप सडक निर्माण गर्नुपर्ने।<br>• व्यवसायिक कृषी तथा पर्यटनका लागि दक्ष जनशक्तिको विकास गर्नुपर्ने।<br>• औद्योगिक आवश्यकता पुरा गर्ने क्षमताको विद्युत आपूर्तिका लागि प्रसारण क्षमता बढाउनु पर्ने।<br>• प्राङ्गारिक कृषी सम्बन्धी अनुसन्धानात्मक संस्थाहरू स्थापना गरिनु पर्ने।<br>• गुणस्तरीय चिया उत्पादन गर्न उत्पादक किसानमूखी कार्यक्रम ल्याउनुपर्ने।<br>• तयारी चियाको गूणस्तर मापन गर्न चिया परिक्षण केन्द्र स्थापना गर्नुपर्ने।<br>• व्यक्ति वा संस्थाको आम्दानीलाई नगर क्षेत्रको आर्थिक विकास सम्वन्धी गतिविधिमा लगानी बढाउनु पर्ने।<br>• वर्षैभरि चल्ने थप सडक निर्माण गर्नुपर्ने।<br>• व्यवसायिक कृषी तथा पर्या–पर्यटनका लागि दक्ष जनशक्तिको विकास गर्नुपर्ने।<br>• औद्योगिक आवश्यकता पुरा गर्ने क्षमताको विद्युत आपूर्तिका लागि प्रसारण क्षमता बढाउनु पर्ने।<br>• प्राङ्गारिक कृषी सम्बन्धी अनुसन्धानात्मक संस्थाहरू स्थापना गरिनु पर्ने।<br>• गुणस्तरीय चिया उत्पादन गर्न उत्पादक किसानमूखी कार्यक्रम ल्याउनुपर्ने।<br>• तयारी चियाको गूणस्तर मापन गर्न चिया परिक्षण केन्द्र स्थापना गर्नुपर्ने।<br>• कृषी उत्पादनको बजार प्रबर्द्धन गर्नुपर्ने।<br>• सीत भण्डारणहरू निर्माण गर्नुपर्ने।<br>• मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यगर्नुपर्ने।<br>• अवकाश प्राप्त कर्मचारीहरूको लागि अवकास आवास निर्माण हुनुपर्ने। |
| **अवसर** | **चुनौति** |
| • भारतको पश्चिम बंगालको दार्जिलिङ जिल्लासँग सीमा जोडिएको साथै इलामबाट भारत जोड्ने व्यापारिक प्रवेशद्वारको रुपमा रहेको।<br>• सूर्योदय नगरपालिका क्षेत्रका धैरैस्थानहरू पर्यटकीय महत्व बोकेको स्थानमा पर्ने भएकोले आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धनको संभावना रहेको साथै विविध पर्यटकीय गन्तव्य स्थलमध्ये चिया अनुसन्धान र शैक्षिक पर्यटन गन्तव्य स्थलको रुपमा विकास गर्न सकिने। | • सीप विकास र प्राकृतिक श्रोतहरूको दिगो परिचालन नहुनु।<br>• मध्यम र न्यून आय भएका घरपरिवारको आर्थिक अवस्थामा सुधार र जटिल प्रकृतिको स्वास्थ्य उपचार।<br>• खेतीयोग्य जमिन बाँझो राख्ने, निजी स्वामित्वमा रहेको जग्गाको भोगचलन र उर्वर जमिनको प्रयोग।<br>• मानिसहरूमा अनुत्पादक क्षेत्रमा खर्च गर्ने बढ्दो प्रवृत्तिको रोकथाम र जीवनशैलीमा सुधार(देखासिकी |

| | |
|---|---|
| • पर्यटन प्रबर्द्धनमा मुलुककै एउटा गन्तव्य स्थलको रुपमा ख्याति कमाईसकेको ।<br>• सूर्योदय नगरपालिका चलचित्रको छायाङ्कन हवको रुपमा विकशित हुँदै जाने संभावना रहेको ।<br>• पर्यटन प्रबर्द्धन र विविधिकरणको लागि रात्रीकालिन पर्यटन तथा बजार विकासको संभावना रहेको ।<br>• गौरवपूर्ण शैक्षिक इतिहास रहेकोले स्वच्छ हावापानी, भौगोलिक अवस्थिति, बसोवास योग्यक्षेत्र, दार्जिलिङसँगको सामिप्यता आदिको कारणले मुलुककै शैक्षिक हवको रुपमा विकास गर्न सकिने ।<br>• पशुपालन अन्तर्गत व्यवसायिक गाई पालनको सुरुवात भइसकेको स्थानीय सरकारको समेत प्राथमिकता क्षेत्रमा परेको हुनाले गा सुपरजोन कार्यक्रम अन्तर्गत किसानहरूको आर्थिक उन्नतिमा ठूलो फड्को मार्न सकिने ।<br>• सिमासडक(झापा देखि सन्दकपुर) निर्माण मार्फत नगर क्षेत्रका आन्तरिक सडक सञ्जाललाई मजबुद बनाई पूर्वाधार विकासमा फड्को मार्न सक्ने सम्भावना रहेको<br>• मेची राजमार्गले यस नगरपालिलाई चिरेर गएकोले सडक संजाल विस्तार व्यापारिक केन्द्र स्थापना, कृषीमा व्यवसायिकरण र औद्योगिकरणमा ठूलो सम्भावना रहेको ।<br>• व्यवसायिक रुपमा अदुवा, अम्लिसो, अलैची, फलफूल, दूध, मह, सागसब्जी, चियाखेती जस्ता नगदेबाली यहाँका किसानहरूले अपनाउदै आएको यसलाई थप मजबुद बनाई क्रमशः औधोगिकरण तर्फ लादै प्रसस्त आर्थिक उपार्जन गर्न सकिने सम्भावना रहेको ।<br>• मेचीनदी, विरिङ्गखोला, सिद्धिखोला, जोगमाईखोला लगायत अन्य सानाठूला खोला खोल्साहरू पनि रहेकोले जलविद्यूत तथा सिँचाई सुविधा विस्तार गर्न सकिने ।<br>• मुलुककै लागि चिया उत्पादनको मुख्य क्षेत्र भएकोले टि टेस्टिङ सेन्टर स्थापना गरी प्रचार प्रसार गर्न सकिने ।<br>• व्यावसायिक रुपमा अदुवा, अम्लिसो, अलैची, फलफूल, दूध, मह, सागसब्जी, चियाखेती जस्ता नगदेबाली यहाँका किसानहरूले अपनाउदै आएको यसलाई थप मजबुद बनाई क्रमशः औधोगिकरण तर्फ लादै प्रसस्त आर्थिक उपार्जन गर्न सकिने संभावना रहेको ।<br>• मेचीनदी, विरिङ्गखोला, सिद्धिखोला, जोगमाईखोला लगायत अन्य सानाठूला खोला खोल्साहरू पनि रहेकोले जलविद्यूत तथा सिँचाई सुविधा विस्तार गर्न सकिने<br>• मुलुककै लागि चिया उत्पादनको मुख्य क्षेत्र भएकोले टि टेस्टिङ सेन्टर स्थापना गरी प्रचार प्रसार गर्न सकिने । | प्रभाव) र वित्तीय साक्षरता सचेतना नहुनु ।<br>• व्यवसायिक कृषी उत्पादनको बजार विकास र सुदृढ बजारीकरण प्रणाली स्थापित गर्नु ।<br>• कृषीमा व्यवसायिकरण, उद्यमशिलता विकास र उत्पादनको लागत राख्ने प्रणालीको विकास गर्नु ।<br>• अलैँची लगायतका नगदेवाली र पशुपंक्षिमा लाग्ने रोग किराको उपचार र कृषकलाई प्राविधिक सहयोग उपलब्ध गराउनु ।<br>• स्थानीय उत्पादन र कच्चा पदार्थलाई मूल्य श्रृखंलामा आवद्ध गर्नु ।<br>• युवा रोजगारी र स्थानीय कच्चा पदार्थमा आधारित उद्योग /उद्यम विकास र विस्तार ।<br>• प्राकृतिक तथा मानव सृजित कारणबाट हुने भूक्षय नियन्त्रण र भौगोलिक विकटता ।<br>• दीगो र भरपर्दो सडक, यातायात विकास र विस्तार ।<br>• जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास र सहज सार्वजनिक सेवाको उपलब्धता ।<br>• बालविवाह, बालश्रम, सम्वन्ध विच्छेद, आत्महत्या जस्ता व्यवहारमा कमी ल्याउनु ।<br>• नगरपालिकाको आन्तरिक श्रोत वृद्धि(पहिचान र परिचालन) ।<br>• जनचाहना सम्बोधन र जवाफदेही स्थानीय शासन । |

### १.२० आवधिक योजना तर्जुमा प्रकृया

देहाय अनुसार नगरपालिकामा रहेका ५ वटा विषयगत समितिहरू संलग्न रही सहभागितात्मक रुपमा आवधिक योजना तर्जुमा गरिएको हो।

१. आर्थिक समिति(कृषी, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र)

२.सामाजिक विकास(शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण)

३. पूर्वाधार विकास(सडक तथा पुल, झोलुङ्गे पुल, सिँचाई, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, सञ्चार)

४. वातावरण तथा विपद व्यवस्थापन(वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद्व्यवस्थापन)

५.संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन(मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रणालीको प्रयोग, लेखांङ्कन, राजश्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा बेरुजु फछर्यौट)।

आवधिक योजना तर्जुमा गरिदा अवलम्बन गरिएको विस्तृत प्रक्रिया अनुसूची-२ मा दिइएको छ।

### १.२१ आवधिक योजनाको सीमा

यो आवधिक योजना तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित सङ्घीय र प्रादेशिक नीति तथा कानून,दिगो विकासका लक्ष्यहरू पन्ध्रौ योजना, प्रदेश सरकारको आवधिक योजनाको आधार पत्र, स्थानीय तहका लागि सङ्घीय तथा प्रदेश तहबाट जारी गरिएका कानूनहरू र सूर्योदय नगरपालिकाको नीतिगत तथा कार्यक्रम सञ्चालन दस्तावेजहरूलाई आधारमा लिइएको छ। यसका साथै लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, विपद् व्यवस्थापन राष्ट्रिय रणनीति र जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन योजनाका प्रावधानहरूलाई पनि सन्दर्भमा लिइएको छ। यो आवधिक योजना मूलतः नगर पार्श्वचित्र, २०७५, योजना तर्जुमा गोष्ठी, २०७६ र वडास्तरमा भएका योजना तर्जुमा गोष्ठीहरूबाट प्राप्त सूचना, जानकारी तथा सुझावहरू(अनुसूची ३) को आधारमा तयार गरिएको छ। साथै राष्ट्रिय र प्रदेश प्राथमिकता केही विषय समेत समावेश भएका छन्। यो सूर्योदय नगरपालिकाको पाँच वर्षे योजना भएको हुँदा यसमा नगरपालिकाको विकास निर्देशित गर्न रणनीति तथा कार्यनीति, नतिजा तथा सूचक र प्रमुख कार्यक्रमहरू मात्र राखिएका छन्। कतिपय नतिजा तथा सूचकहरू असर तहका छन्, भने केहि प्रतिफल तहका पनि छन् ।आवधिक योजनाका समग्र लक्ष्य र नतिजाहरूलाई योगदान पुग्ने किसिमले नगरपालिकाले आफ्नो वार्षिक योजना तथा बजेट र विषय क्षेत्रगत योजनाहरू तर्जुमा गर्नु पर्दछ। नगरपालिकाले यस योजना दस्तावेजलाई वार्षिक योजना तर्जुमाको प्रमुख आधार मान्नु पर्नेछ।

## परिच्छेद– २
## दीर्घकालीन सोच, लक्ष्य तथा समष्टिगत आर्थिक खाका र आवधिक योजनाको प्राथमिकता

### २.१ पृष्ठभूमि

नेपालको संविधानले, नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने गरी सूचीकृत गरेको छ। अधिकारको प्रयोग गर्दा तीन तहका सरकार बिच सहकारिता, सहअस्तित्व र समन्वय कायम गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ। संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबीच कार्यजिम्मेवारीको बाँडफाँड गरी त्यस्तो कार्यसम्पादन गर्न आवश्यक स्रोतको समेत व्यवस्था गरेको छ। स्थानीय तहको लागि प्रदान गरिएको यस्तो स्रोतमा आफैले परिचालन गर्ने कर तथा गैरकर स्रोतको राजस्वको अलावा सङ्घ तथा प्रदेशबाट बाँडफाँड गरिने समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान र राजस्व बाँडफाँडको रकम रहेको छ। यस बाहेक स्थानीय तहले आयमूलक क्रियाकलापहरू सञ्चालन गरेर समेत राजस्व आर्जन गर्न सक्ने व्यवस्था समेत रहेको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आफ्नो भौगोलिक क्षेत्रभित्रको विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरे अनुसार सूर्योदय नगरपालिकले यो आवधिक योजना तयार गरेको छ।

### २.२ दीर्घकालीन सोच

“सूर्योदय नगरपालिकाको समृद्धताः प्राङ्गारिक कृषी, पर्या–पर्यटन र आर्थिक समानता”

**दूरदृष्टिका सूचकहरू**

समृद्धता : आय र वितरणको असमानतामा कमि, मानव विकास सूचकाङ्कमा वृद्धि, अवसरको अधिकतमको उपयोग गरी उत्पादन, उत्पादकत्व र बचतमा वृद्धि, लगानीका अवसरहरू विस्तार गरी रोजगारीमा अभिवृद्धि भई जनताको जीवनस्तरमा सुधार।

### २.३ समष्टिगत लक्ष्य

नगरपालिकाले सञ्चालन गर्ने क्रियाकलापहरूमा गुणात्मक र परिमाणात्मक रुपमा निर्धारित लक्ष्य अनुसारको प्रगति हासिल हुने तथा सूर्योदय नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, वातावरण, संस्थागत सेवा प्रवाह, वित्तीय व्यवस्थापन र सुशासनमा अभिवृद्धि गरी नगरबासीको जीवन स्तरमा सुधार आएको हुनेछ।

### २.४ उद्देश्य

२.४.१ व्यवसायिक कृषी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,
२.४.२ वातावरण मैत्री पूर्वाधार विकासको माध्यमद्वारा पर्यटन लगायत आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्नु,
२.४.३ प्राकृतिक स्रोतको दिगो उपयोग एवं विपद व्यवस्थापनद्वारा जीवनयापनलाई सुरक्षित बनाउनु,
२.४.४ शासकीय सुशासनको अभिवृद्धि गर्नु,
२.४.५ दक्ष मानव स्रोतको विकास, विस्तारित रोजगारी, लैङ्गिक समानताद्वारा उच्च आर्थिक वृद्धिदर हासिल गर्नु।
२.४.६ बालमैत्री स्थानिय शासनलाई अवलम्बन गर्नु

### २.५ परिमाणात्मक लक्ष्य

योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य तालिका ७ मा दिईएको छ।

**तालिका नं. ७: योजनाको समष्टिगत परिमाणात्मक लक्ष**

| सुचक | इकाई | आधार वर्ष(आ.व. ०७६/०७७ को अवस्था) | योजनाको लक्ष्य | |
|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ |
| मानव विकास सूचाङ्क | सूचकांक | ०.५०४ | ०.५५० | ०.६०० |
| आर्थक वृद्धि | प्रतिसत | ६.५* | ८.५ | ९.७ |
| कुल गार्हस्थ उत्पादन | रु. अर्व | ५८६.४६ | ७९७.०५ | ९७७.९६ |
| प्रतिव्यक्ति वार्षिक आय | रुपैंया | १०२०९८ | १३८७८० | १७०२५६ |
| कृषी क्षेत्रमा संलग्न जनसंख्या(कृषी र पशुपन्छी पालन) | प्रतिसत | ८१.३९ | ७५ | ७० |

| सुचक | इकाई | आधार वर्ष(आ.व. ०७६/०७७ को अवस्था) | योजनाको लक्ष्य | |
|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ |
| कृषी क्षेत्रको औषत वार्षिक वृद्धि दर | प्रतिसत | ६.५ | ९.७ | १० |
| आम्दानीको दुई तिहाईभन्दा बढी खानामा खर्च गर्ने परिवार | प्रतिसत | ८०% | ७५% | ६५% |
| कृषी उपज बेचविखन गर्ने घर परिवार | प्रतिसत | १३% | २०% | २५% |
| मापदण्ड अनुसार बनेका आवास घर | प्रतिसत | ५९% | ६६% | ७४% |
| बाह्रै महिना सवारी साधन सञ्चालन हुने सडक | कि.मी. | २० | ४० | ६०% |
| वन बुट्यान क्षेत्र | प्रतिसत | ५५% | ५८% | ६०% |
| बेरोजगारी | प्रतिसत | १०.३ | ५ | ४ |
| बैदेशिक रोजगारीमा गएकाको संख्या | संख्या | २७३ | - | ३४१ |
| महिलाको नाममा सम्पत्ति घर जग्गा | प्रतिसत | ११.६ | १५ | २० |
| पाइपबाट खानेपानी सुविधा पुगेको परिवार | प्रतिसत | ९४ | ९७ | ९८ |
| गरिवीको रेखामुनि रहेको परिवार | प्रतिसत | १२.४ | ११.७ | ११ |
| औषत आयु | वर्ष | ७० | - | ८० |
| साक्षरता दर | प्रतिसत | ९०.४ | - | ९५ |
| नगरपालिकको सेवाबाट सन्तुष्ट जनसंख्या | प्रतिसत | ३० | - | ७० |
| * राष्ट्रिय आंकडा ।<br>**प्रदेशको आर्थिक वृद्धिलाई आधार मानिएको । | | | | |

**२.६ वित्तीय व्यवस्थापन**

नगरपालिकाले आर्थिक सम्वृद्धि हासिल गर्न सरकारी, सहकारी, सामुदायिक, निजी र गैरसरकारी क्षेत्र तथा विकास साझेदारको एकिकृत र समन्वयात्मक भूमिकालाई आधार मानेको छ ।सूर्योदय नगरपालिकाको आवधिक योजनाको दीर्घकालीन सोच अनुसारका लक्ष्य तथा उद्देश्यहरू प्राप्तिका लागि पहिचान गरिएका कार्यक्रमहरूको प्राथमिकीकरण गरी सोको लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरूको आँकलन र नयाँ स्रोतहरूको पहिचान गरी परिचालन तथा उपयोग गरिनेछ ।

**२.६.१ वित्तीय हस्तान्तरण**

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनद्वारा व्यवस्था गरिए बमोजिम यस नगरपालिकालाई सङ्घ र प्रदेशहरूबाट देहाय बमोजिमका वित्तीय स्रोतहरू हस्तान्तरण हुनेछः

- सङ्घीय सरकारद्वारा वार्षिक रूपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान,समपूरक अनुदान, र राजस्व बाँडफाँड वापत प्राप्त हुने रकम ।
- प्रदेश सरकारद्वारा वार्षिक रूपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान,समपूरक अनुदान र राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम ।
- सङ्घीय तथा प्रदेश सरकारबाट प्रत्यायोजित अधिकार अन्तर्गत यस नगरपालिकालाई प्राप्त हुने कार्यक्रम बजेट जस्तै प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा रकम आदि ।
- वैदेशिक अनुदान तर्फ अन्तराष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम सङ्घीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम ।

**२आन्तरिक आय २.६.**

यस नगरपालिकाको आन्तरिक स्रोत परिचालनबाट के कति रकम प्राप्त हुन्छ भन्ने बिषयमा नगरपालिकाले विगत देखि असुल गर्दै आएको आन्तरिक स्रोतलाई प्रक्षेपण गर्दा औषत आर्थिक बृद्धि र राजस्व बृद्धिको सम्भावना तथा नगरपालिकाले गर्न सक्ने थप प्रयासलाई आधारमा लिइएको छ । सूर्योदय नगरपालिकाको आन्तरिक आय परिचालनकोअनुमान तालिका ८ मा दिईएको छ ।

## तालिका नं ८ : नगरपालिकाको राजश्व परिचालन

| क्र.स. | राजस्वका शिषर्कहरू | आधार बर्षको यथार्थ आय रु लाखमा | | अनुमानित तथा यथार्थ आय प्रक्षेपण रु. लाखमा | | | | | आवधिक योजना अवधिको जम्मा(२०७७÷७८—२०८१÷८२) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ को यथार्थ | ०७६/७७ स्वीकृत अनुमान | ०७७/७८को अनुमान | ०७८/७९को अनुमान | ०७९/८०को अनुमान | ०८०/८१को अनुमान | ०८१/८२को अनुमान | रकम | % |
| १ | आन्तरिक आय जम्मा | | ५६३.८२ | ६८२.८५ | ७५०.१४ | ८२४.१५ | ९०५.५६ | ९९५.१२ | ४१५७.८१ | **३.२९** |
| २ | सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँड | | | ६६१७ | ७३७८.७ | ८११६.५७ | ८९२८.२३ | ९८२१.०५ | ४०८६१.६ | **३२.२९** |
| ३ | प्रदेश सरकारको अनुदान तथा राजस्व बाँडफाँड | | | १६७२.८१ | १८९०.०९ | २०७९.१ | २२८७.०१ | २५१५.७१ | १०४४४.४ | **८.२५** |
| ४ | वैदेशिक अनुदान | | | | | | | | | |
| ५ | वैदेशिक ऋण | | | | | | | | | |
| ६ | आन्तरिक ऋण (नगर विकास कोष समेत) | | | ५०० | ७५० | ९५० | ११०० | १३०० | ४६०० | **८.२२** |
| ७ | अन्य(स्थानीय संचित कोष अन्तर्गत आयोजना विशेष प्राप्त हुने अन्य रकमहरू | | | १३६ | १४९.६ | १६४.५६ | १८१.०२ | १९९.१२ | ८३०.३ | **०.६६** |
| ८ | सङ्घ अन्तर्गतका सम्वद्ध विषयगत निकायहरूबाट नगरपालिकाबाट कार्यान्वयन हुने गरी प्रत्यायोजित कार्यक्रमहरू | | | १३९८ | १५३७.८ | १६९१.५८ | १८६०.७४ | २०४६.८१ | ८५३४.९३ | **६.७४** |
| ९ | प्रदेश अन्तरगतका सम्वद्ध विषयगत निकायहरूबाट नगरपालिकाबाट कार्यान्वयन हुने गरी प्रत्यायोजित कार्यक्रमहरू | | | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२१ | ३०५.२६ | **०.२४** |
| १० | गत बर्षको नगद मौज्दात | | | ६०० | ६६० | ७२६ | ७९८.६ | ८७८.४६ | २६६३.०६ | **२.८९** |
| | **सार्वजनिक क्षेत्रको जम्मा** | | | **११६५६.७** | **१३१७१** | **१४६१२** | **१६१२७.७** | **१७८२९.५** | **७३३९८** | **५८** |
| ११ | नगरपालिकासँगको सहकार्यमा सामुदायिक वन, गैर सरकारी तथा अन्तर्राष्ट्रियि गैर सरकारी संस्थाहरू बाट योगदानहुने अनुमानित रकम | | | २००९.७६ | २२७०.९२ | २५१९.३८ | २७८०.६४ | ३०७४.०४ | १२६५४.७ | **१०** |
| १२ | सहकारी क्षेत्रबाट हुने अनुमानित लगानी रकम | | | २४११.७२ | २७२५.१ | ३०२३.२६ | ३३३६.७६ | ३६८८.८६ | १५१८५.७ | **१२** |
| १३ | निजीक्षेत्रबाट हुने अनुमानित लगानी रकम | | | ४०१९.५४ | ४५४१.८३ | ५०३८.७७ | ५५६१.२७ | ६१४८.०९ | २५३०९.५ | **२०** |
| **आवधिक योजनामा लगानी हुने कूल अनुमानित रकम** | | | | **२००९७.७** | **२२७०९** | **२५१९४** | **२७८०६.४** | **३०७४०.५** | **१२६५४८** | **१००** |

**चित्र १ : आवधिक योजनाको लागि आय प्रक्षेपण**



**२.६.३ अन्य आय**नगरपालिकाको बजेट संरचना बाहिर सङ्घद्वारा प्रत्यायोजित कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागि प्राप्त हुने रकम, प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना कार्यक्रम सञ्चालनको लागि नगरपालिका क्षेत्रमा लगानी हुने रकम, प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम तथा सङ्घीय तथा प्रदेश सरकारबाट अन्य बिभिन्न बिषय क्षेत्रमा परियोजना सञ्चालनको लागि कार्यक्रम सहित प्राप्त हुने रकम।

- अन्य स्थानीय तहबाट यस नगरपालिकामा राजस्व बाँडफाँड वा अन्य कार्यक्रम सञ्चालन गर्न प्राप्त हुने रकम
- सङ्घ र प्रदेशबाट यस नगरपालिका क्षेत्रमा सोझै लगानी हुने रकम
- सहकारी क्षेत्र, सामुदायिक वन, र निजी क्षेत्रबाट यस नगरपालिका क्षेत्रमा हुने लगानी रकम।

**२.७ सार्वजनिक क्षेत्रको कुल वित्तीय लगानी**

२नगरपालिकाकोआवधिक योजना १.७.को वित्तीय प्रक्षेपण गर्दा आ व.०७६ /७७ लाई आधार वर्ष मानी उक्त आको आय र .ब. व्ययको अनुमानित अंकप्रविष्ट गर्नका लागिनिम्न आधार लिइएको छ –

- आ.ब. २०७४ /७५ को यथार्थ आय तथा व्ययको आर्थिक विवरण,
- आ.ब. २०७५ /७६ को यथार्थ आय तथा व्ययको आर्थिक विवरण,
- आ.ब. २०७६।७७ को स्वीकृत कार्यक्रम तथा बजेट,
- २०७७ बैशाख सम्ममा नगरपालिकाले खर्च गरेको रकम,
- २०७७ बैशाख सम्ममा नगरपालिकाले असुल गरेको आन्तरिक राजस्वको रकम,
- आ.व २०७६/७७ को स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत नगरपालिकाको बजेटमा समावेश भईविषयगत निकायहरूबाट नगरपालिका क्षेत्रमा सिधै खर्च हुने विनियोजित रकमको प्रगति विवरण,
- आ.व २०७६/७७ मा सङ्घीय तथा प्रदेश सरकारबाट नगरपालिका क्षेत्रमा सञ्चालित प्रत्यायोजित कार्यक्रमहरूको वित्तीय विवरण र आगामी वर्षहरूमा सञ्चालन हुन सक्ने प्रदेश सरकारबाट स्थानीय स्तरमा सञ्चालन हुने सम्भाव्य प्रत्यायोजित कार्यक्रमहरू,
- आ.व २०७६/७७ को स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत नगरपालिकाको बजेटमा समावेश भई निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र र जनसहभागिताबाट नगरपालिकासँगको सहकार्यमा खर्च हुने अनुमानित रकमको प्रगति विवरण।

**२.७.२** आ.व २०७६/७७ लाई आधार बर्षको रुपमा लिएर आ.ब. २०७७/७८ को आय तथा व्यय प्रक्षेपण गर्दा सङ्घ तथा प्रदेशबाट उपलब्ध हुने गरी विभिन्न अनुदानको रकम, राजस्व बाँडफाँड(मू.अ.कर तथा अन्तःशुल्क र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड) रकमलाई समावेश गरिएको छ।

**२.७.३** आ.व २०७७/७८ को आय तथा व्यय प्रक्षेपण गर्दा स्थानीय सरकार सञ्चालन ऐन को दफा ६५ अनुसारको स्थानीय राजस्व परामर्श समिति, दफा ६६ अनुसारको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र दफा ६७ अनुसारको बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरूलाई समेत प्रक्षेपणको आधार मानिएको छ।

यसरी विश्लेषण गर्दा सूर्योदय नगरपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालनका लागि कूल रु .१२६५.४८ करोड वित्तीय लगानी हुने अनुमान रहेको छ । सार्वजनिक क्षेत्र अन्तरगत ७३३.९८ करोड लगानी हुने अनुमान गरिएको छ भने न्यून हुन आउने रु.५३१.५० करोड निजी, सहकारी तथा गैर सरकारी संस्थाबाट हुने अनुमान गरिएको छ । नगरपालिका स्तरमा भएको छलफल तथा उपलब्ध विवरणका आधारमा आवधिक योजना अवधिमा सार्वजनिक, सहकारी, निजी र गैरसरकारी (राष्ट्रिय र अन्तराष्ट्रिय) क्षेत्रबाट परिचालन हुने कूल रु. १२६५.४८ करोड लगानी विवरण तालिका नं ९ मा दिइएको छ।

**तालिका नं ९ : आवधिक योजनामा बहुक्षेत्रगत अनुमानित लगानी(आ.ब. २०७६/७७ को मूल्यमा)**

| क्र.सं | स्रोत | रकम(रु. करोडमा) | प्रतिसत |
|---|---|---|---|
| १ | सार्वजनिक क्षेत्र | ७३३.९७६४ | ५८ |
| २ | सहकारी क्षेत्र | १५१.८५७ | १२ |
| ३ | निजी क्षेत्र | २५३.०९५ | २० |
| ४ | सामुदायिक तथा गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू | १२६.५४७१ | १० |
| ५ | **जम्मा** | **१२६५.४८** | **१००** |

**चित्र नं २: आवधिक योजनाको लगानी प्रक्षेपण**




**२.८ सार्वजनिक खर्चको वर्गीकरण एवं क्षेत्रगत वाँडफाँड**

नगरपालिकाको संचित कोषबाट आवधिक योजना अवधिमा कूल रु.७३३९७.६७ लाख खर्च हुने प्रक्षेपण गरिएको छ। सो रकम मध्ये राजश्व वाँडफाँड, वित्तीय हस्तान्तरण र प्रत्यायोजित कार्यक्रम वापत सङ्घबाट रु. ४९३९६.५३ लाख(६७.३० प्रतिसत) र प्रदेशबाट रु. १०७४९.९६ लाख(१४.६५ प्रतिसत) तथा आन्तरिक स्रोत बाट ४९८८.१२ लाख(६.८० प्रतिसत), आन्तरिक ऋणबाट ४६०० लाख(६.२७ प्रतिसत) र गत वर्षको मौज्दातबाट ३६६३.०६ लाख अनुमान प्रक्षेपण गरिएको छ। आवधिक योजना अवधिमा सार्वजनिक क्षेत्रबाट हुने लगानी रु. ७३३९७.६७ लाख(५८ प्रतिसत) तथा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रको लगानी रु. ५३१५०.४ लाख(४२ प्रतिसत) समेत कूल रु १२६५४८ लाख लगानी हुने अनुमान गरिएको छ।

**२वर्गीकरण एवं क्षेत्रगत वाँडफाँड सार्वजनिक क्षेत्रबाट नगरपालिकाको आवधिक योजनामा हुने प्रक्षेपित खर्चको १.८.**

आवधिक योजना अवधिमा सार्वजनिक क्षेत्रबाट कूल रु ७३३.९८ करोड खर्च हुने प्रक्षेपण गरिएको मध्ये रु. ३८१.६७ करोड चालु खर्च(५२ प्रतिसत) र पुँजीगत खर्च रु ३५२.३१ करोड(४८ प्रतिसत) हुने अनुमान गरिएको छ। आर्थिक वर्ष २०७४/७५ देखि आ.ब. २०७६/७७ सम्ममा सङ्घीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदानमा औषत वृद्धि प्रतिसतलाई आधार मानी अन्तर सरकारी वित्तीय हस्तान्तरण अनुमान गरिएकोले योजना अवधिमा यो रकममा अझ बढी अनुपातमा वित्तीय हस्तान्तरण हुने देखिन्छ। आधार वर्ष आ.ब. २०७६/७७ मा नगरपालिकाले स्वीकृत क्षेत्रगत बाँडफाँडको अनुपातलाई आधार मानी आवधिक योजनामा नगरपालिकाको संचित कोषबाट हुने प्रक्षेपित कूल खर्चलाई क्षेत्रगत बाँडफाँड गर्दा आर्थिक क्षेत्रमा १५ प्रतिसत, सामाजिक विकासको क्षेत्रमा ३५ प्रतिसत, वन वातावरण तथा विपद व्यवस्थापनको क्षेत्रमा ५ प्रतिसत, पूर्वाधार विकासको क्षेत्रमा ३५ प्रतिसत र सुशासन, संस्थागत विकास र सेवा प्रवाहको क्षेत्रमा १० प्रतिसत रकम छुट्याइएको छ। उल्लेख भए बमोजिमको खर्चको अनुपातलाई आधार लिईंदा सार्वजनिक क्षेत्रबाट आवधिक योजना अन्तर्गत आथिक क्षेत्रमा रु ११०.१ करोड, सामाजिक विकासको क्षेत्रमा २५६.८९ करोड, वन वातावरण तथा विपद व्यवस्थापनको क्षेत्रमा ३६.७ करोड, पूर्वाधार विकासको क्षेत्रमा २५६.८९ करोड र सुशासन, संस्थागत विकास र सेवा प्रवाहको क्षेत्रमा रु ७३.४ करोड खर्च हुने अनुमान गरिएको छ।(तालिका १०)

**तालिका नं १०: नगरपालिकाको सञ्चित कोषबाट हुने सार्वजनिक खर्चको अनुमान र क्षेत्रगत अनुपात विवरण(आ.व. २०७६/७७ को मूल्यमा रु.करोड)**

| लगानीका क्षेत्र / आ.ब. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | जम्मा | बार्षिक बृद्धि प्रतिसत |
|---|---|---|---|---|---|---|---|
| सार्वजनिक क्षेत्रबाट कूल लगानी | ११६.५७ | १३१.७१ | १४६.१२ | १६१.२८ | १७८.२९ | ७३४ | १० |
| चालु खर्च | ६०.६१ | ६८.४९ | ७५.९८ | ८३.८६ | ९२.७१ | ३८१.७ | |
| पूँजीगत खर्च | ५५.९५ | ६३.२२ | ७०.१४ | ७७.४१ | ८५.५८ | ३५२.३ | |
| **सार्वजनिक खर्चको क्षेत्रगत बाँडफाँड** | | | | | | | **क्षेत्रगत खर्च अनुमानको प्रतिसत** |
| आर्थिक विकास क्षेत्र | १७.४८ | १९.७६ | २१.९२ | २४.१९ | २६.७४ | ११०.१ | १५% |

| लगानीका क्षेत्र / आ.ब. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | जम्मा | बार्षिक बृद्धि प्रतिसत |
|---|---|---|---|---|---|---|---|
| सामाजिक विकासको क्षेत्र | ४०.८ | ४६.१ | ५१.१४ | ५६.४५ | ६२.४ | २५६.९ | ३५% |
| वन वातावरण तथा विपद व्यवस्थापन | ५.८३ | ६.५९ | ७.३१ | ८.०६ | ८.९१ | ३६.७ | ५% |
| पूर्वाधार विकासको क्षेत्र | ४०.८ | ४६.१ | ५१.१४ | ५६.४५ | ६२.४ | २५६.९ | ३५% |
| सुशासन, संस्थागत विकास र सेवा प्रवाह क्षेत्र | ११.६६ | १३.१६ | १४.६१ | १६.१३ | १७.८३ | ७३.४ | १०% |
| **जम्मा** | **११६.५७** | **१३१.७१** | **१४६.१२** | **१६१.२८** | **१७८.२९** | **७३४** | **१००%** |

**चित्र नं ३ : आवधिक योजनाको चालु तथा पूजीगत खर्च प्रक्षेपण(रु. करोड)**




आर्थिक क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.११०.१० करोड कृषी तथा पशुपालन, पर्या–पर्यटन,सहकारी, कृषी व्यवसायिकरणका लागि गरिने उत्पादन, उपक्रम तथा उद्यम, उद्योग, वाणिज्य तथा आपूर्ति सेवा, वित्तीय क्षेत्र र उत्पादनमूलक रोजगारी प्रवर्द्धन सम्वद्ध क्षेत्रगत कार्यक्रमहरूमा खर्च गरिनेछन् । सामाजिक क्षेत्र अन्तर्गत प्रक्षेपित जम्मा खर्च रु.२५६.८९ करोड आधारभूत तथा माध्यमिक शिक्षा, स्वास्थ्य, जनसंख्या तथा पोषण, युवा तथा खेलकुद विकास, खानेपानी तथा सरसफाई क्षेत्र र लैंङ्गिक समानता, सामाजिक समावेशीकरण एवं संरक्षण तथा सुरक्षासम्वद्ध क्षेत्रका कार्यक्रमहरूमा खर्च गरिनेछन् । पूर्वाधार क्षेत्र अन्तर्गत प्रक्षेपित जम्मा खर्च रु.२५६.८९ करोड यातायात पूर्वाधार एवं सहरी तथा कृषी सडक, सिँचाई, विद्युत् र ऊर्जा, आवास भवन तथा शहरी विकास र सामाजिक पूर्वाधारसम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछन् । वन तथा भूसंरक्षण, वातावरण र विपद् व्यवस्थापन क्षेत्र अन्तर्गतका कार्यक्रमहरूमा रु.३६.७० करोड खर्च गरिनेछन् । यसैगरी संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.७३.४० करोड यसका उपक्षेत्र सम्वद्ध कार्यक्रममा खर्च गरिनेछ ।

**चित्र ४: विषय क्षेत्रगत लगानी प्रक्षेपण**




### २.८.२ नगरपालिकाको सञ्चित कोष बाहेकका अन्य सार्वजनिक खर्चको वर्गीकरण एवं क्षेत्रगत बाँडफाँड

माथि उल्लेख भए अनुसार नगरपालिकाको सञ्चित कोषबाट खर्च हुने रकम बाहेक सङ्घ र प्रदेशबाट नगरपालिकाको बजेट संरचना बाहिर प्रत्यायोजित कार्यक्रम अन्तर्गत विषयक्षेत्रगत आधारमा आवधिक योजनामा कूल रु.८८.४० करोड खर्च हुने प्रक्षेपण गरिएको छ। यस प्रकार प्रत्यायोजित कार्यक्रम अन्तर्गत सङ्घबाट रु.८५.३५ करोड(७१५० र प्रदेशबाट रु. ३.०५ करोड(२९.५० गरी जम्मा रु.८५ करोड सङ्घको सामाजिक सुरक्षा कार्यक्रम, सङ्घीय तथा प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका कार्यक्रममहरू, प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत सङ्घ र प्रदेशबाट प्रत्यायोजित गरिने अन्य कार्यक्रमहरूमा खर्च हुने अनुमान गरिएको छ।

### २.९ सार्वजनिक खर्च व्यहोर्ने स्रोतहरू

सूर्योदय नगरपालिकाको प्रथम आवधिक योजना अन्तर्गत प्रक्षेपित खर्च जुटाउन अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गर्नु पर्नेछ।हाल आन्तरिक राजस्वका स्रोतहरूबाट परिचालन गर्न सकिने रकम उल्लेख्य रुपमा बढ्दै गएको र सङ्घ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदान लगायतका रकमहरू पनि बढ्दै गएकोले नगरपालिकाको आवश्यकता अनुसार बार्षिक रुपमा बजेट बढ्दै जाने देखिएको छ। नगरपालिकाको आन्तरिक स्रोतको प्रतिसत ३.२९ छ भने सङ्घ र प्रदेशबाट प्राप्त हुने रकमको निर्भरता करिब ४७.५३ प्रतिसत रहेको छ। आगामी वर्षहरूमा पनि सङ्घ र प्रदेशबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा क्रमिक वृद्धि हुने अनुमान गरिएको छ।

**चित्र ५: सङ्घीय वित्तीय हस्तान्तरणको अनुमान**




प्रक्षेपण अनुसार सङ्घबाट कूल रु.४०८.६२ करोड वित्तीय हस्तान्तरण हुने प्रक्षेपण गरिएको छ। यसमा वित्तीय समानीकरण अनुदान रु.९८.१७ करोड(२४.०३५०), सशर्त अनुदान रु.२१३.०१ करोड(५२.१३५), राजस्व बाँडफाँड रु.७९.३७ करोड(१९.४२५), प्राकृतिक स्रोतको राजस्व बाँडफाँड ६.११ करोड(१.४९%), विशेष अनुदान रु.४.६४ करोड(१.१४५) र समपूरक अनुदान रु.७.३२ करोड(१.७९५) प्राप्त हुने अनुमान गरिएको छ।

यसै गरी प्रदेशबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँड, विशेष अनुदान र समपूरक अनुदानबाट गरी करिब रु.१०४.४५ करोड वित्तीय हस्तान्तरण हुने अनुमान गरिएको छ। यसमा वित्तीय समानीकरण अनुदानमा रु ४.७३ करोड(४.५३५), सशर्त अनुदानमा रु. ७४.१२(७०.९६५), विशेष अनुदान रु २.३२ करोड(२.२२५), समपुरक अनुदान रु ६.११ करोड(५.८५५) र राजश्व बाँडफाँड स्वरूप रु.१७.१७ करोड(१६.४४५) प्राप्त हुने अनुमान गरिएको छ।

यस प्रकार विभिन्न स्रोतहरूबाट आवधिक योजनामा कूल रु.७३३.९८ करोड नगरपालिकाको सञ्चित कोषमा प्राप्त हुने अनुमान गरिएको छ। नगरपालिकाको सञ्चित कोषमा प्राप्त हुने बाहेक सङ्घ र प्रदेश दुवै तहबाट नगरपालिकाको बजेट संरचना बाहिर सङ्घ र प्रदेशको प्रत्यायोजित कार्यक्रम अन्तर्गत क्षेत्रगत आधारमा विषयगत मन्त्रालयहरूबाट पनि यस आवधिक योजनामा थप लगानी हुने अपेक्षा गरिएको छ। यस प्रकार नगरपालिकाको प्रथम आवधिक योजना अवधिमा सार्वजनिक स्रोतहरूबाट कूल रु.७३३.९८ करोड खर्च हुने अनुमान गरिएको छ।

## २.१० बहुपक्षीय स्रोतहरूको परिचालन

नगरपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित आवधिक योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालनका लागि सह-वित्तीयकरण एवं सहकार्यको रणनीतिलाई अवलम्बन गर्दै सार्वजनिक, सहकारी नीजि क्षेत्र र राष्ट्रिय /अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू लगायतबाट पूरक स्रोतहरू परिचालन गरिनेछन् । आवधिक योजनाले परिलक्षित गरेका आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरूका लागि सबै क्षेत्रहरूबाट सम्भाव्य स्रोतहरूको परिचालन गरिनेछ । सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र तथा र राष्ट्रिय /अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट गरी आवधिक योजनामा कूल रु.१२६५.४८ करोड स्रोतहरूको परिचालन गरिने अनुमान गरिएको छ ।

### २सार्वजनिक क्षेत्रबाट स्रोत परिचालन १.१०.

यस नगरपालिकामा सहकारी तथा निजी क्षेत्र सवल भइनसकेको मौजुदा परिस्थितिमा आवधिक योजना अन्तर्गत बढीभन्दा बढी स्रोतहरू सार्वजनिक क्षेत्रबाट नै परिचालन गर्नु पर्ने बाध्यता रहेको छ । यस नगरपालिकाको परिवेशमा सार्वजनिक क्षेत्रबाट परिचालन हुन सक्ने वित्तीय स्रोतहरूको परिचालनतर्फ नगरपालिकाको आन्तरिक राजस्वका स्रोतहरू एवं संकलन हुन सक्ने राजस्वको रकमलाई अत्यधिक मात्रामा परिचालन गरे तापनि कूल लगानीको करिब ३.५ प्रतिसत भन्दा बढी गर्न सकिने स्थिति नरहेकोले सङ्घ र प्रदेशबाट प्राप्त हुन सक्ने विभिन्न अनुदानहरूमा अधिक मात्रामा निर्भर रहनु पर्ने स्थिति विद्यमान रहेको छ । अन्तर सरकारी वित्तीय हस्तान्तरण माथिको बढी निर्भरतालाई कम गर्न आगामी दिनहरूमा आन्तरिक राजस्वका नयाँ स्रोतहरूको सम्भाव्यतालाई हेरिनु पर्नेछ ।
सङ्घ र प्रदेश दुवै तहबाट नगरपालिकाको बजेट संरचना बाहिर प्रत्यायोजित कार्यक्रमको रुपमा क्षेत्रगत आधारमा विषयगत मन्त्रालयहरूबाट रकमहरू उपलब्ध गराउने गरेको सन्दर्भमा सङ्घीय सरकारबाट रु.६० करोड र प्रदेश सरकारबाट रु.२५ करोड गरी आवधिक योजनाको अवधिमा प्रत्यायोजित कार्यक्रमहरूमा कूल रु ८५ करोड परिचालन हुने अनुमान गरिएको छ ।

### २सहकारी क्षेत्रबाट स्रोत परिचालन २.१०.

नेपालको अर्थतन्त्रमा बचत परिचालन, ऋण प्रवाह र आर्थिक एवं सामाजिक क्रियाकलापहरूको विस्तारमा सहकारी क्षेत्रको महत्वपूर्ण योगदान रही आएको छ । सूर्योदय नगरपालिकाको आर्थिक सामाजिक समृद्धिका लागि पनि सहकारी क्षेत्रबाट महत्वपूर्ण योगदान पुग्न सक्ने सम्भावना रहेको छ । जिल्ला सहकारी कार्यालयमा दर्ता भई यस नगरपालिकामा हस्तान्तरण भएका १४० वटा सहकारी संस्थाहरू मध्ये हाल करिब ७० वटा मात्र सक्रिय रुपमा र अन्य सामान्य रुपमा सञ्चालनमा रहेका छन् । यी सहकारी मध्ये बचत तथा ऋण सहकारी, कृषी सहकारी, बहुद्धेश्यीय सहकारी, दुग्ध सहकारी, चिया सहकारी, अलैची खेतीसँग सम्बन्धित रहेका छन् । यीमध्ये बचत तथा ऋण सहकारीको औषत बार्षिक आम्दानी करिब १०,०२ हजार, कृषी सहकारीको ३,६२ हजार, बहुद्धेश्यीय सहकारीको ८,२९ हजार, चिया तथा अलैँचीसँग सम्वन्धि सहकारीको ५०० हजार र दुग्द्य उत्पादन सम्बन्धी सहकारीको १००० हजार रहेको देखिन्छ । सहकारी क्षेत्रबाट बार्षिक करिब २० करोडको लगानी तथा मूल्य अभिबृद्धिमा सहयोग पुगेको देखिन्छ । यसैले सहकारीबाट नगरपालिकाको आर्थिक विकासमा हाल पुगेको योगदानको कदर गर्दै थप वातावरण निर्माण जस्तै वडा केन्द्र देखी नगरपालिकाको केन्द्रदेखि वडाकेन्द्रसम्म पक्की सडकको विस्तार गरी आधुनिक खेतीपाती तथा पशुपालन, मौसमी एवं बेमौसमी तरकारी तथा फलफूल खेती, लघु तथा घरेलु उद्योगको विस्तार लगायतका क्रियाकलापहरूमा सहकारी क्षेत्रबाट उल्लेख्य सघाउ पुग्न सक्ने सम्भावनाहरू विद्यमान रहेको देखिन्छ् ।
नगरपालिकामा आर्थिक क्रियाकलापका सहकारी क्षेत्रको योगदान तत्कालका लागि कम भए तापनि आगामी वर्षहरूमा सहकारी क्षेत्रको योगदान बढ्न सक्ने सम्भावनाहरू विद्यमान रहेका छन् । नगरपालिकामाउपभोग्य वस्तुहरूको आपूर्तिलाई सहज तुल्याउन एवं स्थानीय उत्पादनको बजारीकरणमा सघाउन सहकारी क्षेत्रको पूरक लगानीमा वृद्धि हुनेछ । सहकारी क्षेत्रको मौजुदा न्यून स्थिति र आगामी दिनहरूमा विस्तारका सम्भावनाहरूलाई विचार गर्दा आवधिक योजनामा सहकारी क्षेत्रबाट विशेष गरेर आर्थिक तथा सामाजिक क्षेत्रहरूमा गरि करिव रु.१२६.५५ करोडको लगानी हुने अनुमान गरिएको छ ।

### २लननिजी क्षेत्रबाट स्रोत परिचा ३.१०.

समग्रतामा मुलुकको आर्थिक क्षेत्रमा निजी क्षेत्रको अग्रणी भूमिका रही आएको सन्दर्भमा यस नगरपालिकाको आर्थिक क्षेत्रबाट ठूलो योगदान भएको छ । यस योजना अवधिमा पनि निजी क्षेत्रको योगदान बढाउन सकिने ठूलो सम्भाव्यता रहेको छ । विशेष गरेर सडक पूर्वाधारको क्रमिक विस्तार भइरहेको सन्दर्भमा यस सूर्योदय नगरपालिकामा हाल दर्ता तथा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्था, साना ठूला व्यापारिक प्रतिष्ठानहरू, चिया तथा अन्य प्रशोधन उद्योगहरू, पर्यटन व्यवसायीहरू र अन्य व्यवसायबाट यहाँका जनताको रोजगारी तथा आर्थिक उपार्जन एवं समृद्धि प्राप्तिमा ठूलो योगदान पुगेको छ । यस योजना अवधिमा हाल स्थापना तथा सञ्चालनमा रहेका अतिरिक्त थप सम्भाव्य बैंक तथा व्यापारिक प्रतिष्ठान, निजी तथा सार्वजनिक उद्योगहरू, पर्यटन व्यवसाय र अब थप हुने

सामाजिक क्षेत्रका निजी स्वास्थ्य उपचार केन्द्र र शैक्षिक प्रतिष्ठानहरूको अलावा पर्यटन, प्राङ्गारिक कृषी तथा पशुपालन, खानीजन्य, जडिबुटी तथा वनजन्य उद्योग लगायतका आर्थिक क्षेत्रहरूमा निजी क्षेत्रबाट लगानी बढाउन सकिने सम्भावनाहरू विद्यमान रहेका छन्। यस नगरपालिका क्षेत्रबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूले कमाएको आम्दानी नगरपालिका क्षेत्र बाहेक अन्यत्र लगानी समेत भईरहेकोमा यस योजनाले दिने आकर्षणबाट यसै नगरक्षेत्रमा लगानी बढ्ने अपेक्ष समेत गरिएको छ। यसका लागि आवश्यक सीप तथा उद्यमशीलताको विकास र कर लगायतमा सुविधा दिई लगानीको वातावरण सिर्जना गर्ने कार्यमा विशेष जोड दिइनेछ। निजी क्षेत्रलाई आकर्षित गर्न नगरपालिकाद्वारा निजी क्षेत्र मैत्री कर नीति अवलम्बन गर्नुपर्ने हुन्छ।

नगरपालिका क्षेत्रमा पर्यटन लगायत उद्योग व्यवसाय प्रवर्द्धनका लागि प्रवर्द्धनात्मक नीति तथा प्रयासले आगामी वर्षहरूमा निजी क्षेत्र फष्टाउने सम्भावना रहेको छ। यस नगरपालिकामा उद्योग व्यवसाय प्रवर्द्धनका सम्भावनाहरूलाई विचार गर्दा निजी क्षेत्रबाट आवधिक योजनाको अवधिमा करिव रु.२५३.०९५ करोडको लगानी योगदान हुने अनुमान गरिएको छ।

**२ राष्ट्रिय ४.१०./अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, सामुदायिक वन र जनसहभागिताबाट स्रोतहरूको परिचालन**

सूर्योदय नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा सरकारका अलावा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू लगायतका विकास साझेदारहरू, सामुदायिक वन, विभिन्न धार्मिक तथा सामाजिक संस्थाहरू, स्थानीय क्लवहरू र जनसहभागिताबाट वित्तीय स्रोतहरूको परिचालन हुने सम्भावना रहेको छ। यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका सम्भावनाहरूको उपयोग र पुनर्निर्माणको आवश्यकतालाई सम्बोधन गर्ने गरी हाल विभिन्न राष्ट्रिय /अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू यस नगरपालिकामा क्रियाशील रही आएका छन्। यसैगरी नगरपालिकामा सामुदायिक तथा कबुलियती वन समूहहरू रहेका र नगरपालिकाका करिब सबै परिवार यसबाट लाभान्वित हुँदै आएको अभिलेखबाट देखिन्छ। आ.व. २०७५ /७६ मा यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि यस क्षेत्रबाट करिब रु. ६ करोड खर्च भएको थियो भने चालु आर्थिक बर्ष २०७६ /७७ मा ८.५० करोड खर्च हुने अनुमान गरिएको छ। आगामी वर्षहरूमा पनि सूर्योदय नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा विभिन्न राष्ट्रिय /अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, सामुदायिक वन तथा जनसहभागिताबाट हुने लगानीमा क्रमिक विस्तार हुने देखिन्छ। यस नगरपालिकाको समग्र विकासमा विभिन्न राष्ट्रिय /अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट हुने लगानीका सम्भाव्य अवसरहरूलाई विचार गर्दा आवधिक योजनाको अवधिमा यस नगरपालिकामा यस क्षेत्रबाट करिब रु. १२६.५४रोडको लगानी हुने अनुमान गरिएको छ।

**२.११ आवधिक योजनाको प्राथमिकता**

आवधिक योजनाले लिएको क्षेत्रगत प्राथमकिता र ती प्राथमिकता सम्बद्ध प्रमुख कार्यक्रम देहाय बमोजिम प्रस्तुत गरिएको छ। संकेत गरिएका कार्यक्रमहरू आयोजनाको रुपमा वार्षिक नगर विकास योजनामा समावेश गरिनुपर्छ।

**१. पर्या–पर्यटन, प्रांगरिक कृषी व्यवसायिकरणका लागि गरिने उत्पादन, उपक्रम तथा उद्यमः**

- सीमावर्ती भारतीय बजार दार्जिलिङ, सिक्किम, मिरिक, सुकिया पोखरी लगायतका क्षेत्रमा आउने पर्यटकलाई सूर्योदय दृश्यावलोकनका लागि आकर्षित गर्ने कम्तीमा एक रात बिताउन सहयोग पुग्ने उद्यम र सहयोगी गतिविधि तथा सामाजिक तथा परम्परागत साँस्कृतिक प्रस्तुती
- पर्यापर्यटनको महत्व झल्कने सूचना केन्द्र, प्रचार प्रसार, Cyber cafe with high speed internet.
- सूर्योदय सर्किट करीब १० किमि पैदल हिड्न तथा साइकल चलाउन योग्य नगरको अन्य बजार समेत जोडिने narrow हरीत सडक
- चलचित्र छायांकन खुला Studio र सायंकालिन घुम्ती बजार र साप्ताहिक हाट अबलोकन
- कृषीको व्यवसायिकरण, बजारीकरणका लागि सीमावर्ती बजार र प्रदेशका प्रमुख शहरहरूसँग commercial link promotion programe.
- कृषी उद्यमी विकास, भ्यालुचेन कार्यक्रम,
- दुग्ध उत्पादन, प्रशोधन तथा उपयोग सम्वन्धी कार्यक्रम,

**२. उत्पादनमूलक रोजगारः**

- चिया बगान र आसपासक्षेत्रमा selective tea parlor खोल्न नीजि क्षेत्र संगको सहकार्य, जग्गा lease,

- कृषी तथा गैर कृषी उत्पादनमा हुने भ्यालु एड सम्बन्धी कार्यक्रममा नीजि क्षेत्रलाई प्रोत्साहन,
- सूर्योदयको चिनारी झल्कने स्थानीय souveneir उत्पादन तथा विक्रि,
- बाँस र बाँसजन्य उत्पादनमा स्थानीय सीप र नयाँ प्रविधिका स्वरोजगारका कार्यक्रम,
- Tourist exclusive Electric Van सञ्चालन अनुदान,
- जलविद्युत उपकरण मर्मत सम्भार जनशक्ति तयारी,

**३. शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाः**

- शैक्षिक संस्था र स्वास्थ्य केन्द्र भवन निर्माण, सुधार,
- शिक्षाको गुणस्तर सुधार, सामुदायिक विद्यालयको क्षमता अभिवृद्धि तथा स्तरोन्नति,
- कोभिड १९ र यस्तै प्रकृतिका महामारी नियन्त्रण सम्वन्धी कार्यक्रम,
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन,
- एकल महिला तथा एकल पुरुष लक्षित लैङ्गिक तथा सामाजिक समावेशीकरण कार्यक्रम,
- खानेपानी तथा सरसफाई,
- जनजाति पहिचान र भाषा भाषी उत्थान,
- ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपांगता भएका व्यक्ति, अल्पसंख्यक समुदाय लक्षित कार्यक्रम,
- बीमा प्रवर्द्धन सहयोगी सामाजिक सुरक्षा र सामाजिक संरक्षण कार्यक्रम ।

**४. भौतिक पूर्वाधार विकासः**

- बाह्रै महिना सवारी चल्ने सडक निर्माण /स्तरोन्नति,
- Sunrise Town hall and Multipurpose Building,
- वडा कार्यालय भवन लगायत विषयगत शाखा, सरकारी र सामुदायिक भवन निर्माण,
- भूकम्प प्रतिरोधी घर निर्माण प्रवर्द्धन कार्यक्रम,
- सिँचाई सुविधा विस्तार, यातायात सञ्चालन र व्यवस्थापन प्रणालीमा सुधार,
- अन्तराष्ट्रिय सिमा क्षेत्रमा मौलिक पहिचानयुक्त साङ्केतिक पूर्वाधार निर्माण,
- पर्यटक सुरक्षा र सहयोगका लागि उपकरण जडान तथा सञ्चालन,
- सिद्धी सरोवर निर्माण

**५. संस्थागत विकासः**

- सूचना प्रविधिको विकास, विस्तार र ई–गभरनेन्स सम्वन्धी कार्यक्रम,
- विकास प्रशासन र सार्वजनिक सेवा प्रवाहमा सुधार,
- प्रभावकारी सेवा प्रवाह सम्बन्धी कार्यक्रम,
- सीप तथा क्षमता विकास र रोजगारी सिर्जना,
- स्थानीय शासन प्रणालीमा नागरिक सहभागिता वृद्धि र सामाजिक जवाफदेहिता अभिवृद्धि कार्यक्रम,
- स्रोत पहिचान, परिचालन तथा नगरपालिकाको संस्थागत क्षमता विकास सम्बन्धी कार्यक्रम,
- नगरपालिकाको स्थानीय पहिचान र सामाजिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रम,
- स्थानीय कानून, नीति, निर्देशिका, कार्यविधि र स्रोत सामग्री तर्जुमा, परिमार्जन,
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा सुधार, आदि ।

# परिच्छेद ३

## क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम

### ३.१ आर्थिक विकास

**३.१.१ लक्ष्यः**

**नगरको आर्थिक संरचनामा समयानुकुल सुधार गरी कूल गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आय वृद्धि गरी नगरवासीको आर्थिक अवस्थामा सुधार ल्याउने।**

**३.१.२ उद्देश्य, रणनीति र कार्यनीति**

| क्र.सं | विषयगत उपक्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| १ | आर्थिक विकास | | |
| १.१ | उप क्षेत्रः कृषी तथा पशुपालन<br>उद्देश्यः कृषी तथम पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने | व्यवसायिक र विशिष्टिकृत कृषी /पशुपालनको विकास गरी खाद्यान्न, पशुजन्य उत्पादन र उच्च मूल्य बालीको उत्पादकत्व र उत्पादन बढाउन | • व्यवसायिक कृषी विकास नीति तर्जुमा गरिनेछ।<br>• कृषी उत्पादनमा विविधिकरण गर्न भू–उपयोग सम्बन्धी योजना तर्जुमा गरिनेछ।<br>• प्राविधिक सम्भाव्यताको आधारमा कृषी/पशुपालन पकेट क्षेत्रको विकास र विस्तार गरिनेछ।<br>• असर कृषी अभ्यास र प्रविधिमैत्री कृषी प्रणालीको विकास गरिनेछ।<br>• कृषीको उत्पादन साथै बजारीकरण गरिनेछ।<br>• जग्गाको चक्लावन्दी र सहकारी खेतीको सम्भाव्यता हेरी कार्यान्वयन गरिनेछ।<br>• तुलनात्मक लाभ भएका र आधारभूत खाद्यवस्तुको उत्पादनलाई प्राथमिकता दिईनेछ।<br>• कृषी क्षेत्रमा लगानी वृद्धि गरिनेछ।<br>• एक वडा एक कृषी प्राविधिक अभियानलाई व्यवसायिक कृषक समूह र सहकारी सँग आवद्ध गरिनेछ।<br>• अलैँची लगायतको नगदेवाली र गाई लगायतका पशुपंक्षिमा लाग्ने रोगको उपचार र नियन्त्रण प्रणाली प्रभावकारी बनाईनेछ।<br>• चिया खेतीमा मूल्य श्रृंखलामा आधारित प्रवर्द्धन नीति अवलम्बन गरिनेछ।<br>• चिया कृषक तथा साना उद्यमीहरूलाई न्यून व्याज दरमा ऋण उपलब्ध गराउन पहल गरिनेछ।<br>• कृषी उत्पादनको न्यूनतम समर्थन मूल्य तोकी कार्यान्वयन गरिनेछ।<br>• कृषी उद्यमीलाई "व्यवसायिक प्रोत्साहन पुरस्कार" वितरण गर्ने नीति लिईनेछ।<br>• कृषी क्षेत्रमा हुने जोखिम न्यूनीकरण गर्न भरपर्दो कृषी बीमा लागु गरिनेछ।<br>• जैविक खेतीको विकास गरी कृषी उत्पादनलाई मूल्य अभिवृद्धि श्रृङ्खलामा आवद्ध गरिनेछ। |
| | | | • कृषी शाखाको संस्थागत विकास, प्राविधिक र सम्बन्धित निकायको क्षमता विकास गरिनेछ।<br>• कृषी /पशु सेवा प्रसार कार्यक्रमलाई प्रभावकारी बनाईनेछ। |

| क्र.सं | विषयगत उपक्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | • कृषी उपज भण्डारण तथा वितरणको लागि प्राविधिक तथा व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ ।<br>• पशुपालनलाई आयमूलक तथा सम्मानित पेशाको रुपमा विकास गर्ने नीति लिईनेछ ।<br>• दूध उत्पादनलाई विविधिकरण गरी व्यवसायिक उत्पादनलाई प्रोत्साहन गरिनेछ ।<br>• एक वडा एक पशु स्वास्थ्य कार्यकता अभियानलाई व्यवसायिक कृषक समूह र सहकारी सँग आवद्ध गरिनेछ ।<br>• पशुपालन क्षेत्रमा हुने जोखिम न्यूनीकरण गर्न भरपर्दो पशु बीमा लागु गरिनेछ। |
| | | खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने | • खाद्य तथा पोषण सुरक्षाको हिसाबले जोखिममा रहेको क्षेत्र, वर्ग तथा समुदायमा खाद्यान्न आपूर्ती सहज बनाईनेछ<br>• खाद्य उपलब्धता सुनिश्चित गरिनेछ ।<br>• बालबालिका र गर्भवति तथा सुत्केरी महिलाहरूको पोषणलाई विशेष प्राथमिकता दिईनेछ ।<br>• कृषीबालीमा प्रयोग हुने विषादिको मात्रामा न्यूनीकरण गर्दै विषादिमुक्त नगर निर्माण गरिनेछ । |
| १.२ | उप क्षेत्रः भूमी व्यवस्थापन<br><br>उद्देश्यःभूमीको समुचित उपयोग गर्नु | भू–उपयोग नीति अवलम्बन गर्ने | • जमिनको वर्गीकरण गरिनेछ(खेत, वारी, व्यवसायिक कृषी, आवास क्षेत्र, शहरी क्षेत्र, खुला क्षेत्र, हाट वजार क्षेत्र, विद्यायल/शैक्षिक क्षेत्र, वन क्षेत्र, कृषी उद्यम/औद्योगिक क्षेत्र, वाढी पैहो र जोखिम सम्भावित क्षेत्र)<br>• भूमि प्रशासन सेवालाई विद्युतीय सूचना प्रणालीमा आवद्ध गर्ने नीति लिईनेछ।<br>• खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।<br>• जग्गा करारमा लिई(चक्लावन्दी गर्ने) व्यवसायिक खेती गर्न प्रोत्साहन गरिनेछ। |
| १.३ | उप क्षेत्रः सहकारी<br><br>उद्देश्यः सहकारीलाई कृषी तथा आर्थिक विकासको सहयोगी क्षेत्रको रुपमा विकास गनु | समुदायलाई सहकारीमा संगठित हुन प्रेरित गरी उनीहरूको आर्थिक अवस्थामा सुधार | • सहकारी क्षेत्रको संस्थागत विकासका लागि आवश्यक नीति तर्जुमा गरिनेछ ।<br>• कृषक समूहहरूलाई सहकारीमा आवद्ध हुन प्रेरित गरिनेछ ।<br>• कृषी प्रविधि, कृषी ऋण, साना उद्यमी र आर्थिक विकास सम्बन्धी सरोकारवालाहरू सँगको समन्वय र सहकार्य वृद्धि गर्न वातावरण सिर्जना गरिनेछ ।<br>• सञ्चालनमा रहेका सहकारीहरूको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गर्न गराउन प्रोत्साहन गरिनेछ ।<br>• सबै टोल बस्तीमा रहेका बेरोजगार तथा न्यून आय भएका व्यक्तिहरूलाई उत्पादन सहकारीसँग आवद्ध गर्दै उद्यमशीलता विकास गर्न स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न प्रेरित गरिनेछ । |
| १.४ | उपक्षेत्र | रोजगारीको अवसर | • नगरपालिकालाई सर्वकाल पर्यटन गन्तव्य स्थल(Touristic Land for All seasons) को रुपमा विकास गरिनेछ ।<br>• चिया पर्यटन विकास गर्न चिया अध्ययन केन्द्र र चिया टेस्टिङ सेन्टर(Tea Testing and Promotion Center)स्थापना गरी पर्यटकलाई आकर्षित गर्ने नीति लिईनेछ । |

| क्र.सं | विषयगत उपक्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | • न्यूनतम् १० जनालाई रोजगारी दिने गरी स्थापना हुने उद्योग स्थापना गर्ने उद्योग सम्म पुग्ने सडक, विद्युत, खानेपानी जस्ता आधारभूत पूर्वाधार निर्माण गर्न सहयोग गरिनेछ।<br>• न्यूनतम् २० जनालाई रोजगार दिने पर्यटन उद्योगीहरूलाई व्यवसाय करमा विशेष छुट दिने नीति अवलम्बन गरिनेछ।<br>• नगर क्षेत्रमा रहेका उद्योगका उत्पादित वस्तु तथा सेवाको निर्यात र बजारीकरणका लागी सहजीकरण गरिनेछ।<br>• उद्योग र वाणिज्यको क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरूसँग सहयोग र समन्वय गरिनेछ। |
| | | कृषीजन्य उद्यमको पहिचान र प्रवर्द्धन गर्ने | • कृषीमा आधारित उद्योग /उद्यम स्थापना र सञ्चालनका लागि सहजीकरण गरिनेछ।<br>• सार्वजनिक–निजी साझेदारीमा कृषीजन्य प्रशोधन उद्योग /उद्यम स्थापना र उत्पादित वस्तुको बिक्री वितरणमा सहजीकरण गरिनेछ।<br>• राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको माग अनुरुप गुणस्तरीय चिया, अलैँची,अदुवा, ईस्कूस जस्ता उच्च मूल्यका कृषी उपजको प्रशोधन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। |
| १.५ | उप क्षेत्रः पर्यटन<br><br>उद्देश्यः पर्यटनलाई स्थानीय रोजगारी र आय आर्जनको स्रोतको रुपमा विकास गर्नु | पर्यटकीय गन्तव्यको विकास र विस्तार गरी आधारभुत सेवा सुविधाको सुनिश्चित गर्ने | • पर्या–पर्यटनको विकास तथा प्रवर्द्धन गरिनेछ<br>• वडा नं. १ को माथिल्लो गोर्खे थुम्के क्षेत्रलाई लोपोन्मुख हाब्रे(Red Panda)संरक्षण क्षेत्र घोषण गरी हाब्रे संरक्षण साथै पर्या–पर्यटनको विकास गरिनेछ।<br>• नेपालकै १०० वटा घुम्नैपर्ने पर्यटकीय गन्तव्यमा पर्न सफल कन्याम–फिक्कल–श्रीअन्तु सर्किटलाई नमुना पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न प्रदेश र सङ्घीय सरकारसंग समन्वय गरिनेछ।<br>• असल पर्यटन अभ्यास(Good Tourism Practice)मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ।<br>• आन्तरीक र वाह्य(भारतीय र तेस्रो मुलुक) पर्यटकको चाहना र सम्भावनालाई ध्यानमा राखी पर्यटन नीति तथा योजना तयार गरिनेछ।<br>• स्थानीय कोसेली घरको विकास तथा विस्तार गरिनेछ।<br>• धार्मिक, सांस्कृतिक, कृषी तथा रोमाञ्चक पर्यटन विकासक लागी निजी तथा सामुदायिक क्षेत्रसँगको सहकार्य विस्ता गरिनेछ।<br>• साइकल रुट तयार गरिनेछ।<br>• घोडा चडिलाई प्राथमिकतामा राखिनेछ।<br>• सिद्धी खोलामा सरोवर र एकीकृत बस्ती निर्माण गरिनेछ। |
| १.६ | उपक्षेत्र वाणिज्य र व्यापार | वाणिज्य तथा व्यापार प्रवर्धन गर्नु | • व्यवसाय दर्ता र कर संकलन प्रणालीलाई सरल र सहज बनाईनेछ।<br>• प्रत्येक पसलमा बिक्रीका लागि राखिएका सामग्रीको अध्यावधिक मूल्य सूची राख्न लगाईनेछ।<br>• निश्चित कार्यविधि तयार गरी बजार अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाईनेछ।<br>• परम्परागत हाटबजारलाई समयानुकुल व्यवस्थित गरिनेछ। |

| क्र.सं | विषयगत उपक्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| १ | आर्थिक विकास | | |
| १.७ | उप क्षेत्रः रोजगारी<br><br>उद्देश्यः थप रोजगारीको अवसरक सिर्जना गर्नु | मानव संसाधन विकास गरी रोजगार वृद्धि गर्नु | • मानव संसाधन योजना तर्जुमा गरी कार्यान्यन गरिनेछ ।<br>• बैदेशिक रोजगारीबाट फर्केका युवालाई उनीहरूको सीप भएको क्षेत्रमा उद्यम व्यवसाय गर्न सहयोग र समन्वय गरिनेछ।<br>• न्यून आय भएका युवा लक्षित स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• स्वरोजगार बन्ने चाहना राख्नेहरूका लागी व्यवसायिक तालिम दिई पूजीँ उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।<br>• परम्परागत पेशा व्यवसायलाई आधुनिकिकरण गरी थप रोजगारीको अवसर सिर्जना गर्न सहजीकरण गरिनेछ ।<br>• स्थानीय नागरिकलाई रोजगारी दिन सक्ने उद्योगी, व्यवसायिहरूलाई विशेष प्रोत्साहन गरिनेछ । |
| १.८ | उप क्षेत्रः बैंकिङ<br>उद्देश्यः बैकिङ सुविधामा नगरवासीको पहुँच वृद्धि गर्नु | बैकिंङ क्षेत्रलाई आर्थिक विकासको एक प्रमुख साझेदारको रुपमा विकास गर्ने | • बचत र लगानीको वातावरण मिलाइनेछ ।<br>• सबै नागरिकलाई बैंक खाता खोल्न प्रोत्साहन गरिनेछ ।<br>• बचत समूह र निम्न–मध्यम आय भएका नागरिकहरूलाई बचत अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ ।<br>• बैकिंङ सुविधामा नागरिक पहुँच वृद्धि गरिनेछ।<br>• बैदेशिक रोजगारीबाट फर्किएका र युवालाई कृषी पेशामा आकर्षित गराउन सरल र सहज रुपमा कृषी कर्जा उपलब्ध गराईनेछ ।<br>• कृषी व्यवसाय र साना उद्यमीका लागि लगानी वृद्धि गर्ने बैंक तथा वित्तीय संस्थाहरूलाई प्रोत्साहन गरिनेछ। |

### ३.२ सामाजिक विकास

### ३.२.१ लक्ष्यः आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सामाजिक सुरक्षा जस्ता सेवाको पहुँच र गुणस्तरीयता वृद्धि गर्ने

### ३.२.२ उद्देश्य, नीति र कार्यनीति

| क्र.सं | विषयगत क्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| २ | सामाजिक विकास | | |
| २.१ | उप क्षेत्रः शिक्षा<br><br>उद्देश्यः नगरवासीलाई सरल र सहज ढंगबाट गुणस्तरीय र जीवन उपयोगी शिक्षा प्रदान गर्नु | सबै क्षेत्र, वर्ग, समुदाय र उमेर समूहका बालबालिकाको शिक्षामा पहुँच वृद्धि गर्ने<br><br>गुणस्तरीय सीपमूलक र रोजगारीमूलक शिक्षामा जोड दिने | • नगरपालिका क्षेत्रका सबै विद्यालयको नक्साङ्कन गरिनेछ।<br>• प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम् मापदण्ड निर्धारण गरी व्यवस्थित गरिनेछ।<br>• विद्यालय भर्ना र विद्यार्थी टिकाउदर सम्बन्धी कार्य संगसंगै लगिनेछ ।<br>• विद्यालय छोड्ने दर घटाउन विपन्न, दलित र सीमान्तकृत समुदायका बालबालिकालाई विशेष प्रोत्साहन दिईनेछ।<br>• "सूर्योदय नगरपालिकाको इच्छाः छोरी बुहारीलाई शिक्षा अभियान सञ्चालन गरिनेछ ।<br>• नगरपालिका क्षेत्रका सबै विद्यालयको नक्साङ्कन गरिनेछ।<br>• प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम् मापदण्ड निर्धारण गरी व्यवस्थित गरिनेछ ।<br>• विद्यालय भर्ना र विद्यार्थी टिकाउदर सम्बन्धी कार्य सँगसँगै लगिनेछ । |

| क्र.सं | विषयगत क्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | • विद्यालय छोड्ने दर घटाउन विपन्न, दलित र सीमान्तकृत समुदायका बालबालिकालाई विशेष प्रोत्साहन दिईनेछ।<br>• "सूर्योदय नगरपालिकाको इच्छाः छोरी बुहारीलाई शिक्षा" अभियान सञ्चालन गरिनेछ।<br>• शैक्षिक तथ्याङ्क सहितको फ्ल्याक्स रिपोर्टलाई स्थानीयकरण गरिनेछ ।<br>• विद्यालयको नक्साङ्कन गर्दा अनुमति, स्वीकृति तथा समायोजन र नियमन गरिनेछ ।<br>• कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास कार्यान्वयनमा ल्याईनेछ ।<br>• बालिका र किशोरीहरूलाई विशेष सुविधा दिइनेछ ।<br>• कृषी, पशु स्वास्थ्य, उद्योग, पर्यटन र रोजगारीमूलका क्षेत्रमा सहयोग पुग्नेगरी प्राविधिक शिक्षा प्रदान गरिनेछ।<br>• सबै विद्यालयमा सूचना प्रविधिको प्रयोग वढाइनेछ।<br>• गुणस्तरीय पठनपाठनका लागि निजी, सामुदायिक र सरकारी निकाय बिच समन्वय गरिनेछ ।<br>• उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालय र विद्यार्थीहरूलाई पुरस्कृत गरिनेछ ।<br>• विद्यालय व्यवस्थापन समितिहरूको संस्थागत क्षमता विकास गरिनेछ।<br>• निश्चित मापदण्डका आधारमा विद्यालय गाभ्ने नीति अवलम्बन गरिनेछ ।<br>• निश्चित मापदण्ड निर्धारण गरी विद्यालयको न्यूनतम् भौतिक सुविधा विकास गरिनेछ।<br>• शिक्षक तालिम र क्षमता विकास गरिनेछ ।<br>• सबै विद्यालयलाई बालमैत्री विद्यालय बनाईनेछ। |
| २.२ | उप क्षेत्रः स्वास्थ्य<br><br>उद्देश्यः सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभुत स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्नु | अन्तर सरकारी समन्वय र निजी, सामुदायिक र गैर सरकारी क्षेत्रको सहयोगमा नगरवासीलाई गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने । | • स्वास्थ्य तथा पोषण सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• स्वास्थ्य संस्थाको संरचना, भौतिक पूर्वाधार, उपकरण, जनशक्ति र स्वास्थ्य व्यवस्थापनमा समायानुकुल सुधार र बढोत्तरी गरिनेछ।<br>• स्वास्थ्य संस्थाका भवन तथा पूर्वाधारलाई बालमैत्री, अपाङ्तामैत्री र भूकम्प प्रतिरोधी वनाईछ।<br>• रोग लागि सकेपछि उपचार गर्नुभन्दा रोगनै लाग्न नदिनु वेश हुन्छ भन्ने नीति अनुरुप स्वास्थ्य सुरक्षा र खानपान तथा आनिबानी सम्वन्धी जनचेतना जगाउन समुदायसँग सहकार्य गरिनेछ ।<br>• परम्परागत उपचारमा संलग्न जनशक्तिको स्वास्थ्य सम्बन्धी क्षमता विकास गरिनेछ।<br>• स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास र विस्तार गरिनेछ।<br>• आधारभुत औषधीको नियमित आपूर्ती गरिनेछ ।<br>• हाल देखापरेको कोरोना भाईरस(कोभिड–१९) जस्तो सम्भावित आपतकालीन, प्रकोपजन्य र महामारी हुन सक्ने अवस्थालाई ध्यानमा राखि स्वास्थ्य सुरक्षा कोष, पूर्वाधार विकास र स्वास्थ्य सामग्री व्यवस्थापन गर्ने नीति लिईनेछ ।<br>• पशुपतिनगरमा रहेको स्वास्थ्य केन्द्रको क्षमता विकास गरी कोभिड–१९ को परीक्षण लगायत अन्य सम्भावित रोगहरूको |

| क्र.सं | विषयगत क्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | उपचार गर्ने व्यवस्था मिलाईनेछ ।<br>• प्रत्येक वडामा प्रसुती केन्द्र सहितको स्वास्थ्य संस्था स्थापना /सञ्चालन गरिनेछ ।<br>• सबै नगरवासीहरूलाई अनिवार्य स्वास्थ्य बीमामा आवद्ध गर्ने नीति लिईनेछ ।<br>• निजी क्लिनिक, अस्पताल, ल्याव तथा स्वास्थ्य संस्थाहरूको सञ्चालन मापदण्ड अनुसार भए नभएको नियमन गरिनेछ ।<br>• सबै स्वास्थ्य संस्थामा वैकल्पिक ऊर्जाको व्यवस्था गरिनेछ। |
| २.३ | उप क्षेत्रः खानेपानी तथा सरसफाई<br><br>उद्देश्यः सबै नगरवासीलाई खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउनु | स्वच्छ खानेपानी तथा आधारभुत सरसफाई सुविधामा पहुँच विस्तार गर्ने | • स्वच्छ खानेपानी तथा सरसफाई सुविधा नपुगेका स्थानहरूको पहिचान गरी सेवा उपलब्ध गराईनेछ ।<br>• खानेपानी मुहान सरसफाई र पानीको स्रोत संरक्षणमा समुदायको भूमिका वृद्धि गरिनेछ ।<br>• "एक घर– एक धारा, एक शौचालय" को नीति अवलम्बन गरिनेछ ।<br>• सबै सरकारी कार्यालय, विद्यालय र सामुदायिक भवनमा बालमैत्री तथा अपाङ्गतामैत्री शौचालय निर्माण गरिनेछ ।<br>• सार्वजनीक शौचालयको संख्या र गुणस्तरमा सुधार गरिनेछ।<br>• नदी, खोला तथा सार्वजनीक स्थलमा फोहोर फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ ।<br>• खानेपानीको स्रोत र वहाव क्षेत्रको ५० मिटर आसपासमा रसायनिक मल, विषादि तथा कुनै पनि किसिमले प्रदुषण गर्ने कार्यलार्य दण्डनीय गरिनेछ ।<br>• खानेपानी मुहानको २५ मिटर आसपासमा कुनै कुनैपनि किसिमको रुख बिरुवा ढालफाँड गर्न नपाईने नीति अवलम्बन गरिनेछ ।<br>• नगरपालिकाको वडा नं. १ लाई पानीको उद्गम तथा संरक्षित क्षेत्रको रुपमा विकास गर्न एकीकृत गुरुयोजना निर्माण गरिनेछ ।<br>• खानेपानीको स्थानीय मुहान संरक्षण तथा मुहान आसपास पानी प्रदायक वनस्पती रोपण कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| २.४ | उपक्षेत्र सूचना तथा संचार<br><br>उद्देश्यः सूचनामा सबै नागरिकको पहुँच सहज बनाउनु | सुसूचित हुन पाउने नागरिकको सूचनाको हक प्रत्याभूत गराउने | • सूचना तथा सञ्चार क्षेत्रको विकासको लागि आवश्यक पर्ने नीति तथा कानूनमा सुधार गरिनेछ ।<br>• नगरपालिकाबाटसञ्चालन भएका कार्यक्रमहरूको जानकारी सार्वजनिक संचार माध्यमबाट सूचित गरिनेछ।<br>• मोबाईल फोनमा नागरिक पहुँच वृद्धि गरिनेछ ।<br>• इमेल, ईन्टरनेट सेवा प्रभावकारी बनाउन पहल गरिनेछ।<br>• स्थानीय पत्रपत्रिका प्रकाशनमा प्रोत्साहन गरिनेछ ।<br>• एफ्. एम्. रेडीयोको क्षेत्र विस्तार गरिनेछ । |
| २.५ | उप क्षेत्रः भाषा तथा संस्कृति | स्थानीय भाषा, संस्कृति, कला र धार्मिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने | • स्थानीय भाषा, संस्कृति, कला र धार्मिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धनको लागि स्थानीय नीति तर्जुमा गरिनेछ ।<br>• स्थानीय भाषा, साहित्य र सम्पदाको संरक्षण र सम्बर्द्धनमा स्थानीय सहभागिता वृद्धि गरिनेछ । |
| २.६ | उप क्षेत्रः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | महिला लक्षित तथा सीमान्तकृत समुदायको क्षमता विकास गर्ने | • महिलाहरूलाई स्वरोजगार आत्मसम्मानित बनाउन महिलाको नाममा दर्ता हुन आउने उद्योग व्यवसायमा ३५ प्रतिसत शुल्क छुट दिइनेछ ।<br>• यस नगरपालिकामा गठन हुने उपभोक्ता समिति, सहकारी संस्था तथा अन्य कुनै सङ्घ संस्थामा महिला सहभागिता न्यूनतम् ४० |

| क्र.सं | विषयगत क्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | प्रतिसत रहने नीति लागु गरिनेछ ।<br>• दलित समुदाय लक्षित उद्यम विकास सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।<br>• सामाजिक बंचितीकरणमा परेका लक्षित वर्गले उत्पादन गरेका सामग्रीहरूको बजारीकरणमा सहयोग र समन्वय गरिनेछ ।<br>• लक्षित समूहलाई स्वरोजगारमा लाग्न प्रेरित गरिनेछ ।<br>• लक्षित वर्गको आवश्यकता र योजनाहरूमा नगरपालिकाको निश्चित प्रतिसत बजेट लगानी गरिनेछ। |
| | | लैङ्गिक तथा सामाजिक हिंसा र सबै प्रकारका विभेद कम गर्ने । | • प्रत्येक वडामा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना र सञ्चालन गरिनेछ ।<br>• महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी अन्तराष्ट्रिय महासन्धि कार्यान्वयनमा जोड दिईनेछ ।<br>• दीगो विकास लक्ष्यलाई स्थानीयकरण गरी कार्यान्वियन गरिनेछ ।<br>• बंचितीकरणमा परेका समुदायको सामाजिक तथा आर्थिक विकासलाई प्राथमिकतामा राखिनेछ।<br>• महिला, बालबालिका र विपन्न वर्गप्रति हुने सबै प्रकारका विभेद र हिंसा कम गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। |
| २ | सामाजिक विकास | | |
| २.७ | उप क्षेत्रः युवा तथा खेलकुद<br>उद्देश्यः युवालाई उद्यमशील बनी स्वरोजगारमा लाग्ने वातावरण सिर्जना गर्नु | युवा वर्गको क्षमता विकास गरी उनीहरूलाई सामाजिक, अर्थिक र खेलकुद गतिविधिमा संलग्न गराउने | • नगर क्षेत्रका युवा जनशक्तिलाई सीपमूलक तालिम दिई उद्यम व्यवसायमा संलग्न गराईनेछ।<br>• युवाको क्षमता विकास गरी रोजगारीसँग आवद्ध गरिनेछ ।<br>• परम्परागत पेशा र व्यवसायलाई बजारअनुकुल बनाउन सहयोग गरिनेछ।<br>• युवाको उद्यमशिलता क्षमता विकास गरिनेछ ।<br>• युवा स्वयंसेवकको विकास गरी विपद् व्यवस्थापन, वातावरण संरक्षण, शिक्षा, स्वास्थ्य, खेलकुद लगायतका क्षेत्रमा परिचालन गरिनेछ ।<br>• खेलकुदको विकासमा निजी क्षेत्रको सहभागिता वृद्धि गर्ने वातावरण मिलाईनेछ।<br>• वार्षिक खेलकुद क्यालेण्डर निर्माण गरी नगरस्तरीय खेलकुद सञ्चालन गरिनेछ।<br>• "एक वडा एक खेल मैदान" को अवधारणा अनुसारखेल मैदान निर्माण गरिनेछ।<br>• राष्ट्रियस्तरमा उत्कृष्ट भई पुरस्कार प्राप्त गर्ने नगर क्षेत्रका खेलाडीहरूलाई सम्मान गरिनेछ । |
| २.८ | उप क्षेत्रः बालबालिका<br><br>उद्देश्यः बाल अधिकारको सुनिश्चितता गनु | बालमैत्री नगर स्थापना गर्ने<br>किशोरकिशोरीको क्षमता विकास गर्ने | • बालमैत्री स्थानीय शासन रणनीतिको स्थानीयकरण गरिनेछ।<br>• बाल संरक्षण र बालसहभागिता नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्दा बालबालिकाको संस्थागत सहभागिता गराईनेछ ।<br>• बालविवाह, वालश्रम लगायतका बालबालिका र किशोरकिशोरीहरू प्रति हुने हिंसालाई नियन्त्रण गरिनेछ।<br>• नगरपालिकाको वार्षिक योजना तर्जुमा प्रक्रियामा बालबालिका र किशोरकिशोरीको अर्थपूर्ण सहभागिता वृद्धि गरिनेछ।<br>• बालमैत्री घोषणा भएका वडाहरूलाई पुरस्कृत गरी विशेष स्रोत र सुविधा उपलब्ध गराईनेछ। |

### ३.३ पूर्वाधार विकास

### ३.३.१ लक्ष्यः भौतिक पूर्वाधारको विकास, सेवाको पहुँच र गुणस्तरीयता वृद्धि गर्ने ।

### ३.३.२ उद्देश्य, रणनीति र कार्यनीति

| क्र.सं. | विषयगत क्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| ३ | पूर्वाधार विकास | | |
| ३.१ | उप क्षेत्रः सडक तथापुल<br><br>उद्देश्यः सबैवडाहरूमा यातायात सेवा विस्तार गर्ने | • पक्कि सडक तथा पुल निर्माण गर्ने<br>• यातायात सञ्चालन र व्यवस्थापन प्रणाली सुदृढ बनाउने | • सबै वडाहरूलाई सडक सञ्जालले जोडी यसलाई नगरपालिकाको केन्द्रसम्म जोडिनेछ।<br>• सडक निर्माण गर्दा पर्यावरण, खानेपानी मुहान, वनजङ्गल, खेतीयोग्य भूमि जस्ताक्षेत्रमा पर्न सक्ने नकारात्मक असरलाई न्यूनीकरण गरिनेछ।<br>• नगरपालिका भित्र रहेका नगर, प्रदेश र राष्ट्रियस्तरका सडकको दायाँबायाँ अधिकारक्षेत्रको मापदण्ड अनुसार पालना गर्ने गराउने कार्यलाई प्राथमिकतामाराखिनेछ।<br>• सडक क्षेत्राधिकारको यकिन गर्न सडक डिभिजन कार्यालय र नापी कार्यालयसँग समन्वयगरी रेखाङ्कन र लगत कट्टा गर्ने नीति लिईनेछ।<br>• सबै वडाहरूमा बाह्रै महिना यातायात सेवा सुचारु गरिनेछ।<br>• निर्माणाधिन वसपार्क लगायतका भौतिक संरचनाहरू सम्पन्न गरिनेछ ।<br>• फिक्कल बजार र आसपासको क्षेत्रलाई ध्यानमा राखि सवारी पार्किङको व्यवस्थापन गर्न बहुतले सवारी पार्किङ्गको निर्माण गरिनेछ ।<br>• सवारी साधन सञ्चालन र व्यवस्थापमा निजी क्षेत्रको सहयोग लिईनेछ। |
| ३.२ | उप क्षेत्रः सिँचाई<br>उद्देश्यः कृषी योग्य भूमिमा बाह्रै महिना सिँचाई सुविधा पुर्‍याउनु | • विद्यमान सिँचाई प्रणालीमा सुधार गर्ने<br>थप सिँचाई योजना सञ्चालन गर्ने | • पानी उपयोगको मापदण्ड निर्धारण गरिनेछ ।<br>• पुरानो नहर तथा कूलोहरूलाई व्यवस्थित गर्न मुहान संरक्षणको नीति लिईनेछ ।<br>• कृषी विकासको सम्भावना र जनसहभागिता जुट्न सक्ने सिँचाई आयोजना प्राथमिताका साथ निर्माण गरिनेछ।<br>• कृषी पकेट क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाई सुविधा विस्तार गरिनेछ।<br>• परम्परागत सिँचाई प्रणालीको व्यवस्थापनमा स्थानीय उपभोक्ता समिति /कृषक समूहलाई प्राविधिक तथा आर्थिक सहयोग गरिनेछ। |
| | | | • नयाँ सिँचाई प्रविधिको विकास गरिनेछ।<br>• कृषी र सिँचाई सम्बन्धी क्षेत्रका साझेदार र सरोकारवाला निकायहरूविच समन्वय गरिनेछ। |
| ३.३ | उप क्षेत्रः भवन तथा शहरी विकास<br><br>उद्देश्यः सुक्षित आवास र शहरी विकास पूर्वाधार विकास गर्नु | शहरी पूर्वाधार विकास गर्ने<br>राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन गर्ने | • सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्न पूर्वाधार विकास गर्ने नीति लिईनेछ।<br>• वातावरणमैत्री पर्यटन प्रवर्द्धन गर्न संस्थागत क्षमता र पूर्वाधार विकास गरिनेछ।<br>• आधारभूत शहरी पूर्वाधारको विकास गरिनेछ।<br>• शहरी विकास मापदण्ड तर्जुमा गरी लागु गरिनेछ।<br>• जोखिमयुक्त क्षेत्र, सांस्कृतिक सम्पदा र कृषीयोग्य क्षेत्रमा भवन लगायतका पूर्वाधारको निर्माणलाई दुरुत्साहित गरिनेछ । |

| क्र.सं. | विषयगत क्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | • संयुक्त आवास विकासको अवधारणा प्रवर्द्धन गरिनेछ।<br>• अति विपन्न परिवारका घरको छाना फुसको भएमा त्यस्ता घरको छाना नगरपालिकाले प्रतिस्थापन गरी व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।<br>• नगरपालिका क्षेत्रमा निर्माण गरी निजी, सामुदायिक लगायत सबै किसिमका भवन निर्माणका लागि भवन निर्माण आचार संहिताको पूर्ण पालना गरी भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।<br>• साना चिस्यान केन्द्र सबै वडामा निर्माण गरिनेछ।<br>• नगर क्षेत्रभित्रका जग्गा कित्ताकाट गरी किनवेच गर्दा जग्गाको क्षेत्रफल १९०.७८वर्ग मिटर(६ आना) भन्दा कम कित्ताकाट गरी वेचविखन गर्न रोक लगाईनेछ। |
| ३.४ | उप क्षेत्रः ऊर्जा<br><br>उद्देश्यः ऊर्जामा नागरिकको पहुँच वृद्धि गर्नु | विद्युत प्रशारण र वितरण प्रणाली प्रभावकारी बनाउने | • विद्युत सेवा नपुगेका वस्ती, टोलहरूमा लागत सहभागिताको नीति अनुरुप विद्युत वितरण गरिनेछ।<br>• विद्युत चुहावट नियन्त्रण सम्बन्धी कार्यमा स्थानीय समुदायको सहभागिता वृद्धि गरिनेछ।<br>• चिया प्रशोधन कारखाना, साना, मझौला, ठूला कलकारखाना तथा व्यवसायिक केन्द्रहरूमा आवश्यक पर्ने ट्रान्सफर्मर तीन फेज लाईनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ।<br>• सामुदायिक विद्युत आयोजनाहरूलाई प्रतिस्थापन गरी नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा लैजान पहल गरिनेछ। |
| | | वैकल्पिक तथा नवीकरणीय ऊर्जाको उत्पादन र उपयोग वृद्धि गर्ने | • सबै घरधुरीमा राष्ट्रिय प्रशारण लाईनबाट विद्युत वितरण गर्ने र सम्भावना र अवसरका आधारमा वैकल्पिक ऊर्जाको विस्तार गरिनेछ।<br>• दुई वर्षभित्र प्रत्येक नगरवासीको घरघरमा उज्यालोको लागि प्रयोग गरिने परम्परागत साधन(टुकी, मैनवत्ती, दियालो, आदि) प्रतिस्थापन गरिनेछ।<br>• वैकल्पिक र नवीकरणीय ऊर्जा सम्बन्धी नीति तर्जुमा गरिनेछ।<br>• निजी तथा सामुदायिक साझेदारीमा लघु तथा साना जलविद्युत उत्पादन गर्न प्रोत्साहन गरिनेछ। |
| ३.५ | उप क्षेत्रः स्थानीय पूर्वाधार | स्थानीय पूर्वाधार विकास गर्ने | • नगरपालिकाले निर्माण गरेका पूर्वाधारहरूको उपयोग र मर्मत सम्भारका लागि टोलविकास संस्था लगायतका सामुदायिक संस्थाहरूको परिचालन गरिनेछ।<br>• भौतिक पूर्वाधार विकास अन्तर्गत वडास्तरमा तीन लाख र नगरस्तरमा दश लाख लाख भन्दाबढी लागतका आयोजना सञ्चालन गर्ने नीति लिईनेछ।<br>• नगरस्तरीय गौरवका आयोजनाहरू कार्यान्वयनमा सङ्घ र प्रदेश सरकार सँग सहयोग रसमन्वय गरिनेछ।<br>• भौतिक पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री, बालमैत्री, अपाङ्गतामैत्री र विपद्व्यवस्थापन पक्षलाई ध्यानमा राखिनेछ। |

## ३.४ वन तथा वातावरण संरक्षण र प्रकोप न्यूनीकरण

**३.४.१ लक्ष्यः जलवायु अनुकूलन र वातावरणमैत्री विकास प्रणालीको अवलम्बन गरी सफा, स्वच्छ र हरित वातावरणको प्रवर्द्धन गर्ने**

**३.४.२ उद्देश्य, रणनीति र कार्यनीति**

| क्र.सं. | विषयगत क्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| ४ | वन तथा वातावरण संरक्षणर प्रकोप न्यूनीकरण | | |
| ४.१ | उप क्षेत्रः वन<br><br>उद्देश्यः दीगो वन व्यवस्थापन र वातावरण, जैविक विविधता र जलाधारको संरक्षण गर्नु | सामुदायिक सहभागितामा वन पैदावारको उत्पादन, जैविक विविधता र भू तथाजलाधारको संरक्षण गर्ने | • वन क्षेत्रको अतिक्रमण नियन्त्रण गरिनेछ।<br>• वन र वन पैदावार संरक्षण, उत्पादन र उचित प्रयोगबाट नगरपालिकाको आर्थिक अवस्थामा सुधार ल्याउने नीति अवलम्बन गरिनेछ।<br>• वन व्यवस्थापन, वन्य पैदावार, जलाधार संरक्षण र जैविक विधिताका क्षेत्रमा कामगर्ने सरकारी, गैर सरकारी र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।<br>• हरित अभियान सञ्चालन गरिनेछ।<br>• वन र जलाधार संरक्षणमा स्थानीय समुदायको सहभागिता बढाइनेछ।<br>• दीगो विकास लक्ष्य स्थानीयकरण गरी कार्यान्वयन गरिनेछ।<br>• वन पैदावार व्यवसायिसँग सम्वन्धित सम्पूर्ण सेवाहरूलाई प्रभावकारी बनाउन वडा कार्यालयबाटै सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ। |
| ४.२ | उप क्षेत्रः वातावरण संरक्षण, जलवायू परिवर्तन, फोहोरमैला व्यवस्थापन<br><br>उद्देश्यः विकास कार्य र मानवीय क्रियाकलाप वातावरण र जलवायु अनुकूल नबनाउनु | वातावरण संरक्षण तथा प्रदुषण नियत्रण गतिविधि सञ्चालन गर्ने | • जनस्तरमा वातावरणीय सचेतना र सावधानीका कार्यक्रम सञ्चालन गरिनेछ।<br>• वातावरणमैत्री कार्यक्रम सञ्चालन गरिनेछ।<br>• फोहरमैला व्यवस्थापनमा नयाँ प्रविधिको खोजी गरिनेछ।<br>• खुला स्थानको खोजी, व्यवस्थापन र बाल उद्यान निर्माण गरिनेछ।<br>• वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोडदिईनेछ।<br>• जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न "एक वडा एक पोखरी" कार्यक्रम सञ्चालन गर्नेनीति लिईनेछ।<br>• एक रुख कटानी गर्नेले कम्तिमा दुई रुख हुर्काउनु पर्ने नीति अवलम्बन गरिनेछ।<br>• जन्म दिनको अवसरः नगरवासीलाई दुई बिरुवाको उपहार कार्यक्रम सञ्चालन गर्ने नीतिलिईनेछ।<br>• प्लाष्टिक झोलाको प्रयोग निरुत्साहित गरिनेछ। |
| | | फोहरमैला व्यवस्थापनमा स्थानीय सुमुदायसँग सहकार्य र सहजीकरण गर्ने | • वडास्तरमा उत्सर्जन हुने फोहर वडास्तरमा नै संकलन केन्द्र तथा स्रोतमानै प्रकृतिअनुसार छुट्याई व्यवस्थापन गर्न वडा समितिहरूलाई जिम्मेवारी दिईनेछ।<br>• आनिबानी परिवर्तन सहितको पूर्ण सरसफाई अभियान सञ्चालन गरिनेछ। |
| ४.३ | उप क्षेत्रः विपद्जोखिम न्यूनीकरण | • विपद् व्यवस्थापनको लागि संस्थागत संरचना विकास तथा | • विपद् जोखिमका क्षेत्रको नक्साङ्कन गरिनेछ।<br>• विपद् जोखिम न्यूनीकरण नीतिको प्रभावकारी |

| क्र.सं. | विषयगत क्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | उद्देश्यः विपदबाट हुनसक्ने सबै प्रकारका क्षतिको न्यूनीकरण गर्नु | विस्तार गर्ने<br>• विपद् जोखिम न्यूनीकरणलाई वहु सरोकारको विषयको रुपमा कार्यान्वयन गर्ने | कार्यान्वयन गरिनेछ।<br>• भौतिक पूर्वाधार निर्माण गर्दा विपद् जोखिमको पक्षलाई ध्यानमा राखिनेछ।<br>• विपद् जोखिम र प्रकोप व्यवस्थापनका वारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>• विपद् जोखिम कोषलाई सुदृढ गरिनेछ।<br>• विपद् जोखिम न्यूनीकरणका लागि सरकारी, गैर सरकारी, निजी तथा सामुदायिक क्षेत्रसंग सहकार्य गरिनेछ।<br>• सम्भाव्य विपदबाट हुने क्षति कम गर्न आवश्यक पर्ने संयन्त्र, न्यूनतम् स्रोतसाधन तथा औजारहरूको उचित व्यवस्थापन गरिनेछ।<br>• सम्भावित जोखिम क्षेत्रका वासिन्दाहरूलाई जाखिमबाट बच्ने आकस्मिक व्यवस्थापन सम्बन्धी क्षमता विकास गरिनेछ। |
| ४.४ | उप क्षेत्रः वनस्पति, जैविक विविधता र सिमसार संरक्षण | | • हाल व्यवस्थित जलाधार तथा उप–जलाधार क्षेत्रमा रहेका सार्वजनिक तथा निजी जग्गाका रुख बिरुवाले ओगटेको क्षेत्रफल वृद्धि गरिनेछ।<br>• सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि समुदायसंग सहकार्य गरिनेछ। |

### ३.५ संस्थागत विकास र सुशासन

### ३.५.१ लक्ष्यः दक्ष, उत्तरदायी, पारदर्शी तथा नतिजामूलक प्रशासनको विकास गरी सुशासनको प्रवर्द्धन गर्ने

### ३.५.२ उद्देश्य, रणनीति र कार्यनीति

| क्र.सं. | विषयगत क्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| ५ | संस्थागत विकास रसुशासन | | |
| ५.१ | उप क्षेत्रः विकास प्रशासन | सार्वजनिक सेवाप्रवाहको अवस्थामा सुधार गर्ने | • नगरपालिकाबाट प्रदान गरिने सेवाका लागि Standard Operating Procedure(SoP)बनाई लागु गरिनेछ।<br>• पदाधिकारी तथा कर्मचारीहरूको लागि आचार संहिता निर्माण गरी कडाईका साथ लागुगरिनेछ।<br>• सार्वजनिक सेवाको अनुगमन पद्धति सुदृढ गरिनेछ।<br>• व्यवस्थापन परीक्षण गर्ने परिपाटी स्थापित गरिनेछ।<br>• नियमित रुपमा तेस्रो पक्षबाट सेवाग्राही सन्तुष्टि सर्बेक्षण गरिनेछ<br>• नतिजामा आधारित कार्यसम्पादन प्रणाली लागु गरिनेछ।<br>• कूल लागत ५ लाख वा सो भन्दा माथिका आयोजनाहरूमा अनिवार्य रुपमा आयोजना सूचनापाटी(Project Information Board)राख्ने व्यवस्था मिलाईनेछ। |
| | उद्देश्यः नागरिकहरूले नगरपालिकाबाट नजितामूखी र प्रभावकारी सेवा प्राप्त गर्नु | | |
| | | गैरसरकारी संस्थालाई आर्थिक तथा सामाजिक क्षेत्रमा परिचालन गर्ने | • गैर सरकारी सङ्घ संस्थाको अभिलेख नियमित रुपमा अध्यावधिक गरी व्यवस्थित गरिनेछ।<br>• गैर सरकारी संस्थाहरूको नक्साङ्कन गरिनेछ।<br>• गैर सरकारी संस्थालाई नगरपालिकाको प्राथमिकताका क्षेत्रमा परिचालन गर्न आवश्यकसहयोग र समन्वय गरिनेछ।<br>• गैर सरकारी संस्थाबाटसञ्चालन हुने कार्यक्रम नगरपालिकाको वार्षिक कार्यक्रममासमावेश गर्ने व्यवस्था गरिनेछ।<br>• गैर सरकारी क्षेत्रबाट हुने विकास सम्बन्धी कार्यहरूको नियमित अनुगमन तथा आवश्यकता अनुसार मूल्याङ्कन गर्ने व्यवस्था मिलाईनेछ। |
| | उपलब्ध स्रोत साधनको उच्चतम् उपयोग गर्नु | राजश्व प्रशासनलाई प्रभावकारी बनाउने | • वित्तीय सुशासन तथा बजेट अनुशासन सम्वन्धी नीति निर्माण गरिनेछ।<br>• सार्वजनिक खर्च प्रणाली सम्बन्धी नीतिलाई समयानुकूल परिमार्जन गरिनेछ।<br>• विनियोजन दक्षता एवं कार्यान्वयन प्रभावकारीतामा सुधार गरिनेछ<br>• स्रोतको अधिकतम् उपयोग गरी पूँजीगत खर्च गर्ने क्षमता विकास गरिनेछ।<br>• मध्यमकालिन खर्च संरचना(MTEF)तयार गरी आवधिक योजनाको प्राथमिकता अनुसारको स्रोत साधनको सुनिश्चितता गरिनेछ।<br>• कृषीजन्य उत्पादन, उद्यम विकास, रोजगारी र गरिबी न्यूनीकरणमा टेवा पुर्याउने क्षेत्रमा लगानी वढाइनेछ।<br>• पारदर्शी एवं क्षमतामा आधारित कर प्रणाली अवलम्बन गरिनेछ।<br>• करको दर भन्दा दायरा फराकिलो गर्ने नीति लिईनेछ।<br>• नगरपालिकाबाट उपलब्ध हुने सेवाहरूलाई न्यूनतम् शुल्क सँग आवद्ध गरिनेछ।<br>• विद्युतीय कर राजश्व अभिलेख प्रणालीमा समयानुकुल सुधार गरिनेछ।<br>• उपलब्ध स्रोतको उच्चतम् परिचालन हुने गरी सार्वजनिक खर्च |

| क्र.सं. | विषयगत क्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | प्रणालीमा सुदृढ गरिनेछ ।<br>• राजश्व प्रशासन प्रणालीमा सुधार गरिनेछ ।<br>• आवधिक योजना, विषय क्षेत्रगत योजना र वार्षिक योजना विच सामन्जस्यता कायम गरिनेछ ।<br>• गैर बजेटरी खर्च निरुत्साहित गरिनेछ ।<br>• सार्वजनिक वित्त व्यवस्थापन क्षमता अभिवृद्धि गरिनेछ ।<br>• वित्तीय जोखिम न्यूनीकरण प्रणालीको विकास र अवलम्बन गरिनेछ । |
| ५.२ | उप क्षेत्रः सार्वजनिक सेवा प्रवाह र सुशासन | सार्वजनिक सेवालाई जवाफदेही र पारदर्शी बनाई विधिको शासन स्थापित गर्ने | • नीति, कानून, कार्यविधि, मापदण्ड तर्जुमा गर्दा सरोकारवालाको सहभागिता गराईनेछ ।<br>• समावेशी नीति अवलम्बन गरिनेछ ।<br>• क्षतिपूर्ती सहितको नागरिक वडापत्र लागु गरिनेछ ।<br>• खाद्यवस्तुको नियमन प्रकृया व्यवस्थित र परिणाममुखि गरिनेछ ।<br>• आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिनेछ ।<br>• सूचना प्रविधिको उपयोग गरी सामुदायिक सूचना प्रणाली सुदृढ गरिनेछ।<br>• वडा कार्यालयबाट प्रवाह हुने सेवालाई थप सहज, सरल र पारदर्शी बनाउदै लगिनेछ। |
| ५.३ | उप क्षेत्रः मानव संशाधन विकास | नतिजामूखी सेवा प्रदान गर्न सक्ने गरी जनशक्तिको क्षमता विकास गर्ने | • संगठन व्यवस्थापन सर्बेक्षण(O&M) गरी संरचना, कर्मचारी दरवन्दी र सेवाको आवश्यकता निर्धारण /अध्यावधिक गरिनेछ ।<br>• जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासको लागि तालिम आवश्यकता पहिचान(TNA)गरी सो को कार्यान्वयन गरिनेछ ।<br>• टोल विकास संस्था /सामुदायिक संस्था, बाल क्लब /संजाल लगायत समुदाय र सङ्घ संस्थाकोतालिम आवश्यकता विश्लेषण गरी तालिम दिने व्यवस्था मिलाईनेछ ।<br>• कर्मचारी तथा पदाधिकारीलाई प्रविधिमैत्री बनाईनेछ।<br>• कर्मचारीको वृति विकासलाई कार्य सम्पादन प्रणाली सँग आवद्ध गरिनेछ ।<br>• कर्मचारी प्रशासन प्रणालीलाई व्यवस्थित गरिनेछ । |
| ५.४ | उप क्षेत्रः विद्युतीय सूचना प्रविधि, पूर्वाधार र संस्थागत क्षमता विकास | सूचना प्रविधिको विकास गर्ने | • नगरपालिकाका महत्वपूर्ण निर्णय तथा सूचना र जानकारीहरू नगरपालिकाको आधिकारिक वेभपेज मार्फत सार्वजनिक गरिनेछ।<br>• नगरपालिकालाई सूचना प्रविधिमैत्री नगरको रुपमा विकास गरिनेछ।<br>• नगरको सम्पूर्ण सूचना तथा सेवालाई सहजरुपमा प्राप्त गर्न सकिने नगर मोबाईल एपलाई झनै प्रभावकारी बनाईनेछ ।<br>• कृषक समूह तथा सहकारीहरूलाई सूचना तथा सञ्चारमा आवद्ध गर्न ई–एग्रीकल्चर को अवधारणा लागु गरिनेछ । |
| ५.५ | उप क्षेत्रः सामाजिक सुरक्षा<br><br>उद्देश्यः राष्ट्रिय तथा स्थानीय नीति अनुरुप सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा नागरिक पहुँच वृद्धि गर्नु | सामाजिक सुरक्षा तथा संरक्षणलाई प्रभावकारी बनाउने | • सामाजिक सुरक्षा तथा अभिलेख र सूचना प्रणाली व्यवस्थित गरिनेछ।<br>• सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।<br>• सम्बन्धित व्यक्तिले सहजै प्राप्त गर्न सक्ने गरी सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गरिनेछ ।<br>• सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमको एकीकृत अभिलेख राखिनेछ।<br>• ज्येष्ठ नागरिक ज्ञान केन्द्र स्थापना गरिनेछ ।<br>• अन्तरपुस्ता ज्ञान /प्रविधि हस्तान्तरणका लागि नियमित भेटघाट र |

| क्र.सं. | विषयगत क्षेत्र | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | अन्तरक्रियाको व्यवस्था गरिनेछ।<br>• निजी क्षेत्रको सहयोग र साझेदारीमा वृद्धाश्रम केन्द्र सञ्चालन, व्यवस्थापन र अनुगमन गर्ने नीति लिईनेछ।<br>• सार्वजनिक स्थल, बाटो, भवन, अस्पताल, शौचालय, खेलमैदान आदि बालमैत्री तथा अपांगतामैत्री हुने गरी निर्माण गरिनेछ। |
| | उप क्षेत्रः अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली<br><br>उद्देश्यः अनुगमन रमुल्यांकन प्रणालीलाई नतिजामुखी बनाउनु | विषय क्षेत्रगत तथा वार्षिक योजनामा दीगो विकास लक्ष्य समावेश गर्ने<br><br>नतिजामुखी अनुगमन मूल्याङ्कन प्रणाली सुदृढ गर्न प्रतिवेदन प्रणालीमा सुधार गर्ने | • दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरिनेछ।<br>• सहभागितामूलक योजना तर्जुमा तथा अनुगमन प्रकृया अवलम्बन गरिनेछ।<br>• संयुक्त अनुगमन प्रणालीको अवलम्बन गरिनेछ।<br>• अनुगमन तथा मूल्यांङ्कन प्रणाली(M&E Framework) तयार गरिनेछ।<br>• वार्षिक योजना तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचनालाई आधार मानिनेछ।<br>• योजना श्रृङ्खला र प्रतिवेदन प्रणालीलाई नतिजासँग आवद्ध गरिनेछ।<br>• आवधिक योजना र सम्बन्धित योजना /आयोजना को स्वतन्त्र संस्था तथा विज्ञहरूबाटअनुगमन, मूल्यांङ्कन गर्ने कार्यलाई संस्थागत गरिनेछ।<br>• दश करोड वा सो भन्दा वढी लागतका आयोजनाको हकमा आयोजना सम्पन्न भएको दुई वर्षभित्रमा तेस्रो पक्षबाट मूल्यांङ्कन गरिनेछ।<br>• अनुगमन,मूल्याङ्कन र वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गरिनेछ।<br>• अनुगमन, मूल्याङ्कन प्रतिवेदन र प्राप्त सुझावहरूलाई आगामी योजना तर्जुमाका लागिआधार मानिनेछ। |

## परिच्छेद– ४
## नतिजा तथा सूचक

### ४.१ आर्थिक विकास

**क्षेत्रगत लक्ष्य:नगरको आर्थिक संरचनामा समयानुकुल सुधार गरी कूल गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आय वृद्धि गरी नगरवासीको आर्थिक अवस्थामा सुधार ल्याउने**

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७६/७७) | आवधिक योजनाको अन्त्यको स्थिति (०७७/७८–०८१/८२) | पुष्ट्याई को आधार |
|---|---|---|---|---|---|---|
| ४.१.१ | गुणस्तरीय कृषी /पशुजन्य उत्पादनमा वृद्धि भएको हुनेछ | कृषी पेशामा आवद्धजनसंख्या | प्रतिसत | ८१.३९ | ७० | |
| | | खेती गरिएको क्षेत्रफल | प्रतिसत | ४२.५४ | ४२.५४ | |
| | | सिंचित क्षेत्रफल | हेक्टर | ७०८ | ८०८ | |
| | | प्रति व्यक्तिखाद्यान्न उत्पादन | के.जी. | १५० | १८० | |
| | | चिया उद्योग स्थापनातथा सञ्चालन | संख्या | ६३ | ७३ | |
| | | व्यवसायिक कृषी फर्म(बहुउद्देश्य समेत) | संख्या | – | १० वटा थप | |
| | | कृषी अनुसन्धानकेन्द्र | संख्या | २ | ३ | |
| | | माटोको गुणस्तरपरीक्षण | घरधुरी | एकीन नभएको | ८१२९ | |
| | | प्राङ्गारिक मल, जैविक विषादी, उन्नत विउविजनको व्यवस्था भएको | घरधुरी | एकीन नभएको | ८१२९(जैविक मल र विषादी आँफै उत्पादन गरी प्रयोग गरेका) नगरपालिकाले ३ स्थानमा उन्नत विउविजन तथा मलखाद सेवा केन्द्र स्थापना गरेको | |
| | | कृषी पकेट क्षेत्रको निर्धारण भएको | संख्या | तरकारी र इस्कुस गरी३ | इस्कुस जोन १, गाईजोन १, चियाजोन १, कफी ब्लक १, तरकारी पकेट क्षेत्र १० | |
| | | आधुनिक कृषी प्रणाली सम्बन्धी दक्षता हासिल हुने(तालिम, यान्त्रिकीकरण) | | तथ्याङ्क उपलब्ध नभएको | २१०० किसानलाई तालिम र ५२५ किसानले आधुनिक यन्त्र औजारको प्रयोग गर्ने | |
| | | व्यवसायिक उत्पादनदिने पशु संख्यामा वृद्धि हुनेछ | संख्या | गाई १५३९९, भैसी ८४३, खसी तथा बाख्रा ४४४०६, सुँगुर २५४६ | गाई १६०६८, भैसी ९४३, खसी तथा बाख्रा ५९४०६, सुँगुर २८७७ | |
| | | दुध उत्पादन(दैनिक सर दर) | लिटर | ३७४३९ | ४६७९९ | |
| | | डेरी उद्योग | संख्या | ६३ | ७० | |
| | | दुध संकलन केन्द्र | संख्या | ६२ | ७८ | |
| | | मासु उत्पादन(वार्षिक) | मे.टन | ४५५.०९ | ५६.८६ | |
| | | गोठ तथा भकारो सुधार | कृषक | २१५ | १५०० | |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७६/७७) | आवधिक योजनाको अन्त्यको स्थिति (०७७/७८–०८१/८२) | पुष्ट्याई को आधार |
|---|---|---|---|---|---|---|
| ४.१.२ | सहकारीको माध्यमबाट उद्यमशीलता र व्यवसाय प्रवर्द्धन गर्ने | सहकारी संस्थाहरूको संख्या | संख्या | १४० | २२० | |
| | | सहकारी मार्फत पूजीँ परिचालन(वार्षिक) | रु | १४ करोड | २५ करोड | |
| | | सहकारीमा संलग्न जनसंख्या | प्रतिसत | २५ | ४० | |
| | | सहकारीहरूले वित्तीय सेवा तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | | – | सहकारीले आफ्ना ५०%सदस्यलाई रु ३ लाख बराबरको वित्तीय सेवा र २५ वटा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | |
| | | सहकारी उद्योग स्थापना तथा व्यवसाय प्रवर्द्धन | | ६ चिया उद्योग | दश वटा कृषीजन्य उद्योगर १४ वटा सुपथ सहकारी पसल सञ्चालन | |
| | | वैंक खाता भएको परिवार | प्रतिसत | ४३ | ५५ | |
| | | कृषी बजारीकरणका लागि ब्याज अनुदानमा ऋण प्राप्त गर्ने कृषक /उद्यमी संख्या | संख्या | सूचना नभएको | ५० | |
| ४.१.३ | पर्यटन लक्षित सेवासुविधा तथा पूर्वाधारको समुचित विकास भएको हुनेछ | पर्या–पर्यटनक्षेत्रमा सुचिकृत स्थानहरू | संख्या | ५ | १० | |
| | | श्रीअन्तुको सूर्योदयस्थलमा पार्क सहितको सार्वजनिक शौचालय सञ्चालन हुने | संख्या | – | १ | |
| | | पर्यटन हव निर्माण | संख्या | – | १ | |
| | | चलचित्र छायांकन स्थलनिर्माण | संख्या | – | १ | |
| | | पर्यटक स्थल बाटोनिर्माण | कि.मि | – | १० | |
| | | पशुपतिनगरमा बुद्धपार्कको निर्माण | संख्या | – | १ | |
| | | होटल तथा लज संख्या | संख्या | ८८ | ९७ | |
| | | रिसोर्ट संख्या | संख्या | १२ | १४ | |
| | | होमस्टे संख्या | संख्या | ५७ | ६६ | |
| | | रेष्टुरेण्ट(चिया /खाजा) | संख्या | १३३ | १४८ | |
| | | कृषी पर्यटनस्थल निर्माण | संख्या | – | ५ | |
| | | पर्यटकीय गन्तव्य क्षेत्रको पहिचान र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार | नियमित | ५३ गन्तव्य स्थल | • पर्यटन सूचना केन्द्र सञ्चालन<br>• २ पदयात्रा, १प्याराग्लाइडिङ, २धार्मिक पर्यटन केन्द्र निर्माण<br>• योग साधना तथा प्राकृतिक उपचार केन्द्र<br>• आयुर्वेद अस्पताल तथा विपश्यना केन्द्र स्थापना र सञ्चालन | |
| | | वार्षिक बाह्य तथा आन्तिरिक पर्यटक आगमन(भारतीय पर्यटक समेत) | संख्या | ५ लाख | ६ लाख | |
| | | पर्यटन प्रवर्द्धनको लागि नीतिगत व्यवस्था भएको हुने | | – | पर्यटन प्रवर्द्धनको रणनैतिक योजना तयारी र कार्यान्वयन भएको | |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७६/७७) | आवधिक योजनाको अन्त्यको स्थिति (०७७/७८–०८१/८२) | पुष्ट्याई को आधार |
|---|---|---|---|---|---|---|
| ४.१.४ | रोजगारीको अवसर वृद्धि भएको हुनेछ(न्यूनतम् रोजगारीकोप्रत्याभूति) | सीप तथा प्रविधियुक्त भएका स्थानीय जनशक्ति | प्रतिसत | १० | ५० | |
| | | व्यावसायिक उत्पादन गर्ने कृषीजन्य उद्यम /कलकारखाना स्थापना | संख्या | – | हरेक वडामा एक | |
| | | बेरोजगार व्यक्ति ररोजगारदाताका बीच उचित सम्पर्क र समन्वय | | – | नगरपालिका स्तरीय एकरोजगार सेवा केन्द्र रहनेछ र प्रत्येक वडामा समुदाय स्तरका रोजगार सम्पर्क कार्यालय स्थापना हुने | |
| | | बेरोजगार व्यक्तिहरूले न्यूनतम रोजगारी प्राप्त गरेका हुने | | – | व्यक्तिहरूले वार्षिक न्यूनतम १०० दिन बराबरको रोजगारी प्राप्त गर्ने | |
| | | स्वरोजगार | संख्या | १३२ | ३०० | |
| | | होटल, लज, होमस्टे तथा चिया पसल | संख्या | २९० | ५०० | |
| | | रोजगारीको लागि अस्थायी रुपमा घरछाडी वाहिर वस्ने जनसंख्या | संख्या | ८१८६ | ६५०० | नगर प्रोफाईल |
| ४.१.५ | भूमि व्यवस्थापन | सुकुम्वासी परिवार | संख्या | – | ५०% कम भएको | |
| | | जमीन ठेक्कामा लिईखेती गरिएको क्षेत्रफल | हेक्टर | – | नीतिगत व्यवस्था भै कार्य प्रारम्भ हुने | |
| | | आफ्नै घर भएका जनसंख्या | प्रतिसत | ९४.१ | १०० | |

### ४.२ सामाजिक विकास

**लक्ष्य: आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, सामाजिक सुरक्षा जस्ता सेवाको पहँच र गुणस्तरीयता वृद्धि गर्ने।**

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार अवस्था (०७६/७७) | आवधिक योजनाको अन्त्यको स्थिति (०७७/७८–०८१/८२) | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|---|
| ४.२.१ | विद्यालय शिक्षामा गुणस्तर सुधार भएको हुनेछ। | कूल साक्षरता | प्रतिसत | ९०.४ | ९५ | नगर प्रोफाइल |
| | | महिला साक्षरता | प्रतिसत | ८७.२५ | ९५ | |
| | | पुरुष साक्षरता | प्रतिसत | ९३.५५ | ९५ | |
| | | प्रारम्भिक बालविकास केन्द्र | संख्या | ५५ | ६८ | |
| | | प्रारम्भिक बालविकास केन्द्रको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिका | प्रतिसत | – | १०० | |
| | | आधारभूत तहमा खुद भर्ना दर | प्रतिसत | – | १०० | |
| | | विद्यालय छोड्ने दर | प्रतिसत | – | ३ | |
| | | शिक्षक–विद्यार्थी अनुपात | दर | १:१२ | १:२० | |
| | | कम्प्युटर सहित इन्टरनेट जडान गरी ऐच्छिक विषय कम्प्युटर पठनपाठन हुने विद्यालय | संख्या | ४ | १४ | |
| | | कम्तिमा ३० विद्यार्थी एक साथ अध्ययन गर्न सक्ने पुस्तकालय भएको विद्यालय | संख्या | १३ | १५ | |
| | | विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | – | १४ | |
| | | नेपाली तथा अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन हुने सामुदायिक विद्यालय | संख्या | – | ३ | |
| | | छात्रछात्राको अलग अलग शौचालय भएको विद्यालय | प्रतिसत | ८४.६२ | १०० | |
| | | अपाङ्गमैत्री शौचालय भएको विद्यालय | प्रतिसत | १६ | ६० | |
| | | सफा पिउने पानी उपलब्ध विद्यालय | प्रतिसत | ६० | १०० | |
| | | प्राविधिक शिक्षाको थप व्यवस्था भई पठनपाठन हुने विद्यालय | संख्या | १ | ३ | |
| | | सिकाई उपलब्धि | प्रतिसत | ४५ | ६५ | |
| | | बालमैत्री आधारभूत भौतिक सुविधा सहित शिक्षण सिकाई भएका विद्यालय | संख्या | ५ | १४ | |
| | | विषय र विद्यार्थीका आधारमा शिक्षक दरवन्दी मिलान भएका | प्रतिसत | – | १०० | |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार अवस्था (०७६/७७) | आवधिक योजनाको अन्त्यको स्थिति (०७७/७८–०८१/८२) | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|---|
| | | विद्यालय | | | | |
| ४.२.२ | स्वास्थ्य सेवामा सुधार आएको हुनेछ | पूर्ण खोप प्राप्त गर्ने लक्षित समूहका बालबालिका | प्रतिसत | ६० | १०० | |
| | | स्वास्थ्य परीक्षण सेवा पाउने गर्भवती महिला | प्रतिसत | ३४ | ८० | |
| | | दुई वर्ष मुनिका बच्चाहरूको बृद्धि अनुगमन | प्रतिसत | ९४ | ९९ | |
| | | स्वास्थ्य संस्थामा सुत्केरी हुने दर | प्रतिसत | २०.८ | ९० | |
| | | पाँच वर्षमुनिका बालबालिकाको श्वास प्रश्वास रोगको जाँच | | ५३१४ जना(१०२६)दुर्घटना दर | एआरआइ दुर्घटना दर घट्ने | |
| | | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिसत | – | ५ | |
| | | जटिल किसिमको प्रसूतिसेवा सहित समग्रमा प्रसूति सेवाको उपलब्धता | | प्राथमिक स्वास्थ्यकेन्द्र फिक्कल र पशुपतिनगर प्राथमिक स्वास्थ्य केन्द्र रहेको | प्राथमिक स्वास्थ्यकेन्द्र फिक्कललाई २५ वेडको अस्पतालमा स्तर उन्नति गरी लाने | |
| | | आधारभुत स्वास्थ्यसेवामा पहुँच वृद्धि हुने | | नौ वटा वडामा स्वास्थ्यसंस्था भएको | सबै(१४ वटै) वडाहरूमा स्वास्थ्य चौकी स्थापना हुने | |
| | | स्वास्थ्य बीमा गरिएका परिवार | प्रतिसत | २०.८७ | ८० | |
| ४.२.३ | बालबालिकाको अधिकार सुनिश्चित भएको हुनेछ | बालविवाह गर्नेको संख्या(१८ वर्ष मुनी उमेर) | संख्या | १८३ | ० | |
| | | कम उमेरमा हुने विवाह(१९–२० वर्ष भन्दा कम) | संख्या | | ० | |
| | | कामदारको रुपमा घरबाहिर वसेका वालवालिका | संख्या | ३३ | ० | |
| | | बाल श्रमिकको संख्या | संख्या | ४१ | ० | |
| | | जन्मदर्ता प्रमाणपत्र भएका ५ वर्ष मुनिका बालबालिका | प्रतिसत | ८७.२३ | १०० | |
| | | बालमैत्री वडा | संख्या | ० | १४ | |
| ४.२.४ | खानेपानी र सरसफाईमा पहुँच वृद्धि हुनेछ | आधारभूत खानेपानी सेवामा पहुँच पुगेको जनसंख्या | प्रतिसत | ९४ | ९९ | |
| | | शौचालय भएको घरपरिवार | प्रतिसत | ९८.२६ | १०० | |
| | | व्यवस्थित शौचालय(बाटरशिल प्यान भएको) भएका घर परिवार | प्रतिसत | ८३.४८ | ९५ | |
| | | दिसा गरेपछि र बालबालिको दिसा धोएपछि सावुन पानीले | प्रतिसत | ६५ | १०० | |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार अवस्था (०७६/७७) | आवधिक योजनाको अन्त्यको स्थिति (०७७/७८–०८१/८२) | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|---|
| | | हात धुने घरपरिवार | | | | |
| ४.२.५ | खेलकुदको विकास र विस्तार भएको हुनेछ | खेल मैदान निर्माण | संख्या | १२ | १४ | |
| | | खेलकुद प्रतियोगिता सञ्चालन | संख्या | – | २० | |
| ४.२.६ | भाषा, संस्कृति | नेपाली बाहेक अन्य मातृ भाषा बोल्ने जनसंख्या | प्रतिसत | ५८.६ | संरक्षण हुने | |
| | | धार्मिक स्थल | संख्या | ७० | संरक्षण हुने | |
| | | सार्वजनिक पाटी, चौतारा | संख्या | ६२ | संरक्षण हुने | |
| | | स्थानीय जात्रा | संख्या | २ | संरक्षण हुने | |
| ४.२.७ | महिला सशक्तीकरण हुने | महिलाहरूलाई आर्थिक रुपमा सवल बनाउने कार्यक्रम सञ्चालन हुने | संख्या | २० | ५० | |
| | | लोपोन्मुख जाति भाषिक समुदायको सांस्कृतिक, सामाजिक, आर्थिक र राजनैतीक चेतना वृद्धि हुने | | – | १ जाति ३ वटा भाषिकसमुदाय | |

## ४.३ वन, वातावरण तथा विपद् व्यवस्थापन

**लक्ष्य: जलवायु अनुकूलन र वातावरणमैत्री विकास प्रणालीको अवलम्बन गरी सफा, स्वच्छ र हरित वातावरणको प्रवर्द्धन गर्ने**

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार अवस्था (०७६/७७) | आवधिक योजनाको अन्त्यको स्थिति (०७७/७८–०८१/८२) | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|---|
| ४.३.१ | हरियाली वन सहितको सफा र विषादीमुक्त नगर बनेको हुनेछ | नगर क्षेत्रभित्रनर्सरीमा बिरुवा उत्पादन | बिरुवा संख्या | नभएको | २५०,००० | नगर प्रोफाईल |
| | | खालि जमिनमा वृक्षारोपण गर्ने | बिरुवा | ४०,००० | २५०,००० | |
| | | वन जंगलले ढाकिएको क्षेत्रफल | प्रतिसत | ५३.११ | ५५ | |
| | | सरकारी वनको क्षेत्रफल | हेक्टर | ८४४१ | संरक्षण भएको | |
| | | सामुदायिक वनको क्षेत्रफल | हेक्टर | ११४१ | १० प्रतिसत वृद्धि | |
| | | निजी वनको क्षेत्रफल | हेक्टर | २३९७ | १० प्रतिसत वृद्धि | |
| | | सामुदायिक वनमा संलग्न घरधुरी | संख्या | १७९३ | १० प्रतिसत वृद्धि | |
| | | फोहरको वर्गीकरण स्थल निर्माण | | – | १ | |
| | | फोहरमैलाबाट जैविक /प्राङ्गारिक मल उत्पादन गर्ने | मेटन | – | प्रारम्भ हुने | |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार अवस्था (०७६/७७) | आवधिक योजनाको अन्त्यको स्थिति (०७७/७८–०८१/८२) | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|---|
| | | स्थायी स्यानिटरी ल्याण्डफिल्ड साईट निर्माण | | ४० रोपनी जग्गा व्यवस्थापन | पक्कि स्यानिटरी ल्याण्डफिल्ड साईट निर्माण हुने | |
| | | सार्वजनिक शौचालय निर्माण | संख्या | १२ | २२ | |
| | | जैविक मल र जैविक औषधीको प्रयोग वढ्ने | | – | ७५ प्रतिसत घरपरिवार विषादि प्रयोगमुक्त हुने | |
| | | घरभित्रको धुवाँमुक्त वडा | संख्या | २ | ५ | |
| | | (संख्या) | | | | |
| | | वातावरणमैत्री वडा | संख्या | – | ५ | |
| ४.३.३ | प्रकोप नियन्त्रण, जोखिम न्यूनीकरण र सिघ्र उद्दार र राहतको व्यवस्था | विपद् व्यवस्थापन शाखा स्थापना | | – | हुने | |
| | | विपद् व्यवस्थापन पूर्वतयारी कार्ययोजना निर्माण | | – | निर्माण हुने | |
| | | विपद् व्यवस्थापन कोष व्यवस्थापन | | – | व्यवस्थापन हुने | |
| | | दमकल सञ्चालन | संख्या | १ | २ | |
| ४.३.४ | जलाधार संरक्षण हुने | नदीनाला तथा उभार क्षेत्रले ओगटेको क्षेत्रफल | प्रतिसत | २.१६ | ५ प्रतिसत वृद्धि | |
| | | तालतलैया, प्राकृतिक पोखरी | संख्या | ७ | १५ | |
| | | संरक्षित क्षेत्रहरूको संख्या | संख्या | – | २ | |
| ४.३.५ | विपद् जोखिम न्यूनीकरणहुने | विपद्बाट प्रभावित घरपरिवार | संख्या | ५७३ | ५० प्रतिसत कम हुने | |
| | | विपद् जोखिम न्यूनीकरणनीति तथा योजना तर्जुमा | | – | तर्जुमा भै कार्यान्वयन हुने | |
| | | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारी | संख्या | – | ५ | |
| | | विपद्का व्यवस्थापनका लागि खुल्ला क्षेत्र | संख्या | ४ | १४ | |
| | | जलवायू अनुकूलन योजना | संख्या | – | तर्जुमा भै कार्यान्वयन हुने | |

## ४.४ भौतिक पूर्वाधार विकास

**लक्ष्यः भौतिक पूर्वाधारको विकास, सेवाको पहुँच र गुणस्तरीयता वृद्धि गर्ने ।**

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार अवस्था (०७६/७७) | आवधिक योजनाको अन्त्यको स्थिति (०७७/७८–०८१/८२) | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|---|
| ४.४.१ | कृषीयोग्य जमिनमा सिँचाई सुविधा बढाउने | बाह्रै महिना सिँचाई हुने क्षेत्रफल | हेक्टर | ७०८ | ७४० | |
| | | स्प्रिंकल सिँचाई सुविधा पुर्‍याउने | किसान संख्या | – | ३००० | |
| | | थोपा सिँचाई योजना | हेक्टर | – | १० | |
| ४.४.२ | विद्युत आपूर्तीमा सुधारगर्ने | विद्युत वितरणको लागि स्टिल पोल राख्ने | | – | सबै वडाहरूमा | |
| | | विद्युत ट्रान्सफर्मरको क्षमता बढाउने | | – | हालको क्षमतामा दोव्वर वृद्धि गर्ने | |
| | | सडक बत्ती विस्तार | | – | ५०० गोटा सडक बत्ती | |
| | | विद्युत जडान गरिएको घरघुरी | प्रतिसत | ९५.५१ | १०० | |
| | | सौर्य उर्जा प्रणाली जडान गरेका घरपरिवार | प्रतिसत | १.७७ | ४ | |
| | | नवीकरणीय ऊर्जाको प्रयोगगर्ने स्वास्थ्य संस्था | संख्या | – | आवश्यकता अनुसार | |
| ४.४.३ | सार्वजनिक भवन तथा पार्क निर्माण हुने | वडा कार्यालय भवननिर्माण | | १० वटा | सबै वडा | |
| | | स्वास्थ्य चौकी भवननिर्माण | | ७ | १४ वटा हुनेछ । | |
| | | पार्क निर्माण | | | १४ | |
| | | निर्माणाधीन पार्क सम्पन्न गर्ने | | | १२ | |
| | | खेल मैदान निर्माण हुन | | | हरेक वडामा १ वटा | |
| | | ढल निकासको व्यवस्था(सबै प्रकारको) | कि.मि. | – | १० | |
| | | पर्यटन प्रवर्द्धन गर्न पर्यटन पदमार्ग निर्माण | | | ५० किमि –साझेदारी० | |
| ४.४.४ | सडक<br>सबै वडाहरूमा १२ महिना यातायात व्यवस्था पुर्‍याइने | सडक संजाल विस्तार हुने | | – | सबै वडा र पक्कि सडक | |
| | | बाह्रै महिना यातायात सुचारु सडक | कि मी | १०७ | १५७ | नगर प्रोफाईल |
| | | कालो पत्रे सडक | कि.मी. | १०७ | १५७ | |
| | | ग्राभेल सडक | कि.मी. | १७ | ६७ | |
| | | ग्रामीण धुले सडक | कि.मी. | ५९ | १५९ | |
| | | झोलुंगे पुल | संख्या | २ | ५ | |
| | | कृषी सडक | कि.मी. | – | २० | |
| | | अन्तरपालिका सडक | कि.मी. | – | ३५ | |
| | | सडक मर्मत सुधार | कि.मी. | – | आवश्यकता अनुसार | |
| | | MTMP मा प्राथमिकीकरण भएका ग्रामिण सडकको स्तरोन्नति गर्ने | कि.मी. | – | ४२ कि.मि | |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार अवस्था (०७६/७७) | आवधिक योजनाको अन्त्यको स्थिति (०७७/७८–०८१/८२) | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|---|
| ४.४.५ | धार्मिक स्थल तथा अमूर्त सम्पदाहरूको संरक्षण तथा जीर्णोद्दार | | | – | • १०वटा गुम्बाहरू जीर्णोद्वार गरिने<br>• १४वटा मन्दिरहरू<br>• १वटा नेवारी भिमसेनथान<br>• सामुदायिक भवन<br>• हाटबजार घर निर्माण | |

## ४.५ संस्थागत विकास र सुशासन

**लक्ष्यः दक्ष, उत्तरदायी, पारदर्शी तथा नतिजामूलक प्रशासनको विकास गरी सुशासन प्रवर्द्धन गर्ने**

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार अवस्था (०७६/७७) | आवधिक योजनाको अन्त्यको स्थिति (०७७/७८–०८१/८२) | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|---|
| ४.५.१ | सुशासनको अवस्थामा सुधार हुनेछ | सामाजिक जवाफदेहिता कार्यविधि तयारी र अवलम्बन | संख्या | – | ३ | |
| | | योजना तर्जुमा, अनुगमन र सामाजिक जवाफदेहिता कार्यक्रममा नागरिक सहभागिता हुने | प्रतिसत | विवरण नभएको | ५ प्रतिसत नागरिक | |
| | | बालमैत्री नगरपालिका घोषणा | संख्या | नभएको | १ | |
| | | स्थानीय कानूनमा सुधार गर्ने | संख्या | – | ३५ | |
| | | स्थानीय सेवा प्रवाह सम्वन्धी निर्देशिका, कार्यविधि र विषयक्षेत्रगत योजना तर्जुमा | संख्या | – | ५ | |
| | | नगरपालिकाबाट प्रदान गरिएको सेवाबाट सन्तुष्ट हुने नागरिक | प्रतिसत | – | ८५ | |
| | | भवन आचार संहिता २०६२ र नगरपालिकाको मापदण्ड कडाईका साथ लागु गर्ने | | – | भवन आचारसंहिता २०६२ रनगरपालिकाको मापदण्ड अनुसार नयाँ घर वन्ने | |
| | | स्थानीय भाषा, कला, साहित्य र सांस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापन नीति तर्जुमा | | नभएको | १ | |
| ४.५.२ | सूचना प्रविधिको प्रयोगहुनेछ | सूचना प्रविधि विकास रसूचना केन्द्र सञ्चालन | | नभएको | ५ | |
| | | सूचना प्रविधिको प्रयोग भएको वडा | संख्या | १४ | १४ | |
| | | सूचना प्रविधिको प्रयोग तथा प्रगति प्रतिवेदन प्रणालीमा सुधार | | – | नियमित रुपमा हुने | |
| | | ई–गभरनेन्स सम्वन्धी अभ्यास | | नभएको | कार्यान्वयन हुने | |
| | | नागरिकको गुनासो सुनुवाई(इमेल, | संख्या | – | नियमित रुपमा हुने | |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार अवस्था (०७६/७७) | आवधिक योजनाको अन्त्यको स्थिति (०७७/७८–०८१/८२) | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|---|
| | | वेभपेज, फेसवुक, टुईटर जस्ता सामाजिक संजालबाट प्राप्त गुनासाको संवोधन भएको) | | | | |
| ४.५.३ | अनुगमन, मूल्याङ्कन पद्धतिमा सुधार हुनेछ | सरोकारवाला र साझेदार संस्था नक्साङ्कन | पटक | नभएको | ५ | |
| | | विषयगत समितिको सक्रियता | | – | वृद्धि हुने | |
| | | संयुक्त अनुगमन गरिएका योजना | | – | चौमासिक रुपमा हुने | |
| | | नागरिक वडापत्रको प्रभावकारिता अध्ययन | पटक | – | ५ | |
| | | तेस्रो पक्ष मूल्याङ्कन गरिएका योजना | पटक | – | १० | |

### ४.६ प्रमुख कार्यक्रम

यो आवधिक विकास योजना सूर्योदय नगरको समग्र विकासलाई दिशानिर्देश गर्ने एक सङ्केतात्मक र निर्देशक योजना(Indicative plan) हो । यस खण्डमा आवधिक योजनाका लक्ष र विभिन्न विषयक्षेत्रगत लक्ष्यहरू पूरा गर्न निकालिएका नतिजाहरू हासिल गर्न सहभागितात्मक योजना तर्जुमा पद्धतिबाट वडातहमा छनौट तथा प्राथमिकीकरण गरिएका योजना, गतिविधि र आयोजनाहरू समेटिने गरी तर्जुमा गरिएका कार्यक्रमहरू राखिएका छन् । योजनामा राखिएका कार्यक्रमहरू क्रमिकरुपमा वार्षिक योजनामा समावेश गरी कार्यान्वयन गरिनुपर्छ । नगरपालिकाले योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । यसर्थ अनुसूचीमा समावेश गरिएको वडा तहका प्रमुख कार्यक्रमहरूलाई योजना वा क्रियाकलापको ढाँचामा तयार गरी नगरपालिकाको वार्षिक योजना र विभिन्न विषय क्षेत्रगत योजनाहरूमा समावेश गरी कार्यान्वयन गर्नु पर्दछ ।

#### ४.६.१ आर्थिक विकास

- बाली विविधीकरण कार्यक्रम
- अर्ग्यानिक खेति प्रवर्द्धन तथा विस्तार कार्यक्रम
- उच्चमूल्य कम परिमाण(High value Low Volume)कृषी बाली प्रवर्द्धन
- अर्ग्यानिक कफी, अलैची उत्पादन तथा प्रशोधान
- व्यवसायिक कृषी /पशुपंक्षिफर्म सञ्चालन(निजी क्षेत्र साझेदारी)
- नश्ल सुधार एवम् पशुपालन प्रविधि विकास
- गोठ सुधार तथा दुध तथा मासु उत्पादन कार्यक्रम
- सहकारी तथा वित्तीय क्षेत्र सुधार कार्यक्रम
- सिँचाई विस्तार कार्यक्रम
- असल कृषी विकास अभ्यास प्रवर्द्धन कार्यक्रम
- कृषी तथा पशुहाटबजार व्यवस्थापन कार्यक्रम
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको संभाव्यता अध्ययन
- सुलभ कृषी ऋण तथा वित्तीय पहुँच विस्तार
- पर्यटकीय क्षेत्रको विकास र विस्तार
- वित्तीय सेवामा पहुँच वृद्धि
- व्यावसायिक होमस्टे
- कृषक /श्रमिक सम्मान तथा प्रोत्साहन कार्यक्रम
- फूसको कच्ची छाना विस्थापन कार्यक्रम

### ४.६.२ सामाजिक विकास

- स्वास्थ्य संस्था तथा स्वास्थ्य पूर्वाधार विकास तथा विस्तार कार्यक्रम
- आधारभूत स्वास्थ्य सेवा कार्यक्रम
- महिला स्वास्थ्य स्वयंसेविका क्षमता विकास कार्यक्रम
- प्रजनन् स्वास्थ्य, महिला तथा बाल स्वास्थ्य, मानसिक रोग तथा सरुवा रोग नियन्त्रण सम्वन्धी कार्यक्रम
- विद्यालय पूर्वाधार विस्तार तथा स्तरवृद्धि कार्यक्रम
- गुणस्तरीय आधारभुत तथा माध्यमिक शिक्षा कार्यक्रम
- युवा सूचना केन्द्र स्थापना तथा व्यवस्थापन
- छात्र-छात्रामैत्री शौचालय निर्माण
- स्थानीय सरकारको लगानीमा प्राविधिक सीपविकास तालिम
- विद्यालयहरूमा द्रुत ईन्टरसेवा विस्तार
- आधारभूत विद्यालय स्तरोन्नती
- सामुदायिक विद्यालयहरू स्मार्ट अध्ययन पद्धति
- घरेलुहिँसा नियन्त्रण
- महिलाको सहभागिता क्षमता अभिबृद्धि
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन
- सामाजिक सुरक्षा कार्यक्रम
- एक घर एक धारा कार्यक्रम(मिटर सिस्टम)

### ४.६.३ भौतिक पूर्वाधार विकास

- पक्कि सडक तथा पुल निर्माण र यातायात सञ्चालन
- ग्रामीण सडकहरूको स्तरोन्नती
- वारुणयन्त्र पुर्नभरणका लागि ठूला पानी ट्यांकी निर्माण
- बुद्धपार्क निर्माण सम्पन्न
- तीनखुट्टे पार्क सौन्दर्यीकरण
- भ्यू टावर निर्माण
- कट्टेबुङ्ग खेलमैदान तथा तीनखुट्टे खुला क्षेत्र निर्माण
- विद्यालय, स्वास्थ्य चौकि, वडा कार्यालय लगायतका सरकारी तथा सार्वजनिक भवन निर्माण
- कृषी थोक बजार तथा संकलन केन्द्र
- तीनतले झरना, साततले झरना, कौडी दह तारेभीरमा पर्यटकीय पूर्वाधार विकास
- फिक्कल–अन्तु सडक खण्डको चौडाई बृद्धि
- अन्तु पर्यटकीय क्षेत्रमा सवारी पार्किङ्ग
- फिल्मी सुटिङ हव पूर्वाधार निर्माण
- अन्तुडाँडा पक्की सिढी निर्माण
- नक्सापास मापदण्ड तयारी र भुकम्प प्रतिरोधि निजी घर निर्माण
- सार्वजनिक शौचालय निर्माण
- वैकल्पिक ऊर्जा प्रवर्द्धन
- विद्युत वितरण भौतिक पूर्वाधार निर्माण तथा सामग्री व्यवस्थापन

### ४.६.४ बन, वातावरण तथा विपद् व्यवस्थापन

- सुरक्षित बसोवास कार्यक्रम
- सरकारी जमिनको लगत तयार गरी अभिलेख व्यवस्थापन
- चट्याङ्ग तथा अन्य विपद् पूर्व सर्तकता प्रणाली
- आगलागी, पहिरो तथा भूक्षय नियन्त्रण पूर्वतयारी कार्यक्रम

- पहिरो तथा भूक्षय नियन्त्रण तटबन्ध
- कृषक समुदायको जलवायु अनुकूलन क्षमता विकास
- जलवायुमैत्री खेति अभ्यास
- नमूना जलवायु अनुकूलन गाँउ
- वातावरणमैत्री स्थानीय शासन
- गोहोरो संरक्षण क्षेत्र विकास
- स्थानीय रैथाने वनस्पति संरक्षणको लागि दिगो जैविक विविधता कार्यक्रम
- कालापानी बोझोघारी सिम क्षेत्र विकास
- पर्यापर्यवरण सुदृढीकरण कार्यक्रम
- फोहोरमैला विसर्जन स्थल पहिचान तथा निर्माण
- विद्यमान पानी पोखरी संरक्षण, कृत्रिम पोखरी निर्माण तथा सिमसार क्षेत्र व्यवस्थापन

### ४.६.५ सुशासन तथा संस्थागत विकास

- मानव संसाधन तथा संस्थागत क्षमता विकास कार्यक्रम
- राजश्व सुदृढीकरण कार्यक्रम
- स्थानीय सरकार सार्वजनिक जवाफदेहिता कार्यक्रम
- पर्यटन प्रवर्द्धन समन्वयात्मक कार्यक्रम
- सीमा क्षेत्रमा आर्थिक सामाजिक सूचना आदानप्रदान
- वडा कार्यालय कर्मचारी व्यवस्थापन र क्षमता विकास
- सूचना प्रविधि विकास तथा विस्तार(E-Governance)
- सामुदायिक संस्था /टोल विकास संस्था /उपभोक्ता समितिहरूका क्षमता विकास तथा परिचालन
- पर्यटन प्रवर्द्धनका लागि, नगरपालिका, होटल एसोसिएसन, उद्योग वाणिज्य सङ्घ र नीजि क्षेत्रबिच लगानीमैत्री वातावरण तयार
- सुदृढ वित्तीय व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीमा सुधार
- स्थानीय स्रोत पहिचान तथा परिचालन कार्यक्रम
- नीति, रणनीति निर्माण तथा कार्यान्वयन
- सहभागितामूलक अनुगमन पद्धतिको विकास र कार्यान्वयन।

## परिच्छेद– ५
# अनुगमन, प्रतिवेदन र मूल्याङ्कन

### ५.१ अनुगमन

नगरपालिकाले आवश्यकताका आधारमा विभिन्न संरचना खडा गरी वा नगरी सम्बन्धित कर्मचारी वा पदाधिकारी मार्फत गरिने अनुगमन नियमित अनुगमन हो । आवधिक योजना कार्यान्वयनको हरेक चरणमा यस प्रकारको अनुगमन गर्नुपर्दछ ।यसबाट परिमाणात्मक र गुणात्मक लाभका सम्बन्धमा जानकारी लिन र नतिजा हासिल गर्न सहज बनाउनेछ। विभिन्न प्रकारका बैठक, गोष्ठी, अन्तरक्रिया, जनगुनासो सुनवाई, आदि जस्ता गतिविधिबाट समेत योजनाकोप्रक्रियालाई सहज बनाउन सकिन्छ ।

नगर क्षेत्रमा सञ्चालन हुने लागत र परिमाणका दृष्टिकोणले मध्यम वा साना योजनाहरूको कार्यान्वयन प्रकृया, निर्माण प्रगति, गुणस्तर, उपभोक्ता वा ठेकेदारको आर्थिक एवं प्राविधिक क्षमता, प्राविधिक मापदण्ड जस्ता विषय समेटी नियमितरुपमा गरिने अनुगमन सम्बन्धी कामहरू यस अन्तर्गत पर्दछन । यस अन्तर्गत पूर्वाधारका साथै सामाजिक पूँजी निर्माणका योजनाहरू पनि पर्दछन् । यस्तो अनुगमन प्रणाली नगर कार्यपालिक बैठकबाट निर्धारण गरी आवधिक योजना कार्यान्वयनको अनुगमन गर्नु पर्दछ ।

### ५.१.१ अनुगमन मूल्याङ्कनको ढाँचा तयारी(M&E Framework)

आवधिक योजना कार्यान्वयनको प्रभावकारिता र नतिजा हासिल गर्ने कार्यमा सहयोग पुग्नेगरी अनुगमन गर्दा अनुगमन सूचक, प्रक्रिया, समयावधि, जिम्मेवारी र अनुगमन प्रतिवेदनको ढाँचा स्पष्ट किटान गरिनु पर्दछ । यस्ता विषयहरू समावेश गरिएको अनुगमन मूल्याङ्कनको ढाँचा तयारी(M&E Framework)तयार गरी आवधिक योजना कार्यान्वयनको अनुगमन मूल्याङ्कन गराउनु पर्छ ।

### ५.१.२ समीक्षा तथा प्रतिवेदन

आवधिक योजना कार्यान्वयनको वार्षिक समीक्षा गर्नु आवश्यक हुन्छ । समीक्षाले प्रत्येक वर्षको लागि तय गरिएको कार्ययोजना, यसको कार्यान्वयन अवस्था र अपेक्षित नतिजाको बारेमा जानकारी लिन मद्दत गर्दछ । यो कार्य नगरपालिकाले अवलम्बन गरेको समीक्षा पद्धति अनुसार हुन्छ ।
आवधिक योजनाको नतिजा एवं सूचकहरू सम्बन्धी स्पष्ट सूचना सहितको प्रतिवेदन तयार गर्नुपर्दछ । प्रतिवेदन प्रणाली नगरपालिकाको निर्धारण गरे बमोजिम हुनेछ । तरपनि वार्षिक प्रतिवेदन तयार गर्दा नगरपालिकाका विभिन्न शाखाहरूबाट सम्पादित भएका कार्यहरू र अन्य निकायको साझेदारी वा सहयोग र समन्वयमा सम्पन्न भएका कार्यहरूको प्रगति समेत एकीकृत गरिएको प्रतिवेदन तयार गर्नु पर्दछ । यसको जिम्मेवारी कुनै अधिकृत वा शाखालाई दिन सकिन्छ ।

### ५.२ आवधिक योजनाको मूल्याङ्कन

सम्पन्न कामबाट निर्धारित लक्ष्य एवं उद्देश्यहरू हासिल भयो, भएन; प्रक्षेपित प्रभाव उत्पन्न भयो, भएन; लगानी सार्थक भयो, भएन; भनी स्वतन्त्र र निष्पक्ष ढंगबाट कुनै नीति, रणनीति, योजना, कार्यक्रमको लेखाजोखा गरी भविष्यका लागि दिशानिर्देश गरिने कामलाई मूल्याङ्कन भनिन्छ । मूल्यांङ्कन सामान्यतया योजनाको मध्यावधि र अन्त्य समयमा गरिन्छ ।

### ५.२.१ मध्यावधी मूल्याङ्कन

आवधिक योजना कार्यान्वयनको मध्यावधी समय(दुई वर्ष) पुरा भएपछि मध्यावधी मूल्याङ्कन गर्नु पर्दछ । मूल्याङ्कन स्वतन्त्र विज्ञ समूह वा संस्था द्वारा गराईन्छ । विज्ञ टोलीले यस योजनाको रणनीति, कार्यनीति, लक्ष्य, उद्देश्य, नतिजा, सूचक र लगानीलाई आधार मानि योजनाको मूल्याङ्कन गर्दछ । मूल्याङ्कन सम्बन्धि थप विधि र प्रक्रिया नगर कार्यपालिकाले निर्धारण गर्नेछ । तर यस्तो मूल्याङ्कन सहभागितामूलक ढंगबाट सूचनामा आधारित भएको हुनुपर्छ ।

### ५.२.२ अन्तिम मूल्याङ्कन

आवधिक योजना कार्यान्वयनको पाँच वर्ष पुरा भएपछि अन्तिम मूल्याङ्कन गर्नु पर्दछ । यसको लागि स्वतन्त्र विज्ञ समूह वा संस्थाको छनौट गर्नुपर्दछ । छनौट प्रक्रिया नगरपालिकाले निर्धारण गरे वमोजिम हुन्छ । विज्ञ टोलीले यस योजनाको रणनीति, कार्यनीति, लक्ष्य, उद्देश्य, नतिजा, सूचक र लगानीलाई आधार मानि योजनाको मूल्याङ्कन गर्नेछ । मूल्याङ्कन सम्बन्धि थप विधि र प्रक्रिया नगर कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ । तर यस्तो मूल्याङ्कन सहभागितामूलक ढंगबाट सूचनामा आधारित भएको हुनुपर्नेछ ।

## अनुसूची १: सूर्योदय नगरपालिकाको स्रोत नक्शा







इलाम जिल्ला
गाउँपालिका / नगरपालिका
Sandakpur Gaunpalika
Fakphokthum Gaunpalika
Deumai Nagarpalika
Maijogmai Gaunpalika
Illam Nagarpalika
Suryodaya Nagarpalika
Mangsebung Gaunpalika
Rong Gaunpalika
Mai Nagarpalika
Chulachuli Gaunpalika


Suryodaya Municipality
N
Legend
WARD No.
1
2
3
4
5
6
7
8
9
10
11
12
13
14
0 1.25 2.5 5 7.5 10 Km
890000 895000 900000 905000 910000 915000 920000 925000
2995000 2990000 2985000 2980000 2975000 2970000




**Land Use Pattern**




Slope Map of Suryodaya Municipality
Mai Jog Mai Gaupalika
India
Illam Nagarpalika
Rong Gaupalika
Mai Nagarpalika
Legend
<10
10-20
20-30
30-40
>40
Nagarpalika Boundary
0
2.5
5
10
Km
G.Force Engineering Solution pvt.Ltd.
GOVERNMENT OF NEPAL
SURYODAYA MUNICIPALITY


Digital Elavation Model Map of Suryodaya Municipality
Mai Jog Mai Gaupalika
India
Illam Nagarpalika
Rong Gaupalika
Mai Nagarpalika
Legend
High : 2728.52 m.
Low : 317.54 m.
Nagarpalika Boundary
0
2.5
5
10
Km
G.Force Engineering Solution pvt.Ltd.
GOVERNMENT OF NEPAL
SURYODAYA MUNICIPALITY



Road Network Map of Suryodaya Municipality
Mai Jog Mai Gaupalika
India
Illam Nagarpalika
Mai Nagarpalika
Rong Gaupalika
Fikkal-Mai Khola
Legend
Road
High way
Nagarpalika Boundary
0
2.5
5
10
Km
GOVERNMENT OF NEPAL
SURYODAYA MUNICIPALITY




Drainage Map of Suryodaya Municipality
Mai Jog Mai Gaupalika
India
Illam Nagarpalika
Mai Nagarpalika
Rong Gaupalika
Mayum Khola
Ramphok Khola
Mechi River
Legend
River
Stream
Municipality Boundary
0
2.5
5
10
Km
GOVERNMENT OF NEPAL
SURYODAYA MUNICIPALITY

**अनुसूची – २: आवधिक योजना तर्जुमा गर्दा अपनाइएको पद्धति**

आवधिक नगर विकास योजना तर्जुमाका लागि चरणगत प्रकृया र पद्धति अपनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासँग अनुकूल हुने गरी गरिएको छ। आवधिक योजना तर्जुमाका लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ को व्यवस्था को अधिनमा रही नगरपालिकाको आफ्नो आवश्यकता र क्षमताका आधारमा स्वरुप तयारी कार्यविधि स्वीकृत गरी पारीत भएको हो। आवधिक योजना तर्जुमा गरिंदा देहायका दुइबटा मूलभूत मान्यता लिइएको थियो।

१. स्रोत विनियोजन अनुशासन तथा अनुगमन व्यवस्थित गर्न विषयक्षेत्रगत समितिको अबधारणामा योजना तर्जुमा, र

२. सहभागितात्मक पद्धतिबाट योजना तर्जुमा।

वस्तुगत विवरणमा उल्लिखित सूचनालाई विस्तृत स्वरुपको आवधिक योजनाको आधाररेखा सूचनाको रुपमा उपयोग गरिएको छ। आवधिक योजना तर्जुमाको क्रममा वस्तुगत विवरणलाई प्रस्तुतीकरण तथा छलफल पश्चात थप परिस्कृत गरिएको छ। आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरी सोही आधारमा विषयगत वस्तुस्थिति विश्लेषण गरिएको थियो। आवधिक योजना सरल उपयोगी र कार्यान्वयन सम्भव होस भन्ने उद्देश्यले विषयविज्ञको सहयोगमा विभिन्न उप–समितिबाट मस्यौदा गरी प्रक्रियागत तथा विशेषज्ञता दुवैको सम्मिश्रणबाट तर्जुमा गरिएको हो। आवधिक योजना तर्जुमाका लागि नगरपालिकाले देहायको कार्य तालिका स्वीकृत गरेको थियो।

**कार्यतालिका:-**

| गतिविधि | मिति | जिम्मेवारी |
|---|---|---|
| आवधिकयोजना तर्जुमा बैठक | २०७६ भाद्र मसान्त | नगर कार्यपालिका |
| समितिहरूगठन र पूर्णता | २०७६ भाद्र मसान्त | नगर कार्यपालिका |
| नगरपार्श्व चित्र/वस्तुगत विवरण(Profile) तयारीका लागि तथ्याङ्क तथा सूचनासंकलन | २०७६ असोज मसान्त | विषयगत समिति, नगर कार्यपालिका, परामर्शदाता |
| नगरपालिकाको वस्तुगत विवरण लेखन | २०७६ असोज मसान्त | नगर कार्यपालिका, परामर्शदाता |
| दीगो विकास लक्षका सूचकहरूको आन्तरिकीकरण<br>· सूचक आन्तरिकीकरण<br>· विषयगत क्षेत्र अनुसार सूचक वर्गिकरण<br>· वस्तुगत विवरण र अन्य स्रोतका आधारमा सूचकको आधार तथ्याङ्क लिने कार्य<br>· विषयगत रुपमा अभिमूखीकरण | २०७६असोज मसान्त | नगरकार्यपालिका, विषयगत क्षेत्र समितिका सदस्य, शाखा प्रमुख, स्थानीय साझेदार रपरामर्शदाता |
| योजना तर्जुमाका लागि परामर्शदाता छनौट | २०७६असोज मसान्त | नगर कार्यपालिका |
| योजना तर्जुमा कार्यशाला सञ्चालन | २०७६ कार्तिक | नगर कार्यपालिका, परामर्शदाता |
| विषय क्षेत्रगत समितिहरूको कार्य प्रारम्भ | २०७६ मंसीर | विषयगत क्षेत्र समितिका सदस्य, शाखाप्रमुख, स्थानीय साझेदार र परामर्शदाता |
| आ–आफ्नो विषयगत क्षेत्रको क्षेत्रगत आवधिक योजना तर्जुमा गर्ने | २०७६मंसिर मसान्त | विषयगतक्षेत्र समितिका सदस्य, शाखा प्रमुख, स्थानीय साझेदार र परामर्शदाता |
| समष्टिगत एकिकृत योजना दस्तावेज लेखन पुरा गर्ने | २०७६ माघ मसान्त भित्र | नगर कार्यपालिका, परामर्शदाता |
| आवधिक योजना स्वीकृति र प्रकाशन | २०७६फागुन मसान्त भित्र | नगरसभा, नगर कार्यपालिका |
| नोटः मुलुकभर फैलिएको कोरोना भाईरस(कोभिड –१९) को प्रभावका कारणभएको लक डाउन र अन्य प्रतिकूल अवस्थाका कारण उल्लिखित कार्यतालिकामा असर पर्न गै२०७७ अषाढमा मात्र आवधिक योजना तर्जुमा र स्वीकृति सम्बन्धी कार्य सम्पन्न हुनगएको छ। | | |

आवधिक योजना तर्जुमा गर्दा सम्पादन गरिएका प्रमुख कार्यहरू:-

- नगर प्रोफाईल र नगरपालिकामा उपलब्ध सामग्री अध्ययन
- नगरपालिकाको वार्षिक योजना अध्ययन
- प्रदेश १ को आवधिक योजनाको आधार–पत्रको अध्ययन
- नतिजा सूचक तयारी फारमको मस्यौदा तयारी
- नगरपालिकाका पदाधिकारीहरूसंग छलफल
- सूचना संकलन
- वडास्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन
- नगरपालिकास्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन
- सरोकारवालाहरूसंग परामर्श बैठक र छलफल
- मस्यौदा प्रतिबेदन तयारी
- नगरपालिका तथा सम्बन्धित निकायहरूबाट मस्यौदा प्रतिबेदन माथि सुझाब
- प्राप्त सुझाबहरू समाबेश गरि अन्तिम प्रतिबेदन तयारी
- सूर्योदय नगरपालिकाको ५ वर्षे आवधिक योजना तयारी ।

**अनुसूचि: ३ :वडास्तरबाट प्राथमिकता राखिएका प्रमुख कार्यक्रम:-**

**वडा नं १**

**गरिवी निवारण**

- अर्ग्यानिक खेति प्रवर्द्धन तथा विस्तार
- छोटो अवधिको मध्यम स्तरीय प्राविधिक सीपविकास तालिम /शिक्षाको लागि लगानी बृद्धि
- बालमैत्रीर अपाङ्गतामैत्री विद्यालय
- शैक्षिक संस्था मिलान(औचित्यता हेरी मर्ज गर्ने)
- आधारभूत तहको शैक्षिक पाठ्यक्रम अंग्रेजी माध्यममा तयार गर्ने
- स्वच्छ खानेपानी सहित छात्र छात्रामैत्री शौचालय निर्माण
- प्रारम्भिक बालविकास केन्द्र विकास, विस्तार र सुधार
- महिलाको सहभागितालाई निर्णायक तहमा लैजान क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन
- महिला आयमूलक, सीपमूलक तालिम एवम् प्राविधिक क्षमताको विकास
- महिलाहरूको सक्रियतामा सञ्चालन भएको सामुदायिक संस्था एवम् सहकारीहरूलाई प्रोत्साहन
- खानेपानी मुहान संरक्षणर सरसफाई
- फोहरमैला व्यवस्थापन
- फोहोरमैला संकलनका लागि डम्पिङ्ग साइटको व्यवस्थापन
- नयाँ खानेपानी योजना सञ्चालन तथा स्थानीय पुराना खानेपानी योजनाहरूको नियमित मर्मत
- पानी पोखरी संरक्षण तथा सिमसार क्षेत्र व्यवस्थापन कार्यक्रम
- वडाकासबै टोलमा पुराना र जीर्ण भएका काठे विद्युत वितरण पोलहरू विस्थापन
- वैकल्पिक ऊर्जाकाप्रविधिहरू गोवरग्याँस, सौर्य प्रणालीलाई प्रवर्द्धन
- उत्पादनमूलक क्षेत्रमा विद्युत परिप्रयोगलाई प्रवर्द्धन
- सार्वजनिक मुख्य सडक, बजारी क्षेत्रका आवश्यक स्थानहरूमा सौर्यसडक बत्ती जडान

**कृषी तथा खाद्य सुरक्षा**

- भोकभरी अन्त्यको लागि बाली विविधिकरण
- मिटर सिस्टम मार्फत सतप्रतिसत घरधुरीमा स्वच्छ र सुरक्षित खानेपानी आपूर्ति

**स्वास्थ्य**

- स्वास्थ्य संस्था तथा स्वास्थ्य पूर्वाधार विकास र विस्तार
- घरेलु हिँसा तथा लैङ्गितामा आधारित हिँसाको पूर्ण नियन्त्रण
- सबै घरधुरीमा विद्युत विस्तार

**शिक्षा**

- अभ्यास प्रवर्द्धन

**लैङ्गिक समानता**

- माध्यमिक तह(दश जोडदुई) कक्षा सञ्चालन र व्यवस्थापन

**वडा २**

**गरिवी निवारण**

- स्वस्थ्य खानपान र व्यक्तिगत जीवनशैलीमा सुधार र सामुदायिक सचेतना अभिबृद्धि
- विपन्न र लक्षित परिवारको सामाजिक सुरक्षामा पहुँच अभिवृद्धि
- आय आर्जन तथा साना एवम् मझौला उद्योगहरूको स्थापना र दिगो बजार प्रवर्द्धन
- कृषीमा आद्युनिकरण, सिँचाई प्रविधि विस्तार र यान्त्रिकरण
- पशुपालन(गाई, बँगुर, बाख्रा, कुखुरा) र पशुजन्य उत्पादनमा लगानी अभिबृद्धि

· व्यावसायिक सीप विकास कार्यक्रम मार्फत रोजगारीको सिर्जना
· वित्तीय साक्षरता र पहुँच अभिबृद्धि
· अतिविपन्न र जोखिमपूर्ण स्थितिमा रहेका घरधुरीलाई आर्थिक सवलीकरण
· स्थानीय स्रोत साधनको उचित प्रयोग र परिचालन
· गरिवी अन्त्यका लागि नीतिगत एवम् संस्थागत व्यवस्थापन

**कृषी तथा खाद्य सुरक्षा**

· अर्ग्यानिक खेति प्रवर्द्धन तथा विस्तार
· उन्नत कृषी प्रविधिको विकास र विस्तार
· कृषी बालीमा वन्यजन्तुबाट हुने क्षति न्यूनीकरण
· पुष्प व्यबसाय तथा फलफूल नर्सरी प्रवर्द्धन
· कृषी प्रणाली मार्फत दिगो समृद्धि हासिल गर्न स्मार्ट कृषी प्राविधि अपनाउने
· बाली बीमा प्रवर्द्धन
· कृषी प्रवर्द्धनका लागि संस्थागत विकास
· स्थानीयस्तरमा कृषी प्राविधिक जनशक्ति तयारी
· कृषी प्रविधि र उत्पादनबारे अनुसन्धानात्क क्रियाकलाप
· कृषी अनुदानको प्रभावकारी वितरण
· किवि खेति विस्तार

**पशुपालन**

· पशुपालन पकेट क्षेत्र(बाख्रा, गाई, कुखुरा, बँगुर) तयारी
· गाई गोठसुधार तथा भकारो व्यवस्थापन कार्यक्रम
· पशुजन्य उत्पादन बृद्धिका लागि नश्ल सुधार एवम् पशुपालन प्रविधि विकास
· पशुपालनमा थप व्यावसायिकरण
· पशु बीमा कार्यक्रम

**स्वास्थ्य**

· विषादीयुक्त खानेकुराको प्रयोगमा कमी ल्याउन विषादी तथा रासायनिक मलहरूको प्रयोगमा न्यूनीकरण
· नसर्ने रोगहरू बारे अध्ययन अनुसन्धान र न्यूनीकरणका लागि सचेतना
· स्वास्थ्य केन्द्रमा निशुल्क औषधीको आपूर्ति नियमित गर्ने।
· स्थानीय स्वास्थ्य संस्थामा पूर्वाधार विकास, औषधी र थप जनशक्तिको व्यबस्था
· महिला स्वास्थ्य स्वयम सेविकाहरूलाई क्षमता विकास तथा आवश्यक न्यूनतम सामग्री व्यवस्थापन
· सूर्तिजन्य एवम् मादक पदार्थको प्रयोगमा रोकथाम
· स्वास्थ्य बीमा सर्वसुलभ र पहुँचमा सहजता
· प्रजनन् रमहिला स्वास्थ्य सेवामा सुधार
· मानसिक स्वास्थ्य सम्बन्धी मनोपरामर्श सेवा सञ्चालन
· खानपान तथा जीवनशैली परिवर्तनका लागि सचेतना
· आकस्मिक स्वास्थ्य सेवाको लागि एम्बुलेन्स व्यवस्थापन
· महिलाहरूमा देखिँदै आएको जटिल स्वास्थ्य समस्या पहिचान(आङ खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर) को लागि आवधिक शिविर सञ्चालन

**शिक्षा**

· वडामा नै गुणस्तरीय कलेज सञ्चालनको लागि पूर्वाधार एवम् प्रसाशनिक व्यवस्थापन
· प्राविधिक सीपविकास तालिम/शिक्षा आर्जन गर्नको लागि स्थानीय सरकारको लगानी बृद्धि
· सामुदायिक विद्यालयको आधारभूत तहमा चिया विषय अध्यापन गर्न सुरुवात
· विद्यार्थी र शिक्षक अनुपातमा औचित्यता हेरी मर्ज रणनीति अपनाउने

· आधारभूत तहको शैक्षिक पाठ्यक्रम अंग्रेजी माध्यमबाट अध्यापन गराउन पहल
· वडामा रहेको सामुदायिक विद्यालयहरूमा बालबालिकामैत्री तथा अपाङ्ग मैत्री भौतिक संरचना निर्माण
· सबै विद्यालयहरूमा स्वच्छ खानेपानी सहित छात्र छात्रामैत्री शौचालय तयार
· सामुदायिक विद्यालयहरूको शैक्षिक वातावरण अभिबृद्धिको लागि अभिभावक जागरण कार्यक्रम सञ्चालन
· पूर्ण साक्षरता कार्यक्रमलाई पुर्नताजगी
· सबै सामुदायिक विद्यालयहरूमा प्रविधि मैत्री बनाउन द्रुत ईन्टरनेट सेवा विस्तार

**लैङ्गिक समानता**

· घरेलु कामको साझा जिम्मेवारी बोधको विकास गर्दै महिला तथा लक्षित वर्गलाई उत्पादनमूलक क्षेत्रमा अभिबृद्धि
· घरेलुहिँसा तथा लैङ्गितामा आधारित हिँसालाई पूर्ण नियन्त्रण
· महिलाको सहभागितालाई निर्णायक तहमा लैजान क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन
· महिला सशक्तीकरणको लागि आयमूलक, सीपमूलक तालिम एवम् प्राविधिक क्षमताको विकास
· महिलाहरूको सक्रियतामा सञ्चालन भएको सामुदायिक संस्था एवम् सहकारीहरूलाई प्रोत्साहन
· सम्पत्ति माथिको महिलाको पहुँच विस्तारका लागि प्रोत्सहान मूलक क्रियाकलाप सञ्चालन
· बालमैत्री स्थानीय शासन कार्यान्वयन

**खानेपानी र सरसफाई**

· सम्पूर्ण वडाका समुदायलाई समेटने गरी व्यवस्थित खानेपानी योजनाहरू सञ्चालन
· स्थानीय पानीका प्राकृतिक मुहानहरूको संरक्षण
· एक घर एकधारा कार्यक्रम(मिटर सिस्टम) मार्फत सतप्रतिसत घरधुरीमा स्वच्छ र सुरक्षित खानेपानी आपूर्ति
· Post open defecation free तथा पूर्ण सरसफाई कार्यक्रमको निरन्तरता र मापदण्डमा कढाई
· रासायनिकविषादी प्रयोगबाट खानेपानीका श्रोतहरूमा हुने प्रदुषण न्यूनीकरण
· फोहरमैला व्यवस्थापन तथा न्यूनीकरणका लागि नीतिगत पहल
· फोहरमैला व्यवस्थापनको लागि शुन्य फोहोर उत्पादन र सचेतना
· फोहोरमैला विषर्जन स्थल पहिचान तथा निर्माण
· जलाधारक्षेत्र पहिचान गरी एकीकृत जलधार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन बस्तीभन्दा पानीका मुहान तल रहेको क्षेत्रमा लिफ्ट प्रविधि मार्फत नयाँ योजना सञ्चालन
· पानीपोखरी संरक्षण तथा सिमसार क्षेत्र व्यवस्थापन कार्यक्रम
· बजारक्षेत्रको नाली तथा ढल व्यवस्थापन
· टोलविकास संस्थाको पहलमा फोहर व्यवस्थापन र शहरी सौन्दर्यीकरण
· सार्वजनिक स्थल तथा राजमार्ग आसपासको स्थानहरूमा सार्वजनिक शौचालय निर्माण
· आद्युनिक पशु बधशाला निर्माण तथा सञ्चालन
· सबै घरधुरीमा व्यवस्थित रुपमा विद्युत विस्तार
· वडाका सबैटोलमा पुराना र जीर्ण भएका विद्युत वितरणका काठे पोलहरू विस्थापन
· धुँवा रहीत सुधारिएको चुलो निर्माणमा समुदाय परिचालन एवम् प्रोत्साहन
· वैकल्पिक ऊर्जाका प्रविधिहरू प्रवर्द्धन
· उत्पादनमूलक क्षेत्रमा विद्युत परिप्रयोगलाई प्रवर्द्धन
· सार्वजनिक मुख्य सडक, पर्यटकीय क्षेत्र र बजारी क्षेत्रका आवश्यक स्थानहरूमा सौर्य सडकबत्ती जडान

**मर्यादित काम र आर्थिक सम्वृद्धि**

· पशुपतिनगर अद्यागमन कार्यालय मार्फत हुन सक्ने पर्यटकीय चहलपहल पूर्ण कार्यान्वयन तथा प्रचारप्रसार
· प्रतिव्यक्ति आय बृद्धिका लागि उत्पादन र रोजगारमूलक क्षेत्रमा लगानीबृद्धि
· उद्योग वाणिज्य सङ्घको समन्वयमा बजार व्यस्थापन तथा वाणिज्य हव निर्माण
· श्रमप्रतिको सम्मान अभिबृद्धिका लागि विशेष अभियान सञ्चालन
· बेरोजगारीहरूको वास्तविक लगत तयारी तथा अद्यावधिक

· पुँजीको दिगो परिचालन र समृद्धिका लागि वित्तीय सेवामा पहुँच वृद्धि
· उत्पादित कृषीजन्य कच्चा पदार्थलाई मूल्य श्रृखंलामा आवद्धता
· स्थानीय रोजगार सिर्जनाको लागि लामो तथा छोटो अवधिको प्राविधिक सीपमूलक तालिम सञ्चालन
· पर्यटन प्रवर्द्धनका तथा विकास
· साना व्यवसायी प्रवर्द्धन एवम् औद्योगिक उत्थान पहल

**उद्योग तथा पूर्वाधार निर्माण**

· सिमा सडक समयमानै सम्पन्न गर्न आवश्यक पहल
· ग्रामीण सडकहरूको स्तरोन्नती र बाह्रमासे सडक विस्तारको निरन्तरता
· स्वास्थ्य चौकी भवन कम्पाउण्ड निर्माण, क्यारेण्टाइन स्वास्थ्य पोष्ट निर्माण तथा जनशक्ति सहित उपकरण व्यवस्थापन
· स्वास्थ्य चौकीमा भिडियो एक्स-रे खरिद तथा सञ्चालन
· बजारक्षेत्रमा सामुदायिक भवन निर्माण
· कम्तिमा ४ वटा स्थानहरूमा सार्वजनिक शौचालय निर्माण
· शवदाह स्थल निर्माण
· पशुपतिनगर पार्क तथा हिले पार्क निर्माण
· स्तरीय सुविधा सहितको पशुबधशाला निर्माण
· कृषी तथा पशुहाट बजारको निर्माण एवम् व्यवस्थापन
· फोहरमैला विर्सजन स्थल निर्माण
· वडाको पायक पर्ने स्थानमा सामुदायिक भवन निर्माण
· स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको संभाव्यता अध्ययन र उद्योग स्थापना
· पशु क्वारेन्टाइन चेकपोष्ट स्थापना
· सार्वजनिक एवम् प्रविधि युक्त ई लाईब्रेरी निर्माण
· यूवा सूचना केन्द्र निर्माण
· वन कार्यालय भवन निर्माण
· कृषी सामाग्री संकलन केन्द्र निर्माण
· ध्यान योगकेन्द्र निर्माण

**सुरक्षित वसोवास**

· खुल्ला सिमाना भएकाले बसोवासको उचित व्यवस्थापन
· जोखिम स्थलमा रहेका घरधुरीलाई स्थानान्तरण र पूर्व सर्तकता अपनाउने
· आगलागी, पहिरो तथा भूक्षय नियन्त्रणको लागि पूर्वतयारी कार्यक्रम
· सरकारी जमिनको लगत तयार गरी अभिलेख व्यवस्थापन
· वन डडेलो नियन्त्रणको लागि अग्नि रेखा निर्माण
· खुलाक्षेत्र निर्धारण तथा पार्क निर्माण
· खुल्ला सिमानाको व्यवस्थापन

**जलवायु परिवर्तन**

· जलवायु परिवर्तनका असर न्यूनीकरण लागि कृषक समुदायको अनुकूलन क्षमता विकास
· स्थानीय जलवायु अनुकूलन योजना तयार
· जलवायुमैत्री खेति अभ्यासका लागि स्मार्ट कृषी प्रणाली अपनाउने
· नमूनाको रुपमा जलवायु अनुकूलन गाँउ तयारी
· न्यून कार्वन उत्सर्जनका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन
· प्लाष्टिक प्रयोग न्यूनीकरण

**वातावरण तथा जैविक विभिदता**

· भारतीय सिमा क्षेत्रलाई यस वडाले छुने भएकोले सार्वजनिक सरकारी जमिनको अभिलेख दुरुस्त राख्ने

· भारतसँग सिमा जोडिएको क्षेत्रमा भारतीय पक्षबाट हुने सिमा अतिक्रमण नियन्त्रण
· पूर्वाधार निर्माणमा ठूला उपकरण प्रयोग न्यूनीकरणका लागि विकल्पहरूको खोजी
· वैज्ञानिक वन व्यवस्थापनको विधि अपनाउन सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता विकास
· कृषी वन प्रणालीलाई मजबुद गर्न डाले घाँस प्रजातिका रुखको नर्सरी तयार
· मानव र वन्यजन्तु विचको द्धन्द्ध नियन्त्रणका लागि नीतिगत रुपमा पहल गरी आवश्यक उपायहरू अवलम्बन
· जैविक विविधता संरक्षणको लागि सरोकारवालाहरूसँग छलफल तथा सचेतना
· रासायनिक मल तथा विषादीले खेति योग्य भूमिमा भएको नकारात्मक असर पहिचान र न्यूनीकरणको लागि माटो परीक्षण र उपचारात्मक क्रियाकलाप सञ्चालन

**शान्ति र न्याय**

· मदिरा एवम् सूर्तिजन्य पदार्थ नियन्त्रणका लागि अभियानहरू सञ्चालन
· सामाजिक संजालको नकारात्मक प्रयोगले बढ्दै गएको सामाजिक विकृति नियन्त्रणका लागि अभियानहरू सञ्चालन
· स्थानीय न्यायिक समिति र मध्यस्तकर्ताहरूको क्षमता विकास
· टोलविकास संस्थाको क्षमता विकास
· स्थानीय सरकारको जवाफदेयिता अभिबृद्धिका लागि एकीकृत क्रियाकलापहरू सञ्चालन
· वडा कार्यालयको जानकारीहरू आद्युनिक प्राविधि एवम् डिजिटल बोर्ड मार्फत सार्वजनिक
· शान्ति सुरक्षामा सुधार गर्न बजार क्षेत्र र सार्वजनिक संवेदनशील क्षेत्रमा सि.सि.क्यामेराहरू जडान

**साझेदारी र समन्वय**

· पर्यटन प्रवर्द्धनका लागि, नगरपालिका, होटल एसोसिएसन, उद्योग वाणिज्य सङ्घ र नीजि लगानीकर्ताहरू विच आवधिक रुपमा समन्यात्मक गोष्ठीहरू सञ्चालन
· भारतीय सीमा क्षेत्रमा हुने गैरकानूनी गतिविधि नियन्त्रणका लागि सूचना आदान प्रदान तथा कार्ययोजना तयारी
· खुला सिमानाको कारण यस क्षेत्रको बाटो हुदै गरिने तस्करी नियन्त्रण र हुनसक्ने सम्भाव्य जोखिम नियन्त्रणका लागि आवश्यक समन्वय
· उपभोक्ताहरूको लागत साझेदारीमा सम्पन्न हुने कार्यक्रमहरूको गुणस्तरीयता कायमको लागि थप पहल
· सार्वजनिक निजी क्षेत्र साझेदारीको लागि नीति तयारी एवम् लागू
· वडा भित्र सञ्चालन गरिने साझेदारी विकास कार्यक्रमका लागि आवश्यक तथ्याङ्कहरू अद्यावधिक
· पर्यटन सूचनाकेन्द्र स्थापना र भौतिक पूर्वाधार व्यवस्थापन
· स्थानीय वडा कार्यालयका शाखामा कार्यरत रहने कर्मचारी व्यवस्थापन र क्षमता विकास
· वडा भित्र गरिने गतिविधि, स्थानीय सूचना तथा तथ्याङ्कहरूलाई प्रविधि मैत्री बनाउदै सबैको पहुँचमा अभिबृद्धि
· स्थानीय सङ्घ संस्थाहरूको क्षमता विकास
· जरायोटार, बाझोघारी, आलुगैरे, देवकमल पोखरी र खोपीखर्क सीमसार क्षेत्र संरक्षण
· मयु र सिद्धिखोलाको कटान नियन्त्रण
· एम्बुलेन्स सञ्चालन
· आध्यात्मिक ध्यान केन्द्र स्थापना
· टयाक्सीपार्क निर्माण
· सार्वजनिक जग्गा अतिक्रमण रोकथाम

**वडा ३**

**गरिवी निवारण**

· जीविको पार्जन सुधारको लागि स्थानीय परिवेश सुहाउदो उपयूक्त प्रविधिको विकास
· बृहत वित्तीय साक्षरता सचेतना अभिबृद्धि
· जीवनशैलीले आर्थिक क्षेत्रमा पार्ने प्रभावका बारे परामर्श
· उत्पादित स्थानीय कृषी उपजको Value Add गर्नका लागि विशेष कार्यक्रम सञ्चालन
· कृषीमा यान्त्रिकरण
· गाई सुपरजोनको प्रभावकारी कार्यान्वयन
· स्थानीय वित्तीय संस्थाहरूको उद्योग तथा रोजगारीमुलक क्षेत्रमा लगानी

**कृषी तथा खाद्य सुरक्षा**

· व्यवस्थित कृषी हाट बजार
· कृषी उत्पादनको अर्ग्यानिक आउटलेट व्यवस्थापन
· आधुनिक कृषी प्रणालीको प्रवर्द्धन
· हावापानी सुहाउँदो खेती प्रणाली विस्तार
· स्कुस पकेट क्षेत्र निर्धारण तथा प्रभावकारी कार्यान्वयन
· स्थानीयस्तरमा कृषी प्राविधिक जनशक्ति तयारी
· ट्राउट माछा पालन
· पशुपालन
· पशुपालन प्रवर्द्धन
· गोठ सुधार कार्यक्रम
· अण्डा उत्पादन तथा बजारीकरण
· नश्लसुधार एवम् पशुपालन प्रविधि विकास
· पशुबीमा कार्यक्रम

**स्वास्थ्य**

· अर्ग्यानिक खाद्यन्न प्रवर्द्धन तथा विस्तार
· निशुल्क औषधी खरिद तथा आपूर्ति व्यवस्थापन
· नसर्ने रोगहरू बारे अध्ययन अनुसन्धान र न्यूनीकरणका लागि सचेतना
· स्वास्थ्य बीमा सर्वसुलभ र पहुँचमा सहजता
· खानपानी तथा जीवनशैली परिवर्तनका लागि सचेतना
· सूर्तिजन्य एवम् मादक पदार्थको प्रयोगमा रोकथाम
· महिला स्वास्थ्य स्वयम सेविकाहरूलाई क्षमता विकास तथा आवश्यक न्यूनतम सामग्री व्यवस्थापन
· स्थानीय विद्यालयहरूको पूर्वाधार विस्तार तथा स्तरवृद्धि
· विषयगत शिक्षकको दरबन्दी परिपूर्ति
· आधारभूत तहको शैक्षिक पाठ्यक्रम अंग्रेजी माध्यमबाट अध्यापन गराउन पहल
· विद्यार्थी र शिक्षक अनुपातमा औचित्यता हेरी मर्ज रणनीति अपनाउने
